**प्रशासनिक गतिविधि :** जिल्ला विकास समितिको कार्यालय स्थानीय निकाय तर्फका कर्मचारीहरुको आ.व. २०७१।०७२ मा दरवन्दी संख्या एवं रिक्त दरवन्दी पूर्ति गर्ने कार्य स्थगितनै रह्यो । यस आ.व.मा थपघट केही गरिएन । जिविसको निजामती सेवा तर्फ योजना अनुगमन तथा प्रशासकीय अधिकृत, लेखापाल लगायत गाविस सचिव तर्फ कुल ३० वटा गाविसको लागि स्वीकृत गाविस सचिवको दरवन्दी मध्ये केही सरुवा भई वाहिर जिल्लामा गए भने केहि लोकसेवा आयोगवाट सिफारिश भई आएका र कार्यरत कर्मचारी गाविस सचिवहरु कार्य क्षमताको आधारमा वढुवा भएका छन् । जो तपसिल अनुसार छन् ।

**तपसिल**

१. पूर्व योजना अनुगमन तथा प्रशासकीय अधिकृत दुर्गाप्रसाद चालिसे संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा सरुवा भई रिक्त रहेको सो पदमा भोलाप्रसाद चापागाईं सरुवा भई आउनु भएकोले उक्त पद निरन्तर पूर्ति रहेको ।

२. यस कार्यालयको साधारण तर्फका लेखापाल चित्रवहादुर थापा सरुवा भई जादा रिक्त रहेको लेखापाल पदमा यसै जिल्लाको जिल्ला वन कार्यालयवाट कार्य सम्पादन मूल्याकंनको आधारमा वढुवा भई थिरप्रसाद रेग्मी पदस्थापना हुनु भएको छ।

३. गाविस सचिव तर्फ रिक्त ना.सु. स्तरको दरवन्दीमा लोकसेवा आयोग मध्यपश्चिाञ्चल क्षेत्रीय कार्यालय सुर्खेतवाट श्री पंकजाकुमारी जोशी सिफारिश भई आउनु भएको ।

४. गाविस सचिव खरिदार स्तरको पदमा शैलेन्द्र थापा जिल्ला प्रशासन कार्यालय, कालिकोटवाट सरुवा भई यस कार्यालय अन्तरगत गाविस सचिवमा कार्यरत रहनु भएको ।

५. गाविस सचिव आदीप्रसाद न्यौपाने खरिदार स्तरको पदवाट कार्य सम्पादन मूल्यांकनको आधारमा वढुवा भई ना.सु. स्तरको पदमा जिल्ला शिक्षा कार्यालयकालिकोटमा हाजिर हुनु भएको छ ।

६. गाविस सचिव टोपवहादुर शाही खरिदार स्तरको पदवाट कार्य सम्पादन मूल्यांकनको आधारमा वढुवा भई ना.सु. स्तरको पदमा जिल्ला हुलाक कार्यालय कालिकोट जानु जानु भएको ।

७. गाविस सचिव नवराज वम खरिदार स्तरको पदवाट कार्य सम्पादन मूल्यांकनको आधारमा वढुवा भई ना.सु. स्तरको पदमा जिल्ला प्रशासन कार्यालय कालिकोटमा हाजीर हुन भएको ।

८. यस कार्यालय अन्तरगत गाविस सचिव पद (नासु) मा कार्यरत रामहरि अधिकारीको मिति २०७२।१।१६ गते असमायिक निधन भएको ।

**जिविस वैठक :** यस आ.व. २०७१।०७२ मा जिविस वोर्ड वैठक ३० वटा गरिएको थियो जसमध्ये सो अवधिका महत्वपूर्ण निर्णयहरुको सारांश तपसिल वमोजिम छन् ।

१. यस कार्यालयलाई सम्वन्धित मन्त्रालय वा अन्य निकायवाट प्राप्त भएको थप अख्तियारी वजेटको वाँडफाँड गरियो जसमा विशेष गरी जिल्ला विकास समिति अनुदान र ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम शीर्षक तर्फ थप अख्तियारी वजेट प्राप्त भएको थियो । जुन शीर्षकमा नयाँ योजना छनौट नगरी साविककै क्रमागत योजनालाई वजेट थप गर्दा सम्पन्न हुन्छन भने त्यस्ता योजना सम्पन्न गर्ने तर्फ उच्च प्राथमिकता दिई अन्यलाई पनि क्रमागतरुपमा संचालन गर्ने गरी थप वजेट विनियोजन गरियो ।

२. स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम तर्फ रु ६० लाख वजेट अख्तियारी प्राप्त भई सोही वमोजिम वजेट विनियोजन भएकोमा पछि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट रु ७५ लाख थप वजेट प्राप्त भएको र ग्रामीण पहुँच कार्यक्रम तेश्रो (RAP-3)वाट पनि रु. ३४ लाख समेत गरी थप गरी कुल रु. १ करोड ६९ लाख वजेट प्राप्त भएकाले अन्य योजनलाई यथावत राखी जिल्ला अस्पताल चौर देखि रेंगिल सम्मको सडकमा १ करोड ८८ लाख रुपैया विनियोजन गरी ठेक्का आब्हान गरिएकोमा उक्त ठेक्कामा ४७ प्रतिशतले कम रकममा ठेक्का कवोल गरेकाले सोही अनुरुप संभौता गरी उक्त सडकलाई निरन्तरता दिने नीति लिएको छ भने उक्त ठेक्कामा घटीघटाउ हुन गई वाँकी रहेको वजेटवाट ग्रामीण पहुँच कार्यक्रम तेश्रो (RAP-3) को वजेटवाट ४ वटा सडकहरुमा विनियोज गरी सडक निर्माण कार्यलाई प्राथमिकता दिईएको छ । जिल्ला अस्पताल देखि रेंगिल सम्मको सडकले कर्णाली पारीका १७ गाविसका जनताहरुलाई अस्पताल सम्म आउन पायक पर्ने भन्ने मान्यताका आधारमा यस सडकलाई उच्च प्राथमिकता दिईएको हो ।

३. साना सिचाई कार्यक्रम (SIP) तर्फ आ.व. २०७१।०७२ सम्म ४१ वटा योजना छनौट भई सकेको, ती योजनाहरुको ल.ई., डिजाईन समेत भएको हुँदा चालु आ.व. २०७२।०७३ देखि उक्त योजनाहरुको समय सापेक्ष पुनः ल.ई. गरी कार्यान्वयन गर्ने उद्देश्य रहेको छ ।

४. आ.व. २०७२।०७३ देखि सिचाई, खानेपानी, ग्रामीण सडकहरुमा सर्वप्रथम छनौट भएका योजनाहरुको सम्पूर्ण सर्भे, ल.ई., डिजाईन गर्ने र सोको आधारमा सवै भन्दा पहिला सम्पन्न हुने योजनालाई सम्पन्न गर्दै आगामी दिनमा योजना संख्या घटाउदै, वजेट वढाउदै जाने नीति लिएको छ । यसवाट वजेट छर्ने र कुनै पनि योजना सम्पन्न नहुने, थोरै थोरै वजेट सवै योजनामा विनियोजन गर्ने परिपाटीको अन्त्य हुने अपेक्षा गरिएको छ ।

**१८ औं जिल्ला परिषद सम्पन्न :** मिति २०७१/९/२५ मा गाविसको गाउँ परिषद सम्पन्न गर्ने, मिति २०७१/१०/०५ मा इलाका स्तरीय गोष्ठीसम्पन गर्ने गरी कार्यक्रम तयार भई मिति २०७१ माघ २८ गते १८ औं जिल्ला परिषद सम्पन्न गर्ने भनी मिति २०७१/८/१२ मा सर्वदलिय वैठकवाट निर्णय भए अनुरुप २०७१ माघ २८ गते अठारऔं जिल्ला परिषद भव्यरुपले सम्पन्न भयो । उक्त जिल्ला परिषदको समुदघाट्न माननीय उप प्रधान एवं संघीय मामिला तथा स्थानीय विकास मन्त्री प्रकाशमान सिंहले गर्नु भएको थियो । उदघाट्न सत्र सोही दिन सम्पन्न गरी २०७१ माघ २९ गते स्थानीय जनताहरुका राय, सुझावहरु संकलन गर्दै १८ औं जिल्ला परिषदको समापन गरियो । वास्तवमा वर्तमान समयमा निर्वाचित जनप्रतिनिधिहरु स्थानीय निकायमा नभएको अवस्थामा जिल्ला परिषदको उदघाट्न सत्र अघि नै धेरै विषयमा विषयगत तथा एकीकृत योजना तर्जुमा समितिको वैठकमा छलफल हुने भएकाले परिषद्को उदघाट्न सत्रलाई जिल्लाको वजेट तथा कार्यक्रम सार्वजनिक गर्ने परम्परा प्राय देशका अधिकांश जिल्लामा रहेको पाईन्छ । त्यसैले यहाँ पनि माघ २९ गते स्थानीय जनता भेला भई राय, सुझावमात्र संकलन गरिएको हुँदा अव देखि जिल्ला परिषदमा जिल्लाको नीति, वजेट तथा कार्यक्रम सार्वजनिक गर्ने, अन्य जिविसहरुको परम्परालाई यस कालिकोट जिल्लामा पनि लागू गर्दै छिटो छरितो, मितव्ययी र प्रभावकारी परिषद संचालन गर्नुपर्छ भन्ने विषयमा राजनीतिक दलहरु वीच समझदारी कायम भएको छ । आ.व. २०७१।०७२ मा कुल ५१ करोड ६३ लाख ४४ हजार वजेट अनुमान गरिएकोमा जिविसलाई रु ६५ करोड २ लाख पाच हजार सात सय तीस रुपैयाको अख्तियारी प्राप्त भएकोमा रु ५९ करोड २९ लाख २८ हजार ६ सय ८० रुपैया खर्च भई जम्मा रु. ५ करोड ७२ लाख ७७ हजार ५० रुपैया फ्रिज हुन पुगेको छ । कुल वजेटको ९१.१९ प्रतिशत खर्च भएको छ । सोको विस्तृत विवरण जिविसको अख्तियारी, वजेट विनियोजन र खर्च शीर्षकमा देखाईएको छ ।

**जिल्ला परिषदवाट प्रशंसापत्र वितरण** : १८ औं जिल्ला परिषद् २०७१ माघ २८ गते समुदघाटन् भएकै दिनमा जिविस एवं गाविसका कर्मचारी, समाजसेवी, शिक्षक, निजामती कर्मचारी लगायत संचार क्षेत्रमा काम गर्ने महानुभावहरुलाई समेत समेटी प्रशंसा पत्र वितरण एवं सम्मान गर्ने काम सम्पन्न भएको थियो । उक्त पुरस्कार वितरण गर्ने कार्यले कर्मचारी, समाजसेवी एवं पत्रकारहरुको मनोवल उच्च राख्न मद्दत गर्ने विश्वास छ । जसको विवरण तपसिल वमोजिम उल्लेख गरीएको छ ।

**तपसिल**

| पद, पदाधिकारी | नाम, थर | ठेगाना | कैफियत |
|---|---|---|---|
| पूर्व सहायक मन्त्री | श्री धर्मदत्त उपाध्याय | स्यूना, कालिकोट | समाज सेवा |
| पूर्व जिविस सदस्य | श्री विष्णुवहादुर शाही | दाँहा ३, कालिकोट | |
| | श्री जोरासिह ऐडी | नानीकोट, कालिकोट | |
| प्र.ना.उ. | श्री लक्ष्मण गुरुङ्ग | जिल्ला प्रहरी कार्यालय कालिकोट | प्रहरी सेवा तफ |
| प्रहरी हवल्दार | श्री मोतिलाल चौधरी | जिल्ला प्रहरी कार्यालय कालिकोट | जिल्ला प्रहरी कार्यालय |
| जिल्ला निर्वाचन अधिकृत | श्री जितवहादुर शाही | जिल्ला निर्वाचन कार्यालय | |
| ना.सु. | श्री भक्तवहादुर मल्ल | जिल्ला खानेपानी तथा स.स.डि.कार्यालय, कालिकोट | निजामती सेवा तर्फ |
| खरिदार | श्री प्रेमवहादुर विष्ट | जिल्ला प्रशासन कार्यालय, कालिकोट | |
| प्रा.स. | श्री नेत्रवहादुर शाही | जिल्ला पशु सेवा कार्यालय, कालिकोट | |
| प्रा.स. | श्री जसीप्रसाद चौलागाई | श्री जिल्ला शिक्षा कार्यालय, कालिकोट | |
| खरिदार (गाविस सचिव) | श्री कल्पनाकुमारी थापा | श्री राचुली गाविसको कार्यालय, कालिकोट | |

| पद, पदाधिकारी | नाम, थर | ठेगाना | कैफियत |
|---|---|---|---|
| ना.सु. | श्री प्रवलजंग शाही | जिल्ला विकास समितिको कार्यालय, कालिकोट | स्थानीय निकाय तर्फ |
| लेखापाल | श्री डिल्लीराम शर्मा | जिल्ला विकास समितिको कार्यालय, कालिकोट | |
| कार्यालय सहयोगी | श्री जसी दमाइ | जिल्ला विकास समितिको कार्यालय, कालिकोट | |
| संवाददाता | श्री विष्णु न्यौपाने | गोरखापत्र दैनिक | संचारकर्मि |
| संवाददाता | श्री रत्न कार्की | कर्णाली पाईला साप्ताहिक | |
| शिक्षक (मावि) | श्री सवराज वम | पंचदेव उमावि मान्म, कालिकोट | शिक्षक सेवा |
| जिल्ला संयोजक | श्री लेखनाथ खरेल | हेल्भेटास नेपाल, कालिकोट | गैसस तर्फ |
| कार्यक्रम संयोजक | श्री जगदिश्वरी शाही | ग्रामीण विकास नेपाल, कालिकोट | |
| केन्द्र प्रमुख | श्री डवल अधिकारी | आखाँ उपचार केन्द्र, कालिकोट | |
| | श्री गोरखवहादुर शाही | राष्ट्रिय वाणिज्य वैंक मान्म शाखा, कालिकोट | संस्थान तर्फ |
| सि.अ.हे.व. | श्री रुपा भण्डारी | जिल्ला स्वास्थ्य कार्यालय, कालिकोट | स्वास्थ्यकर्मी तफ |
| कार्यालय सहयोगी | श्री हजा भारती | जिल्ला स्वास्थ्य कार्यालय, कालिकोट | |
| अगुवा कृषक | श्री माधव उपाध्याय | अगुवा कृषक समुह | कृषक समुह |
| शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय जुम्ला | | | कार्यालय तर्फ |

**सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न** : स्थानीय निकायका गतिविधि जनता साम पुऱ्याउन र जनताका राय सुझावहरु संकलन गरी भावी दिनको योजना तर्जुमा, कार्यान्वयन अनुगमन तथा मूल्यांकन कार्यलाई प्रभावकारी वनाउन प्रत्येक चौमासिक अवधिमा सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था अनुरुप २०७१ श्रावण ९ गते र २०७२ आषाढ १८ गते सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भयो । यसमा जनताका विभिन्न राय, सुझाव संकलन गरी महत्वपूर्ण सुझावहरुलाई पुष्टपोषणकोरुपमा ग्रहण गरिने छ ।

**लेखापरीक्षण कार्यक्रम सम्पन्न :** आ.व. २०७०/०७१ मा जिविस कालिकोटमा भए गरेका आम्दानी खर्चको नियमितता, मितव्ययीता, कार्य क्षमता, प्रभावकारीता र औचित्य समेतेको आधारमा महालेखा परीक्षकको कार्यालयवाट खटिई आएका डोरवाट २०७१/०५/२२ मा यस जिल्लामा आई २०७१ असोज ५ गते देखि ८ गते सम्म जिविसको अन्तिम लेखापरीक्षण गर्ने कार्य सम्पन्न भयो । देशका ५ वटा जिल्ला विकास समितिमा कार्यमूलक लेखापरीक्षण भएको थियो । जस मध्ये जिविस कालिकोट पनि एक हो ।

**न्यूनत शर्त तथा कार्य सम्पादन मापन (MCPM**) : संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय वित्तीय आयोगवाट MCPM को स्थलगत मूल्यांकनको लागि वित्तीय व्यवस्थापन विज्ञश्री मदनराज मिश्र र स्थानीय शासन विज्ञ श्री युवराज भट्टराई दुई जनाको टोली २०७१ कार्तिक २६ गते आई मिति २०७१/७-२७ देखि २०७१/०८-०१ गते सम्म कार्य सम्पादन मूल्याङ्कन भएको थियो । उक्त टोलीले न्यूनत शर्त MCका १३ सूचकहरु र कार्य सम्पादन मापन PMका ४६ वटा सूचकहरुमा कार्यालयका श्रेस्ता र स्थलगत अनुगमन समेत गरी मूल्यांकन गरेको थियो । उक्त समयमा आ.व. २०७०/०७१ को अवधिमा भए/गरेका कामको मूल्यांकन गरिएको र उक्त MCPM को नतिजा अनुसार जिविस कालिकोटले ४१ अंक ल्याई ७५ जिल्ला मध्ये ६५ औं स्थानमा रहेको छ । MCPM मा उष्कृष्ट अंक ल्याउन सकेमा २० प्रतिशत थप अनुदान, मध्यम भएमा १५ प्रतिशत थप अनुदान र उत्तिर्ण भएमा १० प्रतिशत थप अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ । त्यसैले केन्द्रवाट प्राप्त हुने अनुदान वढी ल्याउन र आफ्नो जिल्लाको क्षमता उच्च देखाउन जिविसका कर्मचारी र यसमा संलग्न क्रियासिल दलका प्रतिनिधिहरुले सक्रियरुपमा एकजुट भई काम गर्नुपर्ने देखिन्छ ।

**सामाजिक सुरक्षा भत्ता वितरण :** आ.व. २०७१/०७२ को लागि सामाजिक सुरक्षा शीर्षक (जेष्ठ नागरिक, एकल महिला, अशक्त, अपांग र वालपोषण) मा कुल रु १४ करोड ७६ लाख ३ हजार ७ सय २० रुपैया अख्तियारी प्राप्त भएकोमा रु १४ करोड १७ लाख २२ हजार ६०० खर्च भई वाँकी रकम रु ५८ लाख ८० हजार ४ सय २० फ्रिज हुन गएको थियो । मान्म गाविसले पेश्की फिकीसमयमा वितरण नगरेको र पेश्की फिर्ता समेत नभएको कारणवाट आ.व. २०७१/०७२ मा वालपोषण शीर्षकवाट कालिकोट जिल्लाका सवै गाविसका वालवालिकाहरुलाई भने डेढ महिनाको रकम उपलब्ध गराउन सकिएन ।

त्यसैले सामाजिक सुरक्षामा प्राप्त हुने रकमलाई प्रभावकारीरुपमा सम्वन्धित व्यक्तिलाई समयमै उपलब्ध गराउन जिविस परिवार आगामी दिनमा सक्रिय रहनेछ । यसमा स्थानीय राजनितिक दल, समाजसेवी, वुद्धिजिवी सवैको सक्रिय सहयोगको अपेक्षा गरिएको छ ।

**पंजिकरण (जन्म, मृत्यु, विवाह, सम्वन्ध विच्छेद र वसाई सराई)** : व्यक्तिको जीवनमा घट्ने पाँचवटा महत्वपूर्ण घटनाले राज्यको योजना तर्जुमा र कार्यान्वयनमा समेत गम्भीर असर पार्दछ । त्यसैले यी पाँचवटा घटनाको दर्ता गरी तथ्यांक विश्लेषण गरी योजना तर्जुमामा ध्यान पुऱ्याउने गरिन्छ । त्यसैले २०७१ सालमा कालिकोट जिल्लामा यी ५ वटा घटनाको अवस्था के छ भन्ने विवरणलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

**२०७१ सालको घटना दर्ता सम्वन्धी विवरण**

| सि.नं. | गाविसको नाम | जन्म दर्ता | | मृत्य दर्ता | | विवाह दर्ता | वसाई सराई | | सम्वन्ध विच्छेद |
|---|---|---|---|---|---|---|---|---|---|
| | | म. | पु. | म. | पु. | | गएको | आएको | |
| १ | भर्ता | २९९ | २६६ | ७ | १४ | २१ | ६ | ० | ० |
| २ | मान्म | २९८ | ३८७ | १६ | ३६ | ९२ | ५ | २ | ० |
| ३ | राँचली | ७९ | १०५ | ३ | ५ | ८ | १० | २ | ० |
| ४ | जुबिथा | ५५ | ८० | ५ | १० | २४ | ११ | ० | ० |
| ५ | चिलखाया | १०७ | ९८ | ७ | ९ | १५ | १३ | ० | ० |
| ६ | फोईमहादेब | १२६ | १६० | २ | १६ | २४ | १२ | १ | ० |
| ७ | पाखा | ५९ | ४० | ३ | ८ | ११ | २२ | ० | ० |
| ८ | गेला | १५० | २१० | ५ | ९ | ११ | ४२ | ० | ० |
| ९ | छाप्रे | १४३ | २४७ | २ | ३ | ३ | ७१ | १६ | ० |
| १० | कालिका (मुग्राहा) | १८८ | १२७ | ४ | १५ | ९ | ० | ० | ० |
| ११ | मेहलमुडी | १६३ | १७३ | १ | ४ | २६ | ४२ | ४ | ० |
| १२ | मुम्रा | २३ | १६ | ३ | २ | २ | १ | ० | ० |
| १३ | ओदानकु | ९० | ६० | १० | ७ | १९ | ५ | ० | ० |
| १४ | सुकाटीया | २५३ | २४६ | ४ | ८ | १६ | ० | ० | २ |
| १५ | दाहाँ | १८४ | १९८ | ५ | १२ | ४६ | १५ | १ | ० |
| १६ | रकु | १९४ | २९० | ९ | २१ | ६८ | ९ | १ | ० |
| १७ | सिपखान | १७२ | १५४ | ३५ | १६ | १८ | ७ | ० | ० |
| १८ | कुमालगाउँ | ७९ | ७४ | ० | १ | १८ | ३ | ० | ० |
| १९ | रुप्सा | १९५ | १९३ | २ | ७ | २५ | २ | ० | ० |
| २० | मालकोट | १५० | १५४ | ७ | ४ | ३१ | १ | ० | ० |
| २१ | लालु | १७६ | २१० | ८ | २२ | ५८ | ३१ | ० | ० |
| २२ | कोटबाडा | १५४ | १९५ | २ | १८ | २० | १७ | ३ | ० |
| २३ | थिर्पु | ४० | ६३ | ४ | ८ | ४ | २२ | ० | ० |
| २४ | धौलागोह | १९ | २३ | १ | २ | ७ | १६ | ० | ० |
| २५ | खिन | १४१ | १७० | ४ | १० | १८ | ३७ | २ | ० |
| २६ | बदलकोट | १७१ | १६४ | ० | ७ | १६ | ९ | ० | ० |
| २७ | स्युना | २९० | ३०७ | १८ | ३० | ६१ | २ | ० | ० |
| २८ | फुकोट | ३४० | ३२७ | ५ | २ | ६७ | ९ | २ | ० |
| २९ | नानिकोट | १५७ | १७६ | २ | ९ | ३१ | ९ | ० | ० |
| ३० | राम्नाकोट | ५८ | ८१ | ६ | १५ | २१ | २१ | ५ | ० |
| | जम्मा | ४५५३ | ४९९४ | १८० | ३३० | ७९० | ४५० | ३९ | २ |

यसमा एक वर्षको अवधिमा सम्वन्धित व्यक्तिले उक्त घटनाहरु कुनै घट्न गएमा सम्वन्धित गाविसमा घटना घटेको ३५ दिन भित्र घटना दर्ता गराउनु प्रत्येक नागरिकको कर्तब्य हो । यदी कसैले घटना दर्ता नगराएमा यथार्थ तथ्यांक उपलब्ध हुदैन । त्यसैले उपर्युक्त कुनै पनि घटना आफ्नो परिवारमा घटना साथ ३५ दिन भित्र सम्वन्धित गाविस वा नगरपालिकामा घटना दर्ता गराउनु पर्दछ । जन्म दर्ता प्रमाण पत्र नभएमा विद्यालय भर्ना गर्न नमिल्ने र वालपोषण भत्ता पनि नमिल्ने हुँदा जन्म दर्तालाई उच्च प्राथमिकता दिई दर्ता गराउने गरेको पाईन्छ भने अन्य घटनाहरु व्यक्तिले आफुलाई जतिखेर आवश्यक पर्छ त्यतिखेर दर्ता गराउने भएकाले उक्त अवधिको उक्त तथ्यांक यथार्थ र वास्तविक हो भन्न नसएिकता पनि विगत २/३ वर्षको घटना दर्ताको तथ्यांकन अध्ययन गरेमा हाम्रो समाजको अवस्थाका वारेमा यथार्थता र वास्तविकताको नजिक जान सकिन्छ ।

**विकासका गतिविधि :** समाजमा हुने सकारात्मक परिवर्तनलाई विकास भनिन्छ । सामान्यतः विकासलाई दुई भागमा वाडेर हेरिन्छ । भौतिक विकास र मानसिक विकास । जिल्ला विकास समितिवाट दुवै विकासका पक्षलाई संगसंगै लिएर गर्ने गरिन्छ । भौतिक विकास तर्फ वाटो-घाटो, पुल-पुलेसा, भवन, खानेपानी, पशु पंक्षी पालन आदि पर्दछन भने मानसिक विकास तर्फ विभिन्न तालिम, गोष्ठि, सडक नाटक, अन्तरक्रियाका कार्यक्रमहरु पर्दछन् । जिल्ला विकास समिति आफैले सम्पादन गरेका भौतिक विकासका गतिविधिलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

**आ.व. २०७१/०७२ मा जिविसवाट प्राप्त वजेट र खर्चको विवरण**

| सि.नं. | कार्यक्रमको नाम | वार्षिक बजेट | खर्च | बांकी (फ्रिज) | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| १ | गाविस अनुदान | ७१३७१.०० | ७००७८.३६ | १२९२.६४ | ९८.१९% |
| २ | सामाजिक सुरक्षा | १४७६०३.०२ | १४१७२२.६० | ५८८०.४२ | ९६.०२% |
| ३ | साना सिचाई | ४७००.०० | ४७००.०० | ०.०० | १००.००% |
| ४ | स्थानीय यातायातक्षेत्रगत | १३५००.०० | १३०२२.६६ | ४७७.३४ | ९६.४६% |
| ५ | LGCDP | १५०१२.६० | १४८४८.६० | १६४.०० | ९८.९१% |
| ६ | ग्रामीण खानेपानी | ९११४.०० | ८६७०.०५ | ४४३.९५ | ९५.१३% |
| ७ | RCIW | १३२४०.०० | १३२४०.०० | ०.०० | १००.००% |
| ८ | फो.पु. क्षेत्रगत कार्यक्रम | ६४००.०० | ४४१७.९० | १९८२.१० | ६९.०३% |
| ९ | कर्णाली रोजगार कार्यक्रम | ८६२००.०० | ८६१९९.९० | ०.१० | १००.००% |
| १० | आदीवासी जनजाती | १००.०० | १००.०० | ०.०० | १००.००% |
| ११ | दलित | २७५.०० | २७५.०० | ०.०० | १००.००% |
| १२ | ग्रमिण पहुच कार्यक्रम | ३४००.०० | २३५५.४३ | १०४४.५७ | ६९.२८% |
| १३ | संस्कृति प्रर्वद्धन कार्यक्रम | ३४००.०० | २९००.०० | ५००.०० | ८५.२९% |
| १४ | नेपाल जलवायु परितर्वन सहयोग कार्यक्रम | ३३१०२.०० | २८४५५.७७ | ४६४६.२३ | ८५.९६% |
| १५ | WUPAP | ४५४५६.०० | ४३८२५.०४ | १६३०.९६ | ९६.४१% |
| १६ | शान्तिका लागि विकास | ५१३०.०० | ४४८५.२३ | ६४४.७७ | ८७.४३% |
| १७ | पुननिर्माण | ८४९०.०० | ८१७०.३५ | ३१९.६५ | ९६.२३% |
| १८ | जिविस अनुदान (जनसहभागिता सहित) | ४२७२२.०० | ४०४०३.७५ | २३१८.२५ | ९४.५७% |
| १९ | निर्वाचन क्षेत्र विकास कार्यक्रम | १३०००.०० | १३०००.०० | ०.०० | १००.००% |
| २० | विद्युत रोयल्टी | १९४२.०० | १९४२.०० | ०.०० | १००.००% |
| २१ | स्थानीय वित्तिय आयोग | २६१.०० | २६१.०० | ०.०० | १००.००% |
| २२ | ड्रिल्प कार्यक्रम | ९३९६५.०० | ६१८०६.४१ | ३२१५८.५९ | ६५.७८% |
| २३ | दुर्गम क्षेत्र विकास समिति | ५७६२.२९ | ५७५९.६९ | २.६० | ९९.९५% |
| २४ | आर्थिक केन्द्र तथा दुई जिला जोडने सडक | ६३६२.०० | ६३६२.०० | ०.०० | १००.००% |
| २५ | गरिबसंग विश्वेश्वर कार्यक्रम | ३९५.०० | ३९५.०० | ०.०० | १००.००% |

| सि.नं. | कार्यक्रमको नाम | वार्षिक बजेट | खर्च | बांकी (फिज) | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| २६ | जिल्ला उर्जा शाखा | ६०७७.१२ | ४८२६.९२ | १२५०.२० | ७९.४३% |
| २७ | राष्ट्रिय युवा परिचालन कार्यक्रम | ६८०.०० | ६८०.०० | ०.०० | १००.००% |
| २८ | सहकारी तथा गरिबी निवारण मन्त्रालय | ५०.०० | ५०.०० | ०.०० | १००.००% |
| २९ | वादी सामुदायक उत्थान विकास समिति | २००.०० | २००.०० | ०.०० | १००.००% |
| ३० | स्थानीय शान्ति समिति | ६६०.०० | ६६०.०० | ०.०० | १००.००% |
| ३१ | गरिबी निवारण कोष | १५१४.०३ | १३४५.०३ | १६९.०० | ८८.८४% |
| ३२ | भ्मो.पु. क्षेत्रगत कार्यक्रम (RAP) | ७४८८.०० | ५१३६.३२ | २३५१.६८ | ६८.५९% |
| ३३ | जिविस आन्तरी कोष | १०५४.२२ | १०५४.२२ | ०.०० | १००.००% |
| ३४ | राजश्व वाडफाड मालपोत | १५७९.४५ | १५७९.४५ | ०.०० | १००.००% |
| | **जम्मा** | **६५०२०५.७३** | **५९२९२८.६८** | **५७२७७.०५** | ९१.१९% |

यी माथिका कार्यक्रमहरुलाई शीर्षकगतरुपमा तपसिल वमोजिम प्रस्तुत गरिएको छ । जसवाट कुन कार्यक्रमको कति वजेत प्राप्त भएको छ । के के योजनाहरु छन्? कहाँ कहाँ संचालन भएक छन ? कुन योजनाका कति वजेट विनियोजन भएको छ ? भन्ने कुराहरुको यथार्थ जानकारी प्राप्त हुन्छ ।

## स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP)

**पृष्ठभूमी :** समुदायमा विभिन्न सेवा सुविधाबाट बञ्चितिकरणमा परेका दलित, जनजाति/आदिबासी, पछाडि पारिएको वर्गलाई विकासको मूलप्रवाहमा ल्याउन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) दोस्रो चरणलाई राष्ट्रिय ढाँचाको रुपमा विकास गरेको छ। जबसम्म स्थानीय सरकारको नेतृत्वमा सेवा प्रदायक निकायहरु आफुले समुदायलाई प्रदान गरेको सेवाप्रति पारदर्शीता र जवाफदेही हुदैनन् तबसम्म वास्तविक रुपमा शासन व्यवस्था स्थापना हुन सक्दैन भन्ने मान्यताका आधारमा यो कार्यक्रम संचालन भइरहेको छ। सरकार, स्थानीय निकाय र विभिन्न विकास साझेदार निकायहरुबाट समुदायलाई प्रवाह गरिने सेवा तथा सुविधाहरुलाई सजिलो र प्रभावकारी बनाउनु र उक्त कुरा प्राप्त गर्नका लागि समुदाय स्वयंलाई सशक्तिकरणको माध्यबाट जिम्मेवार बनाउनु यस कार्यक्रमको मुल उद्देश्य रहेको छ।

**उद्देश्य :** स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको मुख्य उद्देश्य समुदायमा रहेका अति विपन्न, पछाडि पारिएका र पहुँच विहिन समुदायलाई रुपान्त्रणिय विधिबाट शसक्तीकरण गर्दै विकासको मुलधारमा लैजाने र समुदायमा संचालन हुने विभिन्न निकायका कार्यक्रम तथा आयोजनाहरुको प्रादर्शिता, जवाफदेहिता, समुदायको पहुँच विस्तार गर्नु हो।

**मुख्य उपलब्धीहरु :**

- वडा नागरिक मन्च तथा नगारिक सचेतना केन्द्रमा स्थानीय जनता आबद्ध भई १४ चरण एकिक्रत योजना तर्जुमा कार्यलाई कार्यन्वयन।
- रुपान्त्रणीय सामजिक विधिबाट समुदाय स्तरमा नयाँ ज्ञान शीप र प्रबिधि हस्तानन्त्रण भई उनीहरुको सामाजिक तथा आर्थिक क्षेत्रमा पहुँच विस्तार।
- आयोजना प्रति आपनत्वपन भई आयोजना संन्चालनमा पारदर्शिता, जवाफदेहिता र समाबेशी र दिगोपन हुनु।
- लक्षित बर्गमा बजेट बिनियोजित भई उनीहरुको माग बमोजिम योजना छनौट तथा सन्चालन।
- स्थानीय निकायको क्षमता बिकास भई नेतृत्व बिकास तथा शसक्तीकरण।

**उपलब्धी नं.१**

Citizens and Community organizations are empowered to actively participate and assert their rights in local governance.

**सामाजिक परिचालनको व्यबस्थापन** :जिल्ला विकास समितिको कार्यालय कालिकोटले स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अर्न्तगत स्थानीय सुशासन कार्यक्रम लगायत लैगिक समानता र सामाजिक समावेशीकरण, बातावरण मैत्री स्थानीय शासन, बाल मैत्री स्थानीय शासन, जस्ता कार्यक्रम रुपान्तरणीय बिधि अनुसार सामाजिक परिचालन मार्फत स्थानीय स्वायत शासन ऐन, २०५५ र नियमावली, २०५६ लगायत संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालयबाट जारी भएका परिपत्र तथा निर्देशिका नियमावली अनुसार जिल्लाका सबै गा.वि.स.हरुमा सामाजिक परीचालकहरु पदपूर्ति भई कार्यक्रम संचालन गरिरहेका छन। यस आ.व. मा नागरिक सचेतना केन्द्रका सदस्यहरुको जिविकोपार्जन सुधार योजनालाई व्यवसाय योजना बनाई सफतापूर्वक जिविकोपार्जन सुधार कार्यक्रम सन्चालन गरेका छन र नागरिक सचेतना केन्द्रमा १६ वटा साना पूर्वाधार योजनाहरु सन्चालन गरी कार्य सम्पनन गएिका छन। विभिन्न विकास कार्यक्रमका साझेदारहरुद्धारा संचालन भइरहेका सामाजिक परिचालन गतिविधिहरुलाई LGCDP कार्यक्रमको नियम र एकद्वार प्रणाली भित्र ल्याउन समन्वय गरी सामाजिक परिचालनका कार्यहरु सन्चालन गरिरहेका छन। सामाजिक परिचालकहरुले गरेका कार्य यस प्रकारका छन।

- गाविस अनुदानबाट संचालन हुने विभिन्न आयोजना तथा कार्यक्रमहरुको कार्यन्यवनमा उपभोक्ता समिति गठन गरी कार्य सम्पन्न पश्चात सार्वजानिक सुनुवाई तथालेखाजोखा गरेर कार्य फरफारक सम्पन्न।
- विभिन्न लक्षित समूहको कार्यक्रमहरुको प्रस्तावना तयार गराई कार्यक्रम संचालन सम्बन्धी सहजिकरण साथै कार्य सम्पन्न।
- बाल पोषण तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा सहजिकरण।
- भाईटल रजिष्टेशन काममा सहजिकरण गरी मासिक तथा बार्षिक प्रगति तयार।

- जलवायु परिवर्तन अनुकुलन गाविस स्तरीय कार्ययोजना तयारीमा सहयोग ।
- नागरिक सचेतना केन्द्रमा आएका सवालहरुको सहजिकरण तथा सम्वोधन।
- ३० वटा नागरिक सचेतना केन्द्रहरुको परिपक्वता मापन कार्य सम्पन्न ।
- लक्षित समूहका बालबालिका,महिला र अपाङ्गहरुको चेतना विकास तालिममा सहजिकरण ।
- गाविस अनुदानबाट संचालन भएका कार्यक्रम तथा आयोजनाहरुको अनुगमन मूल्याकंन कार्यमा सहजिकरण ।
- जिल्ला महिला पश्वचित्र तयार गर्न तत्थ्याँक संकलन र निर्वाचनका तत्थ्याँक संकलन ।
- गरिबी घरधूरी पहिचान र गरिबीका अन्तरनिहित तत्थ्याँक विश्लेषण गरी सामाजिक स्रोत नक्सांकन तयार ।
- मौसमी स्वाइनफ्लू सम्वन्धी जनचेतना कार्यक्रम सन्चालनमा सहजिकरण ।
- पाँखा गाबिसलाई बाल बिवाह मुक्त गाबिस घोषणना गर्न सफल ।
- गाबिसहरुमा न्यूनतम शर्त तथा कार्य सम्पादन मापनका सूचकहरुमा सहजिकरण ।

**वडा नागरिक मञ्च :** यस आ.व.सम्ममा जिल्लाका ३० गाविसका २७० वटा वडाहरुमा वडा नागरिक मञ्च गठन भई स्थानीय स्तरमा कार्य सन्चालन गर्ने क्रममा उनीहरुको सक्रियता उल्लेख्य रहेको छ जसमा २६९४ महिला र ४०११ पुरुष गरी ६७०५ रहेका छन । यस आ.व.मा ९४ वडा नागरिक मञ्चहरु पूनर्गठन गरिएका छन् । यस आ.व.को गाउँ परिषदहरुमा वडा नागरीक मञ्बाट सिफारीश गरिएका ९५३ वटा योजनाहरुमध्ये करिव २३२ वटा योजनाहरु स्वीकृत भई गाउँ विकास क्षेत्रमा कार्यान्वयनमा आएका छन् । अन्य विकासे साझेदार निकायहरुले योजना तर्जुमा प्रक्रियालाई अवलम्वन गर्ने परीपाटीको विकास भएसंगै करिव १४७ वटा योजनाहरु अन्य निकायबाट सिफारीश भई कार्यन्वयण गरिएका छन् । साथै स्थानीय स्तरमा सन्चालित कार्यक्रमको वडा नागरिक मञ्चका सदस्यहरुले अनुगमन मूल्याँकन समेत गरेका छन ।







**साना पूर्वाधार योजना कार्यन्वयन:** नागरिक सचेतना केन्द्रका सदस्यहहरुले आफनै नेतृत्वमा जीवनस्तर माथि उठानका लागि जीविकोपार्जन सुधार योजनामा सहायोग पुऱ्याउन यस आ.व.मा १६ वटा साना पूर्वाधार योजनाहरु समुदाय स्तरमा संचालन गरी कार्य सम्पन्न गरिएका छन । जसमा अत्यन्तै पारदर्शीता र दिगोपन देखिएको छ ।

| सि नं | आयोजना तथा कार्यक्रमको नाम | आयोजना वा कार्यक्रम स्थल | इकाई | लक्ष्य | लाभान्वित जनसंख्या | LGCDP अनुदान | अन्य अनुदान | नासकेको लागत | जम्मा अनुदान | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | रुवाडी खोल्स देखि छबिसेवडा हुदै वुढाढुगा सम्मा सिचाई कुलो निर्माण | सिपखाना १ | वटा | १ | १७५ | ३१५ | ० | ६३ | ३७८ | १००% |
| २ | तरकारी तथा फलफुल खेतीको लागि टनेल तथा पोलिहाउस निर्माण | मेहलमुडी ६ | वटा | १ | १२५ | ३१५ | ० | ६३ | ३७८ | १००% |
| ३ | टुसिकोट सिचाई पोखरी निर्माण | कालिका ४-६ | वटा | १ | ४१२ | ३१५ | ० | ६३ | ३७८ | १००% |
| ४ | सुधारिएको बाखाको खोर निर्माण | गेला वडा नं ६,७ | वटा | १५ | ४५० | ३१५ | ० | ६३ | ३७८ | १००% |
| ५ | मौरी पालानको लागि घार निर्माण | थिर्पु वडा नं २-४ | वटा | २५ | १६४ | ३१५ | ० | ६३ | ३७८ | १००% |
| ६ | मुलखोला देखि कुटसल्ला सम्मा सिचाई कुलो निर्माण | रकु वडा नं ३ | वटा | १ | १६९ | ३१५ | ० | ६३ | ३७८ | १००% |
| ७ | आयआर्जनको लागि तरकारी तथा फलफुल संकलन केन्द्र निर्माण | मुम्रा वडा नं | वटा | १ | १५२ | ३१५ | ० | ६३ | ३७८ | १००% |
| ८ | गौमुखा सिचाई पोखरी निर्माण | मान्म वडा नं २ | वटा | १ | ३२६ | ३१५ | ० | ६३ | ३७८ | १००% |

| सि नं | आयोजना तथा कार्यक्रमको नाम | आयोजना वा कार्यक्रम स्थल | इकाई | लक्ष्य | लाभान्वित जनसंख्या | LGCDP अनुदान | अन्य अनुदान | नासकेको लागत | जम्मा अनुदान | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | रहादेब सिचाई पोखरी निर्माण | पाँखा वडा नं ८ | वटा | १ | १८२ | ३१५ | ० | ६३ | ३७८ | १००% |
| १० | मौरी पालनको लागि घार निर्माण | छाप्रे वडा नं २ | वटा | ३० | १२७ | ३१५ | ० | ६३ | ३७८ | १००% |
| ११ | मौरी पालनको लागि घार निर्माण | जुबिथा वडा नं | वटा | २५ | २०६ | ३१५ | ० | ६३ | ३७८ | १००% |
| १२ | थोपा सिचाई तथा पोलीहउस निर्माण | ओदनकु वडा नं १ | वटा | २५ | १७३ | ३१५ | ० | ६३ | ३७८ | १००% |
| १३ | ओखलडाडा चौथीकोट सिचाई पोखरी निर्माण | कोटवाडा नं ८ | वटा | १ | ३८४ | ३१५ | ० | ६३ | ३७८ | १००% |
| १४ | सिचाई पोखरी निर्माण | सुकाटीया वडा नं ३ | वटा | १ | २८८ | ३१५ | ० | ६३ | ३७८ | १००% |
| १५ | सुधारिएको बाखाको खोर निर्माण | भर्ता वडा नं ७ | वटा | १५ | १०३ | ३१५ | ० | ६३ | ३७८ | १००% |
| १६ | सुधारिएको बाखाको खोर निर्माण | दाहाँ वडा नं ६ | वटा | १२ | २५० | ३१५ | ० | ६३ | ३७८ | १००% |
| | जम्मा | | | | ३६८६ | ५०४० | ० | १००८ | ६४४८ | |

**नागरिक सचेतना केन्द्र :** जिल्लाका ३० वटा गाविसहरुमा नागरिक सचेतना केन्द्रहरु स्थापना गरिएका छन् । जसमा महिला ६५२ र पुरुष २०३ रहेका छन । नागरिक सचेतना केन्द्रहरुमा उनीहरुको क्षमता अभिावृद्धिका लागि यस आ.व.मा १३८६ रिफ्लेक्ट कक्षाहरु संचालन भई करिव ८४० वटा सवालहरु सम्वोधन गरिएका छन । नागरिक सचेतना केन्द्रहरुमा मुख्य रुपमा पूर्ण सरसफाई, महिला हिंशा तथा अधिकार, लैङ्गिकअधिकार,बाल अधिकार तथा बालविवाह, छुवाछुत छाउपडी, खोप, भ्काडापखाला, कुपोषण, पोषण, व्यक्तिगत, घरायासी र वातावरणीय सरसफाई, लगायतका सवालहरुमा छलफल भई सुधार उन्मुख भईरहेको छ । ३० वटा नागरिक सचेतना केन्द्रहरुको परिपक्वता मापन गरियो र नागरिक सचेतना केन्द्रका ६६ जना सदस्यहरुलाई शहकारीको सेयर तथा बचत सदस्यको रुपमा समाबेश गरिएको छ ।







**जिविकोपार्जन सुधार योजना कार्यन्वयन:** नागरिक सचेतना केन्द्रका सदस्यहहरुको जीवनस्तर माथि उठानका लागि जीविकोपार्जन सुधार योजना संचालन गरिएका छन । यस आ.व.मा ७ वटा नागरिक सचेतना केन्द्रहरुमा जिविकोपार्नन सुधार योजना लागु गरिएका छन । यस योजना अन्तर्गत नागरिक सचेतना केन्द्रले सदस्यहरुलाई घुम्तिकोषको अवधारणा बमोजिम ऋण उपलव्ध गराउँछ । हाल ३० वटा नागरिक सचेतना केन्द्रका सदस्यहरुले उक्त घुम्ति ऋणबाट बाखापालन, कुखुरापालन र खुद्रा व्यपार योजनाहरु संचालनमा गरिरहेका छन ।

| गाविस/नपा | वडा नं. | नासकेको नाम | ब्यवसाय | ब्यवसायको लगानी विवरण | | ब्याज दर प्रतिशत | ब्यवसायको अवस्था | | मासिक औसत आम्दानी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | LGCDP अनुदान | ब्यवसायीको लगानी रु. | | स.संख्या | नि. सं | |
| चिलखाया | ४,५ | बासुधारा ना.स.के. | वाखा पालन | १००००० | १५०००० | २४ | ५ | ० | ५००० |
| गेल | ६,७ | लालिगुराँसा ना.स.के. | वाखा पालन | १००००० | १४०००० | १२ | ५ | ० | ६००० |
| कालिका | ४,५,६ | गणेश महादेब ना.स.के. | वाखा पालन | १००००० | १५०००० | ६ | ५ | ० | ६००० |
| रकु | ३ | चन्द्रज्योती ना.स.के. | वाखा पालन | १००००० | १२०००० | १२ | ५ | ० | ५००० |
| छाप्रे | २ | छेडामालिका ना.स.के. | वाखा पालन | १००००० | १२५००० | १२ | ५ | ० | ५००० |
| सुकाटिया | ३ | कुलदेब ना.स.के. | व्यापार | १००००० | १५६००० | १२ | ६ | ० | ६००० |
| लालु | १ | चौथा ना.स.के. | वाखा पालन | १००००० | १५०००० | ६ | ५ | ० | ५००० |

| गाविस/नपा | वडा नं. | नासकेको नाम | व्यवसाय | व्यवसायको लगानी विवरण | | ब्याज दर प्रतिशत | व्यवसायको अवस्था | | मासिक औसत आम्दानी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | LGCDP अनुदान | व्यवसायीको लगानी रु. | | स.संख्या | नि. सं | |
| राम्नाकोट | | पातला झरना ना.स.के. | वाखा पालन | १००००० | २००००० | ७ | ५ | ० | ६००० |
| राँचुली | | महादेब ना.स.के. | वाखा पालन | १००००० | १५०००० | १२ | ५ | ० | ५००० |
| कोटबडा | | चौथीकोट ना.स.के. | वाखा पालन | १००००० | १५१००० | ० | ५ | ० | ६००० |
| मुम्रा | १,६,८ | बडिमालिका ना.स.के. | वाखा पालन | १००००० | १५०००० | १२ | ५ | ० | ५००० |
| भर्ता | ६ | देउतीकोट ना.स.के. | वाखा पालन | १००००० | १२५००० | १२ | ५ | ० | ६००० |
| खिन | १ | चौधरी ना.स.के. | वाखा पालन | १००००० | १४७००० | १२ | ५ | ० | ५००० |
| सिपखना | १ | ढिगेल्नी ना.स.के. | वाखा पालन | १००००० | १०५००० | ६ | ६ | ० | ६५०० |
| मेहेलमुडी | ६ | पिपल चौधरी ना.स.के. | वाखा पालन | १००००० | ११०००० | ६ | ५ | ० | ५००० |
| थिर्पु | | चुलाकोट ना.स.के. | कुखुरा पालन | १००००० | १३५००० | ० | ९ | ० | ५००० |
| फोईमहादेब | १ | मालिका ना.स.के. | वाखा पालन | १००००० | १००००० | १२ | ५ | ० | ५००० |
| रुप्सा | ७ | नुवादेब ना.स.के. | वाखा पालन | १००००० | १३०००० | १२ | ५ | ० | ५००० |
| धौलागोह | ७ | ना.स.के. | ना.स.के. | १००००० | १२५००० | १२ | ५ | ० | ६००० |
| नानीकोट | २ | तोलीभिड कालिका ना.स.के. | वाखा पालन | १००००० | १००००० | १२ | ५ | ० | ५००० |
| फुकोट | ५ र ६ | नागरिक सचेतना केन्द्र | वाखा पालन | १००००० | १००००० | ० | १० | ० | ५००० |
| कुमाल गाउँ | ७ | जनजागारण ना.स.के. | वाखा पालन | १००००० | १०५००० | १२ | ५ | ० | ५००० |
| मालकोट | ६ | नागरिक सचेतना केन्द्र | व्यापार | १००००० | १००००० | १२ | ५ | ० | ६००० |
| स्युना | | बडिमालिका ना.स.के. | | १००००० | १००००० | | | | |
| बदलकोट | | गणतन्त्र ना.स.के. | वाखा पालन | १००००० | १००००० | १२ | ५ | ० | ५००० |
| दाहँ | ६ | किलास्युनी ना.स.के. | वाखा पालन | १००००० | १००००० | १२ | ५ | ० | ५००० |
| ओदानकु | १ | एल्खेसल्ला ना.स.के. | वाखा पालन | १००००० | १२५००० | १२ | ५ | ० | ५००० |
| पाखा | | चोभेटा ना.स.के. | वाखा पालन | १००००० | १००००० | १२ | ५ | ० | ५००० |
| मान्म | २ | जाम्न ना.स.के. | वाखा पालन | १००००० | १००००० | १२ | ५ | ० | ४००० |
| जुबिथा | | सत्यदेबी ना.स.के. | वाखा पालन | १००००० | १२५००० | १२ | ५ | ० | ६००० |
| | | | जम्मा | ३०००००० | ३७७४००० | | | | १४९५०० |

**सामाजिक परिचालनको समन्वय :** यस आ.व. मा सामाजिक परिचालनको माध्यमबाट गाविसमा बसोबास गर्ने लक्षित समुदायहरुलाई विकासका गतिविधिहरुप्रति सक्रिय गराउने काम भएको छ भने अन्य विकास साझेदारहरुका कार्यरत सामाजिक परिचालकहरुसंग छलफल भई कमर्यक्रमलाई सफल एंव एकरुपता गराउने गरेको छ । सामाजिक परीचालनको माध्यमबाट रिफ्लेक्ट कक्षाहरु संचालन गरी समाजमा भएका विद्यमान गलत र भ्रामक प्रकृतिका परम्पराहरुलाई विस्तारै कमजोर गराउने कार्यलाई निरन्तरता दिइएको छ ।

## उपलब्धी नं. २

- **पारदर्शिता र जवाफदेहीताका उपायहरुः** यस आ.व.मा ३० गाविसमा संचालन गरिएका भौतिक पूर्वाधार योजनाहरुको ११ पटक सार्वजनिक सुनुवाई कार्यक्रमरु संचालन गरिएका छन् भने २३२ वटा योजनाहरुको सार्बजनिक परीक्षण लगायतका गतिविधिहरु संचालन गरेका छन । साथै जिल्ला विकास समिति कालिकोटद्वारा जिबिस अनुदान तर्फका २५ वटा योजना र अन्य योजनाहरुको सार्वजनिक परीक्षण गरिएको र यस बर्षमा दुई पटक सार्वजनिक सुनुवाई गरी सकेका छन । जिल्ला स्तरीय संयुक्त अनुगमन समिति र गाबिस स्तरीय नागरिक मन्चका सदस्य सहितको अनुगमन समिति गठन गरी स्थानीय निकायबाट सन्चालित बिभिन्न योजनाहरुको स्थलगत तथा कार्यगत अनुगमन तथा मूल्यंकन गरेर प्रगति प्रतिवेदन पेश गरिएका छन् र अनुगमन तथा मूल्यंकनका सूचकहरु तयार गरी प्रशिक्षण समेत गरिएका छन ।
- **सूचना, शिक्षा तथा सञ्चारका कृयाकलापहरु :**यस आ.व.मा सर्वसाधारणलाई स्थानीय निकायका विभिन्न गतिविधिहरु बारे सूचना प्रभाहको लागि सूचना अधिकारी तोकी सर्वसाधारणलाई जानकारी गराईरहेको छ । साथै स्थानीय निकायका विभिन्न गतिविधिहरुलाई सार्वजनिक रुपमा सूचनाहरु सम्प्रेषण गर्न स्थानीय रेडियो र पत्रपत्रिका मार्फत प्रसारण गरिएको छ । गाउँ परिषद तथा जिल्ला परिषदहरु संचालनका लागि सार्वजनिक सूचनाहरु, सामाजिक सुरक्षा भत्ता वितरण र अध्यवधिक सूचना, उपभोक्ता गठन, सम्झौता र गाबिसहरुको न्यूनतम शर्त तथा कार्य सम्पादन मापन कार्यका सूचनाहरु स्थानीय रेडियो र पत्रपत्रिका मार्फत प्रसारण गरिएका छन । जिल्लाको चौमासिक तथा बार्षिक प्रगति र अन्य गतिविधिहरु वेवसाईट र बुलेटिनको रुपमा प्रकाशन गरिएको छ ।

**उपलब्धी नं.३**

- **न्यूनतम शर्त तथा कार्य सम्पादन मापनको नतिजा अनुसार जिल्लाको विगत ३ वर्षको अवस्था::** जिल्ला विकास समिति कालिकोटले विगत ३ वर्षमा हाँसिल गरेको न्यूनतम शर्त तथा कार्यसम्पादन मूल्यांकन नतिजा र प्राप्त अनुदानको अवस्थालाई तपशील बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

| सि.नं. | विवरण | आर्थिक वर्ष | | |
|---|---|---|---|---|
| | | २०६७।६८ | २०६८।६९ | २०६९।७० |
| १ | न्यूनतम् शर्त | पुरा नभएको | पुरा भएको | पुरा भएको |
| २ | कार्यसम्पादन मापनमा प्राप्तांक | ४० | ५१ | ४९ |
| ३ | कार्यसम्पादनका सबै क्षेत्रमा | असफल भएको | असफल भएको | सफल भएको |
| ४ | केन्द्रिय निशर्त अनुदानः | १००% | ४०% | ४०% |

साथै जिल्लाका तीसवटै गाविसहरुको न्यूनतम शर्त तथा कार्यसम्पादन मूल्यांकन गरिदै आइरहेको छ । आ.व. २०७०/०७१ मा जिल्लाका ३० वटा गाविसहरु मध्ये १९ वटा गाविसहरु न्युनतम शर्तमा सफल र बाँकी ११ गाविसहरु असफल भएका छन भने २३ वटा गाविसहरुले मात्र कार्यसम्पादन मापन कार्य गरेकोमा २० सफल र बाँकी ३ गाविसहरु असफल भएका छन ।

- **आन्तरिक आय स्रोत संकलन तथा परिचालनको तुलनात्मक अवस्था बिश्लेषणः**बिगत बर्ष देखि जिल्ला विकास समिति तथा गाउँ विकास समितिहरुको आन्तरिक आय स्रोत संकलन कार्य योजनावद्ध रुपमा अघि बढ्न नसकेको र यस वर्ष जिल्ला विकास समितिको आन्तरिक आय स्रोत गत बर्षको भन्दा १०% ले बृद्धि भएको छ । मान्म गाविसको पनि आन्तरिक आय स्रोत गत बर्षको भन्दा १०% ले बृद्धि भएको छ ।

**उपलब्धि नं.४**

- **स्थानीय निकायको खरिद योजना (Procurement Plan) को अवस्थाको बिश्लेषणः**यस आ.व.मा जिल्ला विकास समिति कालिकोटले सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ को अनुसुची ७१ बमोजिमको जिल्ला विकास समितिले खरिद योजना वनाएर प्रयोगमा ल्याएको छ । योजनाको नाम, व.शि नं., लागत अनुमान, खरिद विधि, खरिद समभ्रौताको किसिम, सम्भाव्यता अध्ययन तथा डिजाईन गर्ने मिति, लागत अनुमान स्वीकृत मिति, वोलपत्रकागजात स्वीकृत मिति, बोलपत्र आह्वानको सूचना मिति, बोलपत्र दाखिला तथा खोल्ने मिति, सम्फौता हुने मिति र कार्य सम्पनन गर्नु पर्ने मिति जस्ता शीर्षकहरुको आधारमा खरिद योजना बनाएर वेवसाईटमा समेत राखी कार्यन्वयनमा ल्याइएको छ ।
- **गाबिसको Accounting software को अवस्थाः** यस आ.व.मा जिल्ला विकास समिति कालिकोटले स्थानीय शासन तथा सामसदाकि बिकास कार्यक्रमको आर्थिक सहयोगमा ७ दिने गाबिस सचिव, सहायक, प्राविधिकहरुलाई ७ दिने गाबिस **Accounting Software**सम्बन्धी तालिम सन्चालन गरी उनीहरुको क्षमता बिकासमा टेवा पुऱ्याउने कार्य गरेको छ । साथै उक्त तालिम पश्चात सबै गाबिसहरुले आ.व.२०७२/२०७३ देखि आफनो गाबिसमा **Accounting Software system** अनुसार श्रेस्ता राख्नको लागि निर्देशन पनि दिईएको छ ।
- **वित्तीय जोखिम न्युनिकरणका प्रयासहरुः** बिगत बर्षमा वित्तीय जोखिम न्यूनिकरणका लागि जिल्लामा योजनावद्ध रुपमा प्रयासहरुको थालनी नभएता पनि यस बर्ष वित्तीय जोखिम न्युनिकरणका कार्य योजना बनाई सो अनुसार कार्य गरेको र आर्थिक प्रशासन शाखाले बेरुजुको विवरणहरु अद्यावधिक गर्ने कार्य देखि सम्वन्धित पक्षलाई सचेत गराउने कार्यहरु भएका छन । समयमा नै आन्तरिक लेखा परीक्षणलाई सक्रिय गराई जिबिस र गाबिसहरुको आन्तरिक लेखा परीक्षण गरेको र सो आधारमा समयमा नै मलेप गरेको हुँदा वित्तीय जोखिममा न्यूनिकरण भएको छ ।

**उपलब्धि नं. ५**

- **क्षमता विकास योजनाको समीक्षा :** जिल्ला विकास समिति कालिकोटले क्षमता विकसा योजना तयार गरेको र यस आ.व. मा यसको समीक्षा र योजना अनुसारका समाजिक परिचालन, सूचनाको हक, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र लैङ्गिक बजेड परीक्षण, बाल मैत्री स्थानीय शासन, बाल भेला, गाबिसको लेखा सफ्टवेर समबन्धी तालिमहरु संचालन गरी सकेका छन् ।

- **सेवा प्रवाहमा प्रभावकारिताका नीतिगत प्रयासहरु** : राज्यबाट प्राप्त सेवा सुविधाहरुलाई समुदाय स्तरसम्म प्रभावकारी रुपमा प्रवाह गराउन यस आ.व.मा स्थानीय निकायहरु (जिविस र गाविसहरु) बाट भएका केही महत्वपूर्ण नीतिगत प्रयासहरुमध्ये गाविस सचिवहरुलाई अनिवार्य रुपमा गाविसमा बस्नु पर्ने, घुम्ति शिविर लगायत गा.वि.स.हरुमा संचालन हुने अन्य कार्यक्रमहरुसंग नियमित रुपमा समन्वय तथा सहजिकरण गर्ने जस्ता क्रियाकलापहरु संचालन भएका छन् ।
- **कार्यालयको भौतिक सामग्री तथा प्रविधिको अवस्था :** यस जिल्लाका प्रमुख समस्याहरु मध्येको एक कमजोर विद्युत उपलब्धता हो । जलविद्युत अभावका कारण अति आवश्यक पर्ने इमेल-इन्टरनेटको सहज पहुँच हुन सकेको छैन तापनि हाईब्रिड सोलार जडान गरी कार्यालयको अन्तर फाँट भित्र इमेल-इन्टरनेटको पहुँच बनाई पुऱ्याई Web Based Reporting System को शुरुवात भएको छ भने अर्को तिर जिल्लाको वेभसाइट अद्यावधिक र जिबिसको फेसबुक खोली प्रगति तथा सूचनाहरु सम्प्रेषणमा प्रभावकारीता आएको छ । स्थानीय निकायको क्षमता विकासका लागि जि.वि.स.का साझेदार संस्थाहरुसंग समन्वय गरिएको छ ।

**उपलब्धि नं. ६**

- **सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ताको प्रगति :** यस आ.व. मा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता जस्ता अति आवश्यक क्रियाकलापहरुलाई विगतका वर्षहरु भन्दा अलि व्यवस्थित बनाउन कम्प्युटर सूचना व्यवस्थापन प्रणालीको विकास गरिएको छ । सामाजिक सुरक्षा भत्ता पाउनेको बिवरण अनुसुची १० बमोजिम अद्यावधिक गरी जिबिसको Web Siteमा राखिएको छ भने मान्म गाविसमा जेष्ठ सामाजिक सुरक्षा भत्ता बितरण बैंङ्किक प्रणालीबाट उपलब्ध गराइएको छ । व्यक्तिगत घटना दर्ता अर्न्तगत जन्म दर्ता ९५४७, मृत्यू दर्ता ५१०, बिवाह दर्ता७९०, वसाई सराई ४५० र सम्बन्ध बिच्छेद २ जना यस बर्षमा भएको छ ।
- **सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेहरुको वर्गीकरण-** यस आ.व.मा जेष्ठ नागरिक ९८००, एकल महिला २००१ जना, आंशिक अपांग ७५ जना, पूर्ण अपांग २७२ जना र बालबालिका २८८२६ जनालाई सामाजिक सुरक्षा भत्ता प्रदान गरिएका छन ।

| **विवरण** | **संख्या** | | | **महिना** | **दर रु** | **वितरण गरिएको रकम** |
|---|---|---|---|---|---|---|
| | **महिला** | **पुरुष** | **जम्मा** | | | |
| जेष्ठ नागरिक (दलित) | ० | ० | ० | ० | ० | ० |
| जेष्ठ नागरिक (कर्णाली ) | ४८०२ | ४९९८ | ९८०० | १२ | ५०० | ५८८००००० |
| जेष्ठ नागरिक (अन्य ) | | | ० | ० | ० | ० |
| एकल महिला | | | ० | १२ | ५०० | ० |
| विधवा | २००१ | ० | २००१ | १२ | ५०० | १२००६००० |
| पूर्ण अशक्त अपागंता भएका व्यक्ति | १३९ | १३३ | २७२ | १२ | १००० | ३२६४००० |
| आशिंक अशक्त अपागंता भएका व्यक्ति | ३७ | ३८ | ७५ | १२ | ३०० | २७०००० |
| लोपोन्मूख आदीवासी । जनजाती | | | ० | ० | ० | ० |
| वालवालीका | १४१७८ | १४६४८ | २८८२६ | १०।५ | २०० | ६०५३४६०० |
| जम्मा | **२११५७** | **१९८१७** | **४०९७४** | | | **१३४८७४६००** |
| उपचार खर्च | १६२३ | १८०१ | ३४२४ | १ | २००० | ६८४८००० |
| कुल जम्मा | **२२७८०** | **२१६१८** | **४४३९८** | **१** | **२०००** | **१४१७२२६००** |

- **लक्षित बर्गको (महिला, बालबालिका तथा पिछडिएका नागरिक) योजनाहरुको अबस्था** : जिल्लामा लक्षित वर्गका नागरिकहरुको प्रत्यक्ष फाईदाका लागि जिबिसले महिलाको लागि रु ७,५२,०००। बालबालिकाको लागि रु ७,५२,०००। र पिछडिएका नागरिकको लागि रु ११,२८,०००। गा.बि.स.ले महिलाको लागि रु ४७४६०८०। बालबालिकाको लागि रु ५८६८८८०। पिछडिएका नागरिकको लागि रु ७३५८६८१। र कृषि वन वातावरणको लागि रु ६९११७४५। छुट्याई प्रायः सामुदायिक भवन, क्षमता विकास, परम्परागत सीप तथा संस्कृति संरक्षण, पूर्ण सरसफाईका लागि सचेतना अभिवृद्धि, सामाजिक जागरणका अभियानहरुमा खर्च गर्ने खालका क्रियाकलापहरु संचालन गरेका छन् ।

- **गुनासो सुनुवाईको अबस्था बिश्लेषण** : यस आ.व.मा गुनासो सुनुवाईलाई व्यवस्थित पार्न गुनासो सुन्ने अधिकारी तोकी प्रक्रियागत रुपमा अघि बढाउन कार्यालयमा एक गुनासो सुनुवाईको बाकस राखिएको छ । सो बाकसमा प्राप्त उजुरीहरु बारे छानबिन गरी लिखित तथा मौखिक जवाफ दिई न्यूनिकरण गर्ने प्रयास भएको छ ।
- **लैंगिक बजेट कार्यान्वयनको अबस्था:** यस आ.व.मा जिबिसले लैंगिक बजेट उत्तरदायी समन्वय समिति गठन गरी स्थानीय निकायहरुले न्यूनतम रुपमा महिलाहरुका लागि छुट्याउनु पर्ने बजेट छुट्याई उनीहरुको माग बमोजिम योजनाहरु सन्चालन गरेका छन् । जिबिसले लैंगिक बजेटको लेखाजोखा गरी प्रगति प्रतिबेदन तयार गरेको छ ।

**उपलब्धि नं. ७**

- **आवधिक तथा रणनीतिक योजना तर्जुमाको अवस्था,एकीकृत योजना तर्जुमा समितिको गठन तथा क्रियाशीलताको अवस्था:** यूनिसेफ नेपालको आर्थिक सहयोगमा जिबिस महासँघ र जिल्ला विकास समिति कालिकोटले ५ बर्षे जिल्ला आवधिक तथा रणनैतिक योजना तयार गरी जिल्ला स्थित सबै सरोकारवालाहरुले अनुमोदन गरेका छन । जिल्लाका ३० वटै गाविसहरुको आवधिक योजनाहरु तयार भई सो अनुसार कार्य भईरहेको र १० वटाको मात्र अद्यावधिक गर्ने कार्य भएका छन । जिल्ला विकास समिति तथा गाउँ विकास समितिहरुमा एकीकृत योजना तर्जुमा समितिहरुको गठन गरी योजना तर्जुमा प्रक्रियालाई प्रभवकारी रुपमा कार्यन्वयन गरिरहेका छन् ।
- **लैङ्गिक वजेट परीक्षण, लैङ्गिक उत्तरदायी वजेट तर्जुमा, सामाजिक समावेशीकरणका लागि भएका कामहरु, वालमैत्री स्थानीय शासन तर्फ भएका प्रयासहरु:** लैङ्गिक बजेट परीक्षण तथा लैङ्गिक उत्तरदायी बजेट तर्जुमाको अवधारणा अनुसार जिबिसले लैंगिक बजेट उत्तरदायी समन्वय समिति गठन गरीस्थानीय निकायहरुले न्युनतम रुपमा महिलाहरुका लागि छुट्याउनु पर्ने बजेट छुट्याई सोको उनीहरुको माग बमोजिम योजनाहरु सन्चालन भएका छन । जिबिसले लैंगिक बजेटको लेखाजोखा गरी प्रगति प्रतिबेदन तयार गरेको छ । जिल्लाका २० वटा गाविसहरुलाई बालमैत्री स्थानीय शासन युक्त गाविस घोषणा गर्न बालमैत्री स्थानीय शासनका ३९ वटा सूचकहरुमा बिभन्न सरोकारवालाहरुको समन्वयमा कार्यन्वयन भईरहेका छन । जिल्लाका सबै गाविसहरुमा बाल क्लवहरु गठन गरिएका छन भने जिल्ला स्तरमा जिल्ला बाल संजालको गठन गरिएको छ ।
- **बातावरण मैत्री स्थानीय शासन तथा वातावरणीय सुधार कृयाकलापहरु:** जिल्ला विकास समितिमा एक उर्जा तथा वातावरण शाखा स्थापना गरिएको छ । वातावरण संग सम्वन्धित दिवशहरु यस जिल्लामा पनि मनाउने गरिएको भएता पनि वातावरण संरक्षण सम्वन्धी गतिविधहरु विगत आ.व. हरुको तुलनामा वृद्धी हुदै गएको छ । जिल्लाका विभिन्न निकाय तथा संघसंस्थाहरु संघ साझेदारी गरी वातावरण तथा खानेपानी संग सम्वन्धित दिवशहरु मनाइएका छन ।
- **खुल्ला दिसा मुक्त जिल्ला, चेतनामुलक कार्यक्रमहरु:** जिल्लाका ३० वटै गाविसहरुमा चर्पी निर्माण गरी जिल्लालाई कर्णालीको पहिलो र नेपालको आठौं खुल्ला दिसा मुक्त जिल्ला घोषणा भएको छ । साथै पछिल्लो चरणमा गा.वि.स. तथा जिल्लालाई पूर्ण सरसफाई युक्त वनाउन जिल्ला पूर्ण सरसफाई योजना बनाई प्रवर्द्धनात्मक क्रियाकलापहरु संचालन भईरहेका छन् ।
- **जोखिम तथा प्रकोप न्युनिकरण, दैवी प्रकोप कोषको स्थापना:** जलवायु परिवर्तन सहयोग कार्यक्रमको सहयोगमा यस जिल्लाका केही गाविसहरुमा जलवायु परिवर्तन तथा अनुकुलन सम्बन्धी कार्यक्रहरु सन्चालन भइरहेका छन । जिल्ला दैविक प्रकोप उद्धार समितिको अगुवाईमा विपद पूर्व तयारी तथा प्रतिकार योजना निर्माण गरिएको छ ।सबै क्षेत्रगत कार्यालयहरुमा विपद सम्बन्धी सूचना तथा सम्पर्क व्यक्ति तोकिएको छ । जिल्लामा जोखिमवाट आउन सक्ने विपद प्रकोप व्यवस्थापन कोष स्थापना गरी सो कोषमा रु ५०,०००। जम्मा गरिएको छ ।
- **जिल्ला गरीवी अनुगमन तथा विश्लेषण DPMAS को प्रगति:** जिल्लामा यस सम्वन्धि कार्य भएको भएता पनि राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले नया निर्देशिका तयारी गर्ने सिलसिलामा भएका कारण अद्यावधिक हुन सकेको छैन ।
- **वडा नागरिक मञ्चवाट गरिएका पारदर्शीता, जवाफदेहीता र समन्वय सम्वन्धी क्रियाकलापहरु** : यस आ.व.मा गाउँ परिषदहरुमा वडा नागरीक मञ्बाट सिफारीश गरिएका ९५३ वटा योजनाहरुमध्ये करिव २३२ वटा योजनाहरु स्वीकृत भई गाउँ विकास क्षेत्रमा कार्यान्वयनमा आएका छन् । अन्य जि.वि.स.साझेदार निकायहरुले योजना तर्जुमा प्रक्रियालाई अवलम्वन गर्ने परीपाटीको विकास भई करिव १४७ वटा योजनाहरु अन्य निकायबाट सिफारीश भएर कार्यन्वयण गरिएका छन । साथै स्थानीय स्तरमा सन्चालित कार्यक्रमको वडा नागरिक मञ्चका सदस्यहरुले अनुगमन मूल्याँकन गरेर योजनाको सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण समेत गर्न लगाई योजना फरफराक गर्ने गरिएको छ ।
- **स्थानीय निकायले गरेका अन्य सकारात्मक अनुकरणीय कार्यहरु :**यस आ.व.मा स्थानीय निकायहरुबाट हुनुपर्ने नियमित कामहरु सँगै पाँखा गाबिसलाई बालबिवाह मुक्त गाबिस र सुकाटिया गाबिसलाई पूर्णसाक्षर गाबिस घोषणा गरीएको छ ।

## सफलताको कथा

**आफ्नै व्यवसायवाट मेहनेत गरे खान लाउन पुग्छ :**कालिका गा.वि.स. वडा न ४ बस्ने पुन्नकला महतारा १ छोरा, १ छोरी र आफु गरी जम्मा ३ जना परिवार छन । २०२१ सालमा दाहाँ गाविसमा जन्म भई २०३८ सालमा कालिकागाविसका श्री रतिमाने महतारासँग विवाह भई खेति किसान गरी जिविका चलाई रहेका थिए र मिति २०५६ सालमा श्रीमानको मृत्यु भएकाले एकल महिलाको रुपमा वस्नु परेको थियो । १ छोरा र १ छोरी जेन तेन घरमा पालन पोषण गरी आएकी थिईन् । गाउँमै ज्याला मजदुरी गरेर घर चलाई रहेकी थिईन् ।

केही वर्ष अघि उनले कालिका गाविसमै कमाई गरी ज्याला मजदुरी गरेर घर परिवरको पालन पोषण गरी आफ्नो जिविका निर्वाहा गरिरहेकी थिईन् । आफ्नो जमिन पनि धेरै नभएकाले पुन्नकला महतारा २०६७ सालमा LGCDP द्धारा संचालित गणेश महादेव नागरिक सचेतना केन्द्रमा आवद्धता भई नागरिक सचेतना केन्द्रकी सदस्य भएकी थिईन् । यिनी पहिले पढ्न लेख्न नसक्ने पुन्नकला अहिले पढन लेख्न सक्ने भएकी छन् । जिविकोपार्जन सुधार योजनाका लागि सहयोग वाख्रा पालन व्याबसाय मिति २०७० सालमा छनोट भई यिनलाई रु. २०,०००।- आयआर्जनका लागि दिईएको थियो र यो रकम पाउँदा उनीलाई निकै राहत भई उक्त कार्यक्रम वाट २०,०००।-को २ वटा वाखा किनेकी थिईन् र अहिले २ ओटा वाखाबाट २ ओटा पाठा विक्री गरी १०,०००।- आम्दानि गरेकी छन् र २ ओटा वाखा घरमा पालेकै छन । हाल मैले मेरो छोरा छोरीलाई आरामसँग कापी कलम किन्न र घर व्यवहार चलाएकी छु ।

मैलै व्यवसायिक रुपमा वाखा पालनलाई विस्तार गरी छोरा छोरीलाईलाई राम्रो शिक्षा दिलाउने र मेरो घर परिवार सजिलै संग खान लाउन कमि हुन दिने छैन । अवको १० वर्ष पछि मैले आफ्नो व्यवसायलाई अझ प्रभावकारी रुपमा विस्तार गरी छोरा र छोरीलाई सक्षम वनाउन चाहान्छौ । मैले मेरो जीवनको व्याक्तिगत चरित्र र अनुभवबाट आय आर्जन सम्वन्धी प्रर्दशन परीक्षण तालिम, आफ्नो सिप परीक्षण र आर्यआर्जन गर्ने अथवा नगद आम्दानी हुने खालका तालिम र प्रविधिक ज्ञान पुस्तक आदिवाट मैले आफ्नो क्षमतालाई विकास गर्न चाहान्छु । त्यसैले यस स्थानीय साशन तथा सामुदायिक विकास कार्यक्रमले गरिबी, विपन्न, एकल महिलाका लागि सहयोग गरेको छ । यो कार्यक्रम सधैं लागु होस् भनेर धन्यवाद दिएकी छन् ।

**संकलक :** लक्ष्मी कुमारी शाही **संस्था :** हिमालयन सामुदायिक श्रोत विकास केन्द्र कालिकोट **पद :** सा.प. (कालिका गाविस)

**गरे जे पनि हुन्छ नगरे केही पनि हुन्न :** कालिकोट जिल्लाको मान्म सदरमुकाम बाट ५ कोष टाढा रहेको भर्ता गाविसमा हिमालयन सामुदायिक श्रोत विकास केन्द्रको सहजीकरणमा संचालित स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत देउतीकोटमा गठित नागरिक सचेतना केन्द्र ७ मा २५ सदस्यीय अति विपन्न घरधुरी रहेको छ ।

विगतका अवस्था तथा दृश्य : मेरो नाम पुल्ती विक हो । म नागरिक सचेतना केन्द्रमा आवद्ध नहुँदाको अवस्था सामान्य थियो दैनिक छाक टार्न खेतमा दिनभरी कडा परिश्रम गर्नुपर्थ्यो । विहान बेलुका परिवारलाई खाना बनाउने र दिउसो खेतबारीमा काम गर्नु मेरो दैनिकी थियो । यस जिल्लाको ३० वटै गाविसमा संचालित स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम भर्ता गाविसमा पनि संचालित रहेको छ । अति विपन्न घरधुरी लिई नागरिक सचेतना केन्द्र गठन गर्ने र आयआर्जन क्रियाकलापका लागी केही रकम दिने कार्यक्रम अनुसार उक्त देउतीकोट नागरिक सचेतना केन्द्रमा आवद्ध भई उक्त CACमा आएको रु.१,००,०००/- पहिलो चरणमा ५ जनालाई वितरण गर्ने कार्यक्रम अनुसार ५ जना भित्र परी रु.२०,००० बाट व्यवसाय योजना बनाई ५ वटा बाखा खरिद गरी बाखापालन व्यवसाय शुरु गरे । उक्त व्यवसायबाट ५ वटा बाखाबाट ७ वटा बाखा भए र २ वटा बाखा बेची मैले रु.१०,००० आम्दानी गरी घरखर्च (लुगाफाटो, नुन, तेल, चिनी आदि) चलाए । यसप्रकार CACबाट उपलब्ध रकम फिर्ता गर्ने समेत सोच बनाएकी छु । स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत भर्ता गाविसको देउतीकोट नागरिक सचेतना केन्द्रमा आवद्ध भई विपन्न घरधुरी पहिचान गरी दिएको रकमबाट बाखापालन व्यवसाय गर्दा बाखापालन गर्न सजिलो, स्वास्थ्य स्वस्थ रहने र आम्दानी पनि हुने भएकाले मलाई घरखर्च चलाउन सहज भएको हो । यसवाट मलाई के सिकाई भएको छ भने कुनै पनि व्यवसाय गर्दा मन बचन र कर्मले काम गर्ने हो भने अवस्य सफलता पाईन्छ । समुदायका अति विपन्न घरधुरीलाई व्यवसाय संचालन गर्न रकम समेत उपलब्ध गराउँदा घरधान्न सहज भएको छ र मासिक बैठकमा उपस्थित भई आफ्ना कुरा राख्न, छलफल गर्न सकिने भएकी छु ।

**सङ्कलक** : दत्त बहादुर शाही **पद :** सामाजिक परिचालक, भर्ता **संस्था :** हिमालयन सामुदायिक श्रोत विकास केन्द्र कालिकोट

**सिकाईः**

- एकद्वार प्रणालीबाट कार्यक्रम संन्चालनमा एकरुपता भई डुप्लीकेशनमा कमी ।
- योजनाहरुको सार्बजनिक सुनवाई र लेखाजोखाले गर्दा पारदर्शिता र जवाफदेहीता कायम ।
- रिफलेक्ट कक्षाबाट सामाजिक बिसंगती तथा कुरीतिमा कमी भई सवालहरुको संम्वोधन ।
- सूचकहरु तयार गरी संयुक्त अनुगमन मूल्यंकन कार्यमा प्रभावकारीता ।
- नागरिक सचेतना केन्द्रबाट निर्माण गरेका साना पूर्वाधार कार्य परिणाममुखी र दिगोपान ।
- महिला शसक्तिकरण र जिम्मेवारी वोध ।

**सुझावः**

- साना पूर्वाधार र जिबिकोपार्जन कार्यक्रमा अनुदान बढाउनु पर्ने ।
- जिबिकोपार्जन कार्यमा नयाँ उत्पानमुखी प्रविधि हस्तान्त्रण गर्नु पर्ने ।
- नयाँ नागरिक सचेतना केन्द्र गठनमा बजारको पहुँच हनु पर्ने ।
- स्थानीय निकायको क्षमता बिकासमा जोड ।

## <u>ग्रामिण सामुदायिक पूर्वाधार विकास कार्यक्रम (RCIW)</u>

**परिचय :**नेपाल सरकार, विश्व बैक तथा विश्व खाद्य कार्यक्रमको संयुक्त सहयोगमा संचालित ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम नेपालको गरीबी निवारण कार्यक्रमहरु मध्ये एक प्रमुख कार्यक्रमको रुपमा परिचित छ । ul/aLsf]:t/df ;'wf/ ePtfklg xfn}ul/Psf]cWoog cg';f/ gkfnsf sl/a @% k|tzt hgtf /fli6«ul/aL /]vf -?= %# k|t lbg_ eGbf dlg /x]sf 5g\tyf sl/j !% k|tzt vfB c;'/lIft 5g\. b]zsf]dWo klZrd tyf ;b'/ klZrd kxf8L tyf lxdfnL lf]qdf vfB c;'/Iff clwstd /x]sf]5 hxf sl/j (,)),))) vfB c;'/lIft dflg; a;f]af; ub{5g\. o; lf]qsf] :yfgLo jflif{s vfBfGg pTkfbgn] tLg b]v 5 dlxgf;Dd dfq vfBfGgsf] dfu k'/f ub{5 tyf ul/aLsf] cj:yf s]xL lglZrt lf]qdf $@=@& k|tzt ;Dd /x]sf]5 . o; lf]qsf u|dL0f ;dbfon]vfB c;'/Iffdf k|efj kfg{ dVotM tLg k|sf/sf ;d:of Joxf]//x]sf 5g\.

- Goŭ s[if pTkfbg
- cfwf/e't k'jf{wf/sf]cefj
- hnjfo' kl/j tg{

vfB c;'/IffnfO{;Dj f]wg ug{gkfn ;/sf/, ;3Lo dfldnf tyf :yfgLo ljsf; dGqfno tyf ljZj vfB sfo{qmdsf] ;+oQm ;xofu]df u|dL0f ;fdbflos k'jf{wf/ ljsf; sfo{qmd -u|=;f=k'=lj=sf=_ ;+fng e}/x]sf]5 . ;g\!((% df ;'? ePsf]o; sfo{qmdn]vfB c;'/lIft kl/jf/x?nfO{vfB ;'/Iff k|bfg ug{lsl;dsf pTkfbgzLn k'jf{wf/ lgdf{0f ug{ sfo{df dxTjk0f{elŭdsf v]nb}cfPsf]5 . of]sfo{qmd gkfnsf]dWo klZrd tyf ;b'/ klZrd lf]qsf clt vfB c;'/lIft lhNnfx?df ;+flnt 5 .nllft ;dŭx?nfO{vfBfGg jf gubsf dfWodaf6 k|olf ;xofu kŭg]5 . lgdf{0f ul/Psf pTkfbgzLn u|dL0f k'jf{wf/x?n]s[if pTkfbg tyf cfocfh{gdf ;3fp k¥ofpg]5 / hnjfo' kl/j tg{sf sf/0f pTkGg k|tshtf ;xg ug{;Sg]lfdtfdf clej[4 ug{5 . o;k|sf/ u|=;f=k'=lj=sf= n]df};dL vfB Goŭtfnf0{ k'/f ug{ bL3{sfnLg vfB ;'/Iff k|ofe't ug{sf ;fy}u|dL0f ul/a ;dbfosf]cfly{s cj:yfdf ;'wf/ ug{5 . खाद्य सुरक्षाको दृष्टिकोणबाट असुरक्षित एवं जोखिम बिश्लेषण तथा मापन विधि (Vulnerability Analysis and Mapping, VAM) द्वारा निर्दिष्ट जिल्लाहरुमा यो कार्यक्रम लागू गरिएको छ । यसमा कालिकोट जिल्ला पनि पर्दछ । कालिकोट जिल्लाका अति पछाडी परेका, खाद्यान्न उत्पादन कम हुने, विकट गाविसहरुमा यो कार्यक्रम लागु भएको छ ।

**अवधारणा तथा रणनीति :**

- कार्यक्रमले गरीवी निवारणका आधारभूत उद्देश्यहरु एवं विकेन्द्रीकरणको सिद्धान्त अनुरुप कार्यक्रम तर्जुमा तथा संचालन गर्ने अवधारणालाई आत्मसात गरेको छ । लक्षित समूहलाई कार्यक्रमका उद्देश्यहरु हासिल गर्नआफ्नो समस्या आफै समाधान गर्न सक्ने क्षमताको विकास गर्न र सामुदायिक पूर्वाधारहरुको पहिचान, तर्जुमा, निर्णय, कार्यान्वयन तथा स्व-मूल्यांकन गर्न सक्ने क्षमताको अभिबृद्धि गर्न यो कार्यक्रमले मद्दत पुर्‍याउँछ ।
- कार्यक्रम अन्तर्गत निर्माण गरिने सामुदायिक पूर्वाधारहरु श्रममूलक (कम्तिमा ८०% देखि ९०% सम्म अदक्ष श्रम प्रयोग हुने स्थानीय सामाग्रीहरुको प्रयोगलाई प्रोत्साहित गर्ने तथा स्थानीय क्षमताले निर्माण र सम्भार गर्न सकिने खालका हुनेछन ।
- कार्यक्रमको कुनै पनि निर्माण कार्यमा विस्फोटक पदार्थ तथा डोजर जस्ता ठूला उपकरणहरुको प्रयोग नगरी श्रममूलक प्रविधि मार्फत लक्षित समूहलाई नै प्रत्यक्ष फाइदा प्रदान गरिने छ ।

**उद्देश्य :**

**दीर्घकालिन उद्देश्य :** स्थानीय स्वायत्त शासन सम्बन्धी नीतिगत व्यवस्था भित्र रही स्थानीय निकायको संस्थागत संरचनाबाटै गरीब ग्रामीण परिवारको दीर्घकालीन रुपमा खाद्य सुरक्षा स्थितिमा सुधार ल्याउन स्वावलम्बनको माध्यमद्वारा उत्पादनशील पूर्वाधार निर्माण गर्ने ।

**अल्पकालिन उद्देश्य**

- ग्रामीण परिवारहरुलाई दीर्घकालीन खाद्य सुरक्षा प्रदान गर्ने किसिमका उत्पादनशील पूर्वाधार खडा गर्न सक्दो सहयोग पु¥याउने ।
- गरीब ग्रामीण परिवारहरुको तत्कालिक खाद्यान्न आवश्यकतामा सुधार ल्याई जीवनयापनमा सहयोग गर्न ग्रामीण समुदायको र खासगरी महिला तथा विपन्न वर्ग र पिछडिएका समुदायको स्वावलम्वन र सशक्तिकरण क्षमताको अभिबृद्धि गर्ने ।
- जोखिम युक्त क्षेत्रमा प्राकृतिक प्रकोपबाट हुने क्षति न्यूनीकरण गर्ने ।

**कार्यक्षेत्र** : यस आर्थिक बर्षमा कालिकोट जिल्लाको राम्नाकोट, थिर्पु, खिन र धौलागोह गरी चारवटा गाविसहरुमा ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम सञ्चालित छन् ।

| सि. नं. | योजनाको विवरण | गाविस | खान्द्यान्न वितरण | निर्माण सामग्री खरिद, औजार ढुवानी, सडक सर्भे तथा दक्ष मिस्त्री ज्याला |
|---|---|---|---|---|
| १ | वाझकोट खार्दु ग्रामीण सडक | राम्नाकोट | ४६ मे.टन | ९.३० लाख |
| २ | खौला-माछापानी-पातीहाल्ना ग्रामीण सडक | थिर्पु | ४९ मे.टन | ९.३९ लाख |
| ३ | वुधु-छलाहा-जार्फे-वडी ग्रामीण सडक | खिन | ५१ मे.टन | १०.१२ लाख |
| ४ | मोहर-पुलाहा-छलाहा ग्रामीण सडक | धौलागोह | ८२ मे.टन | ११.०३ लाख |

## ग्रामीण पहुँच कार्यक्रम - तेश्रो(RAP -3)

**परिचय :** नेपाल सरकार र वेलायत सरकारको अन्तराष्ट्रिय विकास विभाग काठमाण्डौ विच भएको संम्झौता वमोजिम दुर्गम उच्च पहाडी जिल्ला हरुमा वसोवास गर्ने न्युन आय भएका विपन्न समुदायहरुलाई लक्षित गरी ग्रामीण पहुँच कार्यक्रम तेश्रो चरण अक्टोवर २०१३ वाट यस जिल्लामा संचालित छ ।

**नयाँ सडक निर्माण:**यो कार्यक्रमले जिल्ला यातायात गुरुयोजनामा प्राथमिकताका आधारमा छनौट भएका दुई वटा १) शान्निघाट-फुकोट-स्युना-सिपखाना जिल्ला सडक (१८ कि.मि.) र २) जारकोट-राम्नाकोट-थिर्पु- धौलागह सडक खण्डको जारकोट-राम्नाकोट सम्मको ५.५ कि.मि. जिल्ला सडक आयोजना गरी दुई वटा नयाँ सडकहरु निर्माण भइरहेका छन ।

| सि.नं. | कार्यक्रम विवरण | आ.व २०७१/२०७२ को वार्षिक वजेट | खर्च | प्रगति प्रशित |
|---|---|---|---|---|
| १ | सडक निमार्ण | | | |
| १.१ | (क) सान्नीघाट-सिपखाना १८ कि.मि (ल.इ रु.२३,२९,१७,१२४) | ६,४१,२५,०००.०० | ४,५७,४६,६९८.०० | ७१ |
| १.२ | (ख) जारकोट-राम्नाकोट ५.५ कि.मि (ल.इ रु. ९,२५,१९,५८५) | १,७८,१२,५००.०० | ५३,०५,०४७.०० | ३० |
| २ | सामाजिक आर्थिक विकास कार्यक्रम | ६३,०७,५००.०० | १३,२२,४४०.०० | २१ |
| ३ | वार्षिक सहयोग कार्यक्रम | १,०१५,०००.०० | ९,८३,५५४.०० | ९७ |
| ४ | जि.वि.स व्यवस्थापन खर्च | २००,८६०.०० | १,९१,९२०.०० | ९६ |
| ५ | भवन निमार्ण नयाँ (जिप्राका) | | | |
| ६ | झोलुङ्गे पुल (६ वटा) | ९,०८९,८८९.०० | ६१,५७,४७०.०० | ६८ |
| | **जम्मा** | **९,८५,५०,७४९.००** | **५,९७,०७,१२९.००** | **६१** |

### सडक निर्माण प्रगति

**सान्नीघाट -सिपखाना -१८ कि.मि**

- २.५ मि. ट्रयाक =१४.६३ कि.मि
- ३.५ मि. चौडा सडक =९.५७ कि.मि
- ४.५ मि. चौडा सडक =७.३३ कि.मि

**जारकोट-राम्नाकोट ५.५ कि.मि**

२.५ मि ट्रयाक= ५.२२ कि.मि
३.५ मि. चौडा सडक=० कि.मि
४.५ मि.चौडा सडक=० कि.मि

**क्षमता अभिवृद्धि :** जिल्ला विकास समितिको भाैतिक साथै कार्यरत कर्मचारीहरुको कार्य क्षमता वढाउने, आवश्यक भौतिक संरचना आवश्यक सामग्रीहरु र प्राविधिक तालिमहरुको व्यवस्था गरी सहयोगको सुदृढीकरण गर्दछ । जिल्ला यातायात गुरुयोजनालाई आधार वनाएर जिल्ला प्राविधिक कार्यलयलाई वार्षिक सडक सम्पती व्यवस्थापन योजना वनाउनमा प्राविधिक सहयोग गर्ने गर्दछ ।

- सडक निर्माण कार्यन्वयन-११ जना (१ दिने)
- सडक गुणस्तर व्यवस्थापन-११ जना (१ दिने)
- वायो इन्जिनियरिङ्ग-२ जना (२ दिने)
- अटोक्याड-७ जना (७ दिने)
- वार्षिक सडक सम्पति व्यपस्थापन योजना (ARAMP) निर्माणमा सहयोग

**सामाजिक आर्थिक विकास कार्यक्रम:**नँया सडक निर्माण कार्य सम्पन्न भए पश्चात पनि सडक निर्माण कार्यमा संलग्न विपन्न वर्गहलाई लक्षित निम्न कार्यक्रमहरु उनीहरुको दिर्घकालीन जिविकोपार्जनको लागि संचालित रहेका छन ।

**आर्य आर्जन:**ताजा तरकारी विउ विजन उत्पादन वाखा पालन फलफुल खेती, गैर काष्ठ पैदावर आदीमा उन्नत विधी को तालिम, विउ विजन, औजार सहयोग गरी उत्पादनमा वृद्धि गराउने तर्फ यो कार्यक्रम कायन्वयन भईरहेको छ ।

**वजार व्यवस्थापनः**वजारमुखी उत्पादन तर्फ जोड दिएको हुनाले पहिले कृषि उपज वस्तु हरुको वजारमा खपत हुने मात्राको उत्पादन गराईन्छ । विभिन्न कृषि, पशु, गैर काष्ठ पैदावर आय श्रोतको लागि वेग्लावेग्लै सेवा प्रदायक हरुद्धारा आवश्यक प्राविधक ज्ञान, सीप र आवश्यक सामाग्रीहरु लाभान्वित वर्गलाई उपलव्ध गराईन्छ ।

**झोलुङ्गे पुलः**उत्पादीत वस्तुहरु वजार सम्म पुऱ्याउन जुन ठाँउमा आवश्यकता देखिन्छ त्यस्ता संभावित आर्थिक लाभ पुग्ने ठाँउहरुमा झोलुङ्गे पुल निर्माण गरिन्छ ।

**सौर्य उर्जा :** वन जंगल संरक्षण गरि वातावरण लाई टेवा पुऱ्याउने । धुँवा वाट स्वास्थलाई हानी पुऱ्याउने विषयलाई मध्य नजर गरी यस कार्यक्रमले सौर्य उर्जा र सुधारिएको चुलो वारे जनचेतना जगाउन र प्रयोग गर्ने कार्यक्रम संचालित रहेका छन ।

**सडक निर्माण समुहको क्षमता अभिवृद्धि :** नँया सडक निर्माण वारे माटो काटि त्यसको उचित व्यवस्थापन, सुख्खा र ग्याविन पर्खाल तयार गर्ने र भुक्षय रोक्न सडकका छेउछाउमा घाँस, विरुवा वा रुख रोप्ने विधि वारे सडक निर्माण समुहलाई स्थलगत व्यवहारिक सीप सिकाईन्छ ।

**कार्यान्वयन पद्धति**

**(क) सहभागितामुलकः** स्थानीय सडक निर्माण समुह, उपभोक्ता र समन्वय समितिहरुको सहयोगमा र सहभागितामा कामको नापी प्रत्येक व्यक्तिको हातमाा ज्याला भुक्तानी, ज्याला भुक्तानी पछि प्रत्येक समुहहरुको ज्याला भुक्तानी पारदर्शी राख्न भुक्तानी लगत्तै सार्वजनिक लेखा परीक्षण गर्ने गरिन्छ ।

**(ख) वातावरण मैत्री पूर्णः** सडक निर्माण गर्दा वातावरण लाई प्रभाव नपार्न ठुला औजार जस्तै डोजर, स्काभेटर र ठुला ढुङ्गा फुटाउन वलास्टिङ्गहरुको प्रयोग गरिदैन ।

**(ग) विपन्न वर्ग तर्फ लक्षितः** सडक निर्माण कार्यको लागि विपन्न वर्गका समुदाय, महिला, तथा दलीतहरुको छनौट गरी उनीहरुको दीर्घकालिन जिविकोपार्जनलाई सहयोग पुऱ्याउछ ।

**सामाजिक तथा आर्थिक विकास कार्यक्रम (SED)**

**परिचय :** बेलायत सरकारको सहयोगमा संचालित ग्रामीण पहुँच कार्यक्रम तेश्रो (RAP3) चरण अर्न्तगत हेल्भेटास स्वीस इन्टरकोअपरेशन नेपालद्वारा कार्यान्वयन गरीएको सामाजिक-आर्थिक विकास कार्यक्रम (Socio Economic Development Programme)हो ।

**कार्यक्रमको अवधिः** डिसेम्वर, २०१३ देखि मार्च, २०१७
**कार्य क्षेत्र**ः स्यूनाः सिपखाना सडक खण्ड (१८ कि मी), जारकोट–राम्नाकोट सडक खण्ड(५.५ किमी)
**स्थानीय संस्थाः**ग्रामीण विकास तथा पर्यावरण संरक्षण मञ्च (भिडिसेफ) नेपाल, कालिकोट
**समाजिक परिचालनः**सडक निर्माण समुहः ६९ (स्यूना सिपखाना : ५४, जारकोट राम्नाकोट : १५, घरधुरी : १३१२) )
**सामाजिक आर्थिक विकास :**आयआर्जन समुहः २७ (स्यूना सिपखाना : २५, जारकोट राम्नाकोट : २, घरधुरी : ५४०)

**उद्देश्य :** बजार प्रणालीको अध्ययन्को आधारमा वहु सरोकारवालहरुसँग समन्वय गरी सामाजिक तथा आर्थिक बिकाससँग सम्वन्धित सवालहरुमा स्थानीय स्तरमा साझा अवधारणा तय गरी सहकार्यको माध्यमबाट सडक कोरिडोरमा पर्ने समुदायको जिवनस्तरमा सुधार ल्याउने र गरिबी न्यूनिकरण गर्ने प्रमुख उद्देश्य रहेको छ ।

**करिडोर योजना निर्माण**

- ४ वटा गाविसमा २ वटा कोरीडोर योजना निर्माण सम्पन्न
- (समुह, बजार क्षेत्र, गाविस स्तरमा करिडोर योजना निर्माणकालागि विभिन्न बैठक तथा छलफल)
- व्यवसाय संचालनका लागी कृषि सह क्षेत्र छनोट(ताजा तरकारी, विउ उत्पादन, वाखा पालन, फलफॅल, गैर काष्ठ वन पैदावार)

- बजार क्षेत्रको पहिचान
- (सिपखानाः शेराचौर, स्यूनाः आरसिपी वजार, शान्तिघाट, राम्नाकोटः जारकोट, भुरावगर, मान्म, लालिघाट)
- मूल्य श्रृंखलाका पात्रहरुको पहिचान
- (किसान, संकलन केन्द्र, एग्रोभेट, व्यपारी, ग्रा.प.स्वा.का, गाविस, विषयगत कार्यालय)

**कृषि सह क्षेत्र**

- ताजा तरकारी : ६ वटा समुह
- विउ उत्पादनः ७ वटा समुह
- बाख्रा पालनः १० वटा समुह
- फलफुल : २ वटा समुह
- गैर काष्ठ वन पैदावरः २ वटा समुह

**आर्थिक पूर्वाधार**

- गत आवमा तिन वटा सिचाई पोखरी निर्माण सम्पन्न गरिएको ।
- यस आवमा २ वटा सिचाई पोखरी निर्माण गरिने
- २ वटै सिचाई पोखरीको सर्भे, डिजायन तथा इस्टिमेट भइसकेको
- निर्माण सामाग्री खरिद प्रकिया चरणमा रहेको

**सम्पन्न क्रियाकलाप**

- आय आर्जनका थप १३ वटा समुह निर्माण गर्नकालागि बेसलाईन सर्भेक्षण कार्य सम्पन्न ।
- बाखा पालनका लागि ८ र बीऊ उत्पादनकालागि ५ थप समुह निर्माण गरिएको ।
- २७ वटा समुहको उत्पादन तथा विक्री योजना निर्माण गरिएको
- बजारीकरण बिस्तार गर्न उत्पादन समुह र स्थानीय संकलन (तरकारी संकलक, एग्रोभेट) केन्द्रबीच उत्पादित बस्तुहरु खरीद बिक्रिका लागि सम्झौता गरिएको ।
- उत्पादन सामाग्रीहरु व्यवसायिक सेवाप्रदायक मार्फत उपलब्ध गराउन थालिएको ।
- सबै समुहमा सिमान्तकृत घरधुरीको पहिचान गरिएको
- बजार व्यवस्थापन समितिको मासिक बैठक नियमित
- संकलन केन्द्रमा खरिद तथा विक्रि रेर्कड राख्ने गरेको
- पूर्णा गिरी :आर सि पि वजार,स्यूना (चैत्र पछि)
- संकलनः १७३९ केजी
- खरिद रकम रुः ६४५८३
- विक्री रकम रु. ९६८७३
- परिलाल न्यौपाने : शेराचौर वजार, सिपखाना
- संकलन केजी : १२५० केजी
- नमनाथ योगीः अगुवा किसान,सेवा प्रदायक, सिपखाना
- उत्पादन तथा विक्री : ११२५ केजी
- रकमः ५७६००

| क्रियाकलाप | एकाई/समुह | लक्ष्य (समुह) | प्रगति | महिला | पुरुष | दलित |
|---|---|---|---|---|---|---|
| सुरुवाती तथा आधारभुत उत्पादन समुहहरुकालागि १ दिने समुह व्यवस्थापन तालिम सम्पन्न गरिएको | वटा | १९ | १९ | १४८ | २३२ | २०२ |
| सुरुवाती तथा आधारभुत उत्पादन समुहहरुकालागि | वटा | १९ | १९ | १४८ | २३२ | २०२ |

| क्रियाकलाप | एकाई/समुह | लक्ष्य (समुह) | प्रगति | महिला | पुरुष | दलित |
|---|---|---|---|---|---|---|
| १ दिने बचत तथा ऋण व्यवस्थापन व्यवस्थापन तालिम सम्पन्न | | | | | | |
| सुरुवाती ५ वटा बीऊ उत्पादन समुहहरुकालागि १ दिने बीऊ उत्पादन तथा प्रशोधन तालिम संचालन | वटा | ५ | ५ | ४३ | ५७ | ६८ |
| सुरुवाती ४ वटा बाखा पालन समुहहरुमा उत्पादन तथा प्रविधि तालिम सम्पन्न | वटा | ८ | ४ | ४३ | ५७ | ६८ |
| सडक निर्माण समुहहरुमा बचत तथा ऋण व्यवस्थापन तालिम सम्पन्न | वटा | ६९ | ६९ | ६४ | ७० | ४५ |

**सडक निर्माणः**

- दुवै करीडोरमा  सडक निर्माण कार्य संचालन
- राम्नाकोट गाविसका १५ वटा सनिसकालागि प्राथमिक उपचार तालिम संचालन
- प्राथामिक उपचार सामाग्री सहयोग (जारकोट राम्नाकोट करिडोरमा १५ वटा सनिसमा र शान्निघाट सिपखाना सडक खण्डका ५४ सनिसमा थप औषधी सहयोग)
- सडक निर्माण समुहहरुमा बचत संकलन तथा ऋण परिचालनका लागि आवश्यक खातापाता सहयोग
- ६९ सडक निर्माण समुहहरुमा बचत तथा ऋण व्यवस्थापन तालिम सम्पन्न
- स्यूना सिपखाना सडक खण्डमा रु. ३६,११,६७४.०० वचत भएको छ।
- जारकोट राम्नाकोटसडक खण्डमा रु. २,४२,७२९.०० वचत भएको छ।
- सडक निर्माण कार्यको ज्याला भुक्तानी को सार्वजानिक लेखा परीक्षण कार्य सम्पन्न
- स्थानीय सडक समन्वय समित र उपभोक्ता समितिको नियमित बैठक तथा समिक्षा

## विकेन्द्रीत ग्रामिण पूर्वाधार तथा जीविकोपार्जन सुधार कार्यक्रम-अतिरिक्त लगानी (DRILP-AF)

**परिचय :** पूर्वाधार विकास र ग्रामीण गरिबीको दृष्टिकोणबाट पछाडि परेका देशका विभिन्न हिमाली तथा पहाडी जिल्लाका वासिन्दाहरुको जीविकोपार्जनको विद्यमान स्थितिलाई निश्चित हदसम्म न्युनिकरण गर्नका लागि स्थानीय जनता कै सहभागीतामा सडक यातायात पूर्वाधारलाई मुख्य संरचना र सामुदायिक चासोका अन्य पूर्वाधारलाई पूरक लगानीका आयोजनाका रुपमा विकास गर्ने अभिप्रायले चरम गरिबीको अवस्थाबाट गुज्रिनुका साथै दश वर्षभन्दा बढी समय चलेको द्वन्द्वबाट समेत अत्यधिक प्रभावित १८ जिल्लाहरुलाई छनौट गरी विकेन्द्रीत ग्रामीण पूर्वाधार तथा जीविकोपार्जन सुधार कार्यक्रम-अतिरिक्त लगानी (DRILP-AF) लागु गरिएको छ । कार्यक्रम सञ्चालित जिल्लाहरुमा ताप्लेजुङ, सोलुखुम्बु, ओखलढुङ्गा, रामेछाप, गोरखा, लम्जुङ, बाग्लुङ, म्याग्दी, जाजरकोट, कालिकोट, डोल्पा, जुम्ला, मुगु, हुम्ला, वाजुरा, बझाङ, वैतडी र दार्चुला रहेका छन् । जस मध्ये केही जिल्लाहरुका जतनताहरुले कार्यक्रम सञ्चालन पूर्व नै केही हदसम्म यातायात पूर्वाधारको उपभोग गरिरहेका छन् भने पूर्वको विकट ताप्लेजुङ लगायत मध्य तथा सुदूर पश्चिमका पहाडी एवं हिमाली क्षेत्रका अधिकाँश जिल्लाहरु सडक यातायात सञ्जालबाट पूर्ण रुपमा नै वञ्चित रहेका छन् । कार्यक्रम सञ्चालित १८ जिल्लाहरु मध्ये कर्णाली र त्यस आसपासका अन्य जिल्लाहरुमा सडक पूर्वाधारको विकास लगायत ग्रामीण जीविकोपार्जन सम्बन्धी क्रियाकलापहरुमा व्यापक जनसहभागीता रहन सक्ने र गरिबी न्युनिकरणमा समेत महत्वपूर्ण हुन सक्दछ ।

आर्थिक वर्ष २०६२/६३ देखि लागु भई २०७३ सम्ममा सम्पन्न गर्ने लक्ष्य लिई सञ्चालन गरिएको यस कार्यक्रमको समयावधी, पहिलो चरण ३ वर्ष र दोस्रो चरण ३ वर्ष ८ महिना गरी जम्मा ६ वर्ष ८ महिना रहदै हालसम्म सञ्चालनमा रहेको कुरा सर्वविदितै छ । कार्यक्रमले तोकेको अवधि भित्र बाँकी समयमा कार्यक्रमलाई अझ द्रुतगतिमा सञ्चालन गर्दै जानु आजको आवश्यकता हो।DRILP-AFकार्यक्रमको विकास तथा कार्यान्वयनका लागि आवश्यक स्रोतको ठूलो हिस्सा एसियाली विकास बैंक (ADB)र DFIDको ऋण सहयोग हो भने नेपाल सरकारको आफ्नै स्रोत, स्विस विकास सहयोग नियोग (SDC)को प्राविधिक सहयोग तथा जिल्ला स्तरमा स्थानीय लाभग्राही जनताको योगदान समेत रहने व्यवस्था मिलाइएको छ ।

**उद्देश्य :** ग्रामीण यातायात तथा पूर्वाधार विकासका माध्यमबाट ग्रामीण क्षेत्रका विपन्न जनताको सामाजिक तथा आर्थिक क्षेत्रहरुको पहँचमा अभिबृद्धि गरी गरिबी न्युनिकरण गर्ने यस कार्यक्रमको मूख्य उद्देश्य रहेको छ भने विशिष्ट उद्देश्यहरु निम्न अनुसार रहेका छन् :

* गरिब तथा पिछडिएका समूहको सामाजिक तथा आर्थिक क्षेत्रहरुको पहुँचमा सुधार गर्ने,
* सामाजिक तथा वित्तिय पूजीमा बृद्धि गरी कार्यक्रम सञ्चालित जिल्लाहरुमा विद्यमान ग्रामीण गरिबीको स्तरलाई न्युनिकरण गर्ने,
* समुदायमा आधारित साना पूर्वाधारहरुमा लगानी गरी रोजगरीको स्थितिमा सुधार गर्दै विकास निर्माणका कार्यमा ग्रामीण समुदायलाई क्षमतावान बनाउने,
* संस्थागत क्षमता विस्तार गर्ने तथा जवाफदेहिता र पारदर्शिताको स्थितिमा सुधार गर्ने ।

**जिल्ला तहमा कार्यक्रम कार्यान्वयन निकायहरु :** जिल्ला विकास समिति(DDC) , जिल्ला सडक समन्वय समिति(DRCC), जिल्ला प्राविधिक कार्यालय (DTO), जिल्ला आयोजना कार्यालय (DPO) , जिल्ला कार्यान्वयन सहयोग परामर्शदाता (DISC), गाउँ स्तरीय सार्वजनिक निर्माण समिति (VWRCC), मुआब्जा क्षतिपूर्ति निर्धारण समिति (CDC), जिल्ला स्तरीय पुनर्वास समन्वय समिति (DLRCC), गुनासो निदान समिति (GRC), गुनासो निदान उपसमिति (GRSC), निर्माण समुह (BGs)

**DRILP-AF को कार्यगत तौर तरिका र प्रक्रिया :** आयोजनाको उद्देश्य हासिल गर्न प्राविधिक तथा सामाजिक दुवै पक्षलाई ध्यान दिई लक्ष्य प्राप्तिका लागि आयोजनाको कार्य प्रणालीलाई अनुशरण गर्नु पर्दछ ।

### प्राविधिक पक्ष (Technical Aspects)

- पुनर्वास योजना (Resettlement Plan)
- क्षतिपूर्ति, जग्गा स्वेच्छिक रुपमा दान तथा सडकमा परेको जग्गा नेपाल सरकारको नाममा बाटो लगन कट्टा गर्ने ।
- बालीनाली, फलफुल र संरचनाको क्षती भएमा क्षतिपूर्ति रकम उपलब्ध गराउने ।

- प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) तयारी तथा सार्वजनिकरण
- विस्तृत सर्भेक्षण (Detail Survey)
- निर्माण सुपरिवेक्षण
- पुनर्वास योजना कार्यान्वय
- पूरक लगानीका योजना छनोट तथा कार्यान्वयन
- ADB को प्रावधानहरु कार्यान्वयन
- पुनर्बास योजना निर्माण कार्यान्वयन
- प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी तथा वातावरणमा पर्ने नकारात्मक प्रभावको न्यूनिकरणको लागि वातावरणिय व्यवस्थापन योजना निर्माण तथा कार्यान्वयन गर्नु ।
- अस्वैच्छिक रुपमा पुनर्बासको कारणबाट हुने सबै प्रकारको सम्पत्तीको क्षतिको लागि प्रतिस्थापन मुल्य वरावरको क्षतिपूर्ति प्रदान गर्ने ।
- जग्गादान गर्न चाहने जग्गा धनीबाट पुर्नबास निर्देशिका (RF)ले तोकेको सिमा भित्र रही स्वेच्छिक जग्गा दान समेत लिने व्यवस्था ।
- अस्वेच्छिक पुर्नबासलाई सकेसम्म निरुत्साहित गरी पुर्नबास योजनाबाट प्रभावित व्यक्तिगतको जीवनस्तर सुधार गर्ने नीति अनुरुप संचालन गर्ने ।
- प्राविधिक टोलीको विस्तृत प्राविधिक अध्ययन (Detail Technical Design and Survey) ।
- कुल जमिनको १०% भन्दा बढी जमिन गुमाउने र गरिबीको रेखामुनी रहेका घरपरिवारको जग्गा दान लिन नसकिने ।
- प्राविधिक मूल्यांकनको आधारमा कामको भुक्तानी ।
- डोलिडारको मापदण्ड अनुरुप (LEP Approach) श्रममूलक, वातावरण मैत्री (संरक्षित) तथा स्थानीय जनसहभागिताको आधारमा निर्माण कार्यान्वयन ।
- प्राविधिक रुपमा जटिल तथा कडा चट्टान काट्ने कामहरु निर्माण व्यवसायीहरु मार्फत गरिने ।
- सम्झौतामा उल्लेखित रकममा थपघट हुन सक्ने किनकि कामको प्राविधिक मूल्यांकन अनुसार परिमाण (Quantity)को आधारमा मात्र भुक्तानी हुनेछ ।
- कामको मूल्यांकन काम शुरु हुनु भन्दा अगाडिको क्रससेक्सन र कार्य सम्पन्न भईसके पछिको क्रससेक्सनबाट परिमाण निकाली भुक्तानी हुने ।
- प्राविधिक सल्लाह विपरीत आफुखुसी गरेको कामको नापी नगरिने ।
- कामको गुणस्तर(Quality), परिमाण (Quantity) र समय (Time)लाई ध्यान दिनु पर्ने ।

**<u>सामुदायिक विकास पक्ष (Community Development Aspects)</u>**

- समुदायका पक्षसँग सम्बन्धित विकास तथा सचेतना क्रियाकलाप
- VWRCC को गठन, गुनासो निदान समिति (GRC), गुनासो उपसमिति (GRCSC) गठन
- जिल्ला स्तरीय पुर्नबास समन्वय समिति (LRCC) गठन
- निर्माण समूह (BGs) गठन तथा परिचालन
- जनचेतनाका कार्यक्रमहरु: सशक्तिकरण, क्षमता विकास तथा जीवनोपयोगी सीपहरु, सीप विकास तथा स्वरोजगारका कार्यमा उत्प्रेरणा जनगाउने खालका सीपहरु
- आयमूलक कार्यहरु (IGs)
- बचत तथा ऋण समूह, स्वावलम्बन समूह गठन, परिचालन तथा आन्तरिकीकरण
- आकस्मिक कोष संचालन
- समितिहरुमा कम्तिमा ३३ देखि ५० प्रतिशत महिला सहभागिता
- BGs मा महिला सहभागिता कम्तिमा ४० देखि ५० प्रतिशत
- BGs मा प्रमुख तथा सह-प्रमुख मध्ये कम्तिमा १ जना महिला हुनु पर्ने
- VWRCCको मुख्य पदहरु मध्ये कम्तिमा १ पदमा महिला हुनु पर्ने ।
- निर्माण समूहमा १६ देखि ६० वर्षका कामदार सदस्य, १५ देखि २५ जनाको समूह हुनु पर्ने ।
- बालश्रम निषेध, गर्भवती महिलालाई काममा समावेश गर्न उपयुक्त नुहुने ।

- समविकास तथा बालअधिकार संरक्षण
- समान काम समान दाम
- सुशासन कायम गर्न पारदर्शिता, उत्तरदायित्व, जवाफदेहिता, नेतृत्व विकास, सार्वजनिक सुनुवाई र सार्वजनिक समीक्षा गर्ने ।

**VWRCC गठन:** जि.वि.स.को उप-समितिको रुपमा गठन गर्न सकिने व्यवस्था स्थानीय स्वायत्त शासन ऐन २०५५ को धारा १९० मा गरिएको छ । उप-आयोजनाको प्रभाव क्षेत्र र लाभाग्रही सामुदाय (ZOI) निर्माण समुहको सहयोगमा उप-आयोजना कार्यान्वयन गर्न समेटिएका प्रत्येक गा.वि.स.मा छुट्टाछुट्टै समिति गठन गरिने ।

**VWRCC को संरचना तथा कार्य विभाजन**

| | | |
|---|---|---|
| १. | गा.वि.स. अध्यक्ष | अध्यक्ष |
| २. | सडक प्रभावित वडा मध्येका १ जना वडा अध्यक्ष | उपाध्याक्ष |
| ३. | सडक प्रभावित वडा मध्येका १ जना वडा अध्यक्ष | सचिव |
| ४. | सडक प्रभावित वडा मध्येका १ जना वडा अध्यक्ष | कोषाध्यक्ष |
| ५. | गा.वि.स.मा रहेका मुख्य राजनीतिक दलका सम्वन्धित जिल्ला पार्टी कार्यालयबाट सिफारिस भई आएका १/१ प्रतिनिधिहरु (१-४ पदमा प्रतिनिधित्व भएको प्रतिनिधि छान्न नपर्ने) | सदस्य |
| ६. | गा.वि.स.मा कार्यरत गैसस प्रतिनिधिहरु गैसस जिल्ला महासंघबाट सिफारिस | सदस्य |
| ७. | निमार्ण समुहका प्रतिनिधि (गा.वि.स.बाट सिफारिस भई जि.वि.स.बाट मनोनीत) | सदस्य |
| ८. | महिला, दलित, अल्पसंख्यक, जनजाती, आदिबासी समुदायको प्रतिनिधि | सदस्य |
| ९. | सामाजिक कार्यकर्ता (गा.वि.स. बाट सिफारिस भई जि.वि.स. बाट मनोनित) | सदस्य |
| १०. | जिल्ला कार्यान्वयन सहयोग परामर्शदाता प्रतिनिधि स्थायी आमन्त्रित | सदस्य |

**मुआब्जा क्षतिपूर्ति निर्धारण समिति (CDC) : जग्गा प्राप्ति तथा क्षतिको मुल्यदर निर्धारण गर्ने कार्य विभाजन**

| | | |
|---|---|---|
| १. | प्रमुख जिल्ला अधिकारी | अध्यक्ष |
| २. | स्थानीय विकास अधिकारी | सदस्य |
| ३. | मालपोत कार्यालय प्रमुख | सदस्य |
| ४. | जिल्ला इन्जिनीयर | सदस्य सचिव |
| ५. | जिल्ला वन कार्यालय | आमन्त्रीत सदस्य |
| ६. | जिल्ला नापी कार्यालय | आमन्त्रीत सदस्य |
| ७. | जिल्ला कृषि विकास कार्यालय | आमन्त्रीत सदस्य |
| ८. | जिल्ला आयोजना कार्यालय | आमन्त्रीत सदस्य |

**जिल्ला सडक समन्वय समिति (DRCC)**

- जिल्ला सडक समन्वय समिति **(DRCC)** जि.वि.स.को स्थायी उप-समितिको रुपमा रहने ।
- जि.वि.स.मा ग्रामिण यातायात पूर्वाधार विकासका बार्षिक योजना निर्माण गर्न सहयोग तथा सल्लाह दिई ग्रामिण सडक ( यातायात) को जिल्ला सडक गरुयोजना निर्माण गर्ने ।
- जि.वि.स. साथै योजनाको अनुगमन गरी जि.वि.स.लाई प्रतिवेदन तथा VWRCC तथा इलाका स्तरीय उपआयोजना समन्वय समिति (SPCC) लाई स्थानीय स्तरको समस्या समाधान नभएमा सहयोग गर्ने ।
- विशिष्ठ प्रकृतिका विवादहरुको समाधानका लागि जिविसलाई सिफारिस गर्ने ।
- कार्यक्रम सञ्चालनका क्रममा आवश्यक पर्ने नीति तर्जुमा गर्न जिविसलाई सल्लाह दिने ।

**पदाधिकारीहरु**

| | |
|---|---|
| स्थानीय विकास अधिकारी | अध्यक्ष |
| राजनीतिक दलका प्रतिनिधि | सदस्य |
| उद्योग बाणिज्य संघका प्रतिनिधि | सदस्य |
| जिल्ला यातायात व्यवसायी समितिका प्रतिनिधि | सदस्य |

**जिल्ला स्तरीय पुनर्बास समन्वय समिति (DLRCC)**

- जि.वि.स.द्धारा निमाण गरिने
- जग्गा प्राप्तिका कार्य तथा क्षतिपूर्तिका प्रक्रियालाई द्रुत गतिमा कार्यान्वयन तथा क्षति संरचनाको मर्मत सम्भार तथा समन्वयका लागि क्षतिपूर्ति वितरण र लगत कट्टामा सहयोग पुऱ्याउने ।

**पदाधिकारीहरु**

| | |
|---|---|
| जिविस प्रमुख | अध्यक्ष |
| गाविस प्रतिनिधि | सदस्य |
| सडक प्रभावित तथा जोखिममा परेका समूह प्रतिनिधि | सदस्य |
| मालपोत कार्यालय प्रमुख | सदस्य |
| नापी कार्यालय प्रमुख | सदस्य |
| जिल्ला बन कार्यालय प्रमुख | सदस्य |
| जिल्ला कृषि विकास कार्यालय प्रमुख | सदस्य |
| आयोजना व्यवस्थापक तथा SMC | सदस्य |

**गुनासो निदान समिति (GRC)**

- आयोजनाको पुनर्बास ढाँचा (RF) बमोजिम पुनर्बास सम्बन्धी सुरक्षात्मक उपायहरुको उल्लेख भए अनुसार सडक प्रभावित व्यक्तिहरुको गुनासो सुन्न र त्यसको उपयुक्त निकास दिनका लागि विवाद तथा गुनासो निदान समिति गठन ।
- कानूनी अधिकारसँग सम्बन्धित विवादहरुमा बाहेक जग्गा अधिग्रहण सम्बन्धित सबै खाले गुनासा, जग्गा अधिग्रहण, क्षतिपूर्ति वितरण, जग्गादान प्रक्रियासँग असन्तुष्ट प्रभावित व्यक्तिहरुले विमतिका साथ समितिमा निवेदन दिन सकिने र जसको २ देखि ४ हप्ताभित्र सुनुवाई गरिनु पर्ने ।
- पीडित पक्षलाई निर्णय तथा समाधानको बाटोमा जानकारी गराउने, समाधान नभएका मुद्दालाई माथिल्लो निकायमा पठाउने ।

**पदाधिकारीहरु**

| | |
|---|---|
| जिविस प्रमुख | अध्यक्ष |
| सडक प्रभावित गाविसका प्रतिनिधि | सदस्य |
| VWRCCका सचिवहरु | सदस्य |
| सडक प्रभावित तथा जोखिममा परेका समूह प्रतिनिधि | सदस्य |
| नागरिक समाज संस्थाका प्रतिनिधि | सदस्य |
| आयोजना प्रतिनिधि | सदस्य |

**गाँउ स्तरीय गुनासो निदान उपसमिति (GRSC)**

- VWRCC ले प्रत्येक गाविसमा गाविस स्तरीय उपसमितिको रुपमा ५ सदस्यीय समिति गठन गर्ने । (३ जना VWRCC सदस्य र २ जना सडक प्रभावित प्रतिनिधि सदस्य)

- विवाद गुनासा अनौपचारीक रुपमा छलफल गरी १५ दिन भित्र समाधान गर्ने, निर्णय चित्त नबुझे १५ दिन भित्र CDC मा पठाउने ।
- CDC को निर्णय नबुझे ३५ दिन भित्र अन्तिम उपायको लागि जिल्ला अदालतमा मुद्दा दायर गर्न सकिने ।

## जिल्ला विकास समितिमा सुरक्षा कक्ष(Safeguard Desk in DDC for DRILP-AF)

- उपआयोजना स्तरको अनुगमन, जिल्ला योजना कार्यान्वयनमा रहेको वातावरणीय सुरक्षा कक्ष (Environmental Safeguard Desk) का लागि जिविसले योजना अनुगमन तथा प्रशासकीय अधिकृत श्री भोला प्रसाद चापागाईंलाई संयोजक तोकेको छ ।
- आयोजनाको सामाजिक सुरक्षा नीतिका आवश्यक कार्यहरु वातावरणीय पुर्नबास योजना तथा जोखिममा परेका समुदायको कार्यान्वयन पक्षमा सरकारी तथा ADB का सुरक्षा नीति अपनाउने कार्यमा अनुगमन तथा सुपरीवेक्षणका कार्य गर्ने ।

## सार्वजनिक सुनुवाई (Public Hearing) कार्यक्रमका उद्देश्यहरु

- कार्यक्रमको जानकारी गराउने ।
- कार्यक्रमको प्रक्रिया तथा कार्यपद्धतिको बारेमा जानकारी गराउने ।
- पारदर्शिताको लागि चेतना जगाउने तथा रेकर्ड राख्न वास्तविकतातर्फ उन्मूख गराउने ।
- लक्ष्य तथा उद्देश्य अनूरुप उपलब्धी हासिल गर्ने तर्फ उन्मूख गर्ने ।
- बजेट तथा श्रमदानको बारेमा जानकारी गराउने ।
- संख्या तथा गुणस्तर (Quantity and Quality)को बारेमा स्पष्ट पार्ने ।
- सार्वजनिक सम्पत्तिको खर्च विवरण पारदर्शी बनाउन लेखा परीक्षण गराउने ।
- कामको प्रक्रिया, बजेट र रकमको बारेमा स्पष्ट जानकारी दिने ।
- विकास हाम्रो हो भन्ने भावना अभिवृद्धि गर्न दिगोविकासमा जोड दिने ।
- जिम्मेवार निकायका कमी कमजोरीहरु हटाउन घटाउन जोड दिने ।
- विद्यमान समस्याको बारेमा गहन चिन्तन गर्ने ।
- नागरिक र जनप्रतिनिधि बीच आपसी असन्तुष्टी र बेमेलका कुराहरु छलफलद्धारा कमी गराई अविश्वास घटाउने ।
- सरोकारवाला व्यक्ति तथा निकायको सहभागिता बढाउने ।
- योजना निर्माण, कार्यान्वयन तथा प्रतिफल वितरण समेतका पक्षमा सबैको चासो उत्प्रेरणा बढाउने ।

## हाल संचालित योजनाहरुको विवरण

| सि.नं. | योजनाको नाम | विनियोजित वजेट | खर्च रकम (रु हजारमा) |
|---|---|---|---|
| | **हुल्म-सेरी-साख-छेलाहान्ना सडक खण्ड** | | |
| १ | जग्गा खरिद (मुआब्जा वितरण) | ३२००.०० | २९४४.६० |
| २ | सार्वजनिक निर्माण | ८२६००.०० | ५३७०६.३१ |
| ३ | पुजिगत अनुसन्धान तथा परामर्श सेवा | ३८०८.०० | ८००.९२ |
| ४ | स्थानीय निकाय सशर्त अनुदान (प्रशासनिक खर्च) | ४३५७.०० | ४३५४.५८ |
| | जम्मा | ९३९६५ | ६१८०६.४१ |

- हुल्म-सेरी-साँख-छेलाहान्ना सडक उप-आयोजना, भर्ता, कालिकोट
- सडकको लम्बाई : १०.१५० कि.मी.
- चौडाई : ५.२५ मिटर फराकिलो
- सडकले चर्चेको भाग : १० मिटर (केन्द्रबाट ५/५ मिटर)
- VWRCC मार्फत निर्माण समूहद्धारा गरिने सडकको नरम तथा सजिलो भागको काम गर्ने
- कडा चट्टानको भाग निर्माण व्यवसायीद्धारा गरिने ।
- औजार तथा निर्माण सामग्री जिल्ला आयोजना कार्यालयबाट खरिद गरि उपलब्ध गराउने ।

**VWRCC को प्याकेज**

चेनेज : ५+६०० देखि १०+१५० सम्म (४.५५ कि.मी.)

सम्झौता मिति : २०७१।१२।१६

सम्झौता रकम : ४,२६,५८,५३६।०५

कार्य सम्पन्न गर्नु पर्ने मिति : २०७२ असोज १५ गते

## Contract Package 1

- निर्माण व्यवसायी : राजेन्द्र निर्माण सेवा प्रा.लि., डढेल्धुरा, नेपाल
- चेनेज : ०+००० देखि २+००० सम्म (२ कि.मी.)
- सम्झौता मिति : २०७१।७।१६
- सम्झौता रकम : २,०७,५७,९९४.६० (१३ प्रतिशत भ्याट सहित)
- सम्झौता बमोजिमका कार्य सम्पन्न गर्नु पर्ने मिति : २०७२।८।१२

## Contract Package 2

- निर्माण व्यवसायी : गौरी पार्वती/नाना जेभी, कलंकी १४, काठमाण्डौं
- चेनेज : २+००० देखि ५+६०० सम्म (३.६ कि.मी.)
- सम्झौता मिति : २०७१।७।१६
- सम्झौता रकम : ३,३९,१४,८०९.६४ (१३ प्रतिशत भ्याट सहित)
- सम्झौता बमोजिमका कार्य सम्पन्न गर्नु पर्ने मिति : २०७२।७।१५

**सडकमा पर्ने जग्गा**

व्यक्तिगत : ११९ कित्ता जग्गाधनी ९० जना

सार्वजनिक : १२ कित्ता

**सडक प्रभावित क्षेत्रफल**

व्यक्तिगत : २९७०० व.मी.

सार्वजनिक : ८.०७ हेक्टर

क्षतिपूर्ति वृक्षारोपरण गर्नुपर्ने : १:२५ विरुवा (१८०० विरुवा) बायो इन्जिनियरिङ्ग सम्बन्धी गर्नु पर्ने कार्यहरु

**प्रस्तावित क्षतिपूर्ति रकम**

| | |
|---|---|
| जमिनको मुआब्जा : | रु. १८,४३,९५८। (नयाँ कटिङ्गको मात्र) |
| बालीनाली : | रु. ३,१७,७८४। |
| फलफुल : | रु. १,२०,३५०। |
| निजी रुख विरुवा : | रु. ३०,६७६। |
| सामुदायिक वनको रुख विरुवा : | रु .१०,४३४। |
| व्यक्तिगत संरचना : | रु. २५,१६०। |
| सार्वजनिक संरचना : | रु. ५६,०९६।९३ |
| जम्मा | रु. २४,०४,४५८।९३ |

**जीविकोपार्जन सीपमूलक तालिम : १२१ जनालाई (प्रस्तावित)** : क्षतिपूर्तिको कार्य प्रक्रिया : GRSC, GRC तथा DLRCC हुँदै CDC मा पुगेर हाल क्षतिपूर्ति वितरणको कार्य सम्पन्न गरी जग्गाको लगत कट्टा गरिसकिएको छ ।

## पश्चिम उच्च पहाडि गरिबी निवारण आयोजना (WUPAP)

**परिचय** : पश्चिम उच्च पहाडी गरीवी निवारण आयोजना नेपाल सरकार र कृषि विकासका लागि अन्तराष्ट्रिय कोष (IFAD) को संयुक्त सहयोगमा संचालित आयोजना हो । यो आयोजना आइफाडले सन् २००३ देखि नेपालको पश्चिम उच्च पहाडी र हिमाली क्षेत्रका जिल्लाहरुमा संचालन गर्दै आएको छ । आयोजनाको यो तेस्रो चरण (२०१२-२०१६), पहिलो चरण (२००३-२००७) र दोश्रो चरण (२००७-२०१२) को निरन्तरता हो । कालिकोट जिल्लामा यो आयोजना दोस्रो चरण देखि संचालन हुदै आईरहेको छ । हाल यो आयोजना २०६९।७० देखि २०७२।७३ (तदनुसार 16 July 2012 to 15 July 2016) सम्मको लागि नेपाल सरकार, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गत कालिकोट जिल्लाको १५ गाउँ विकास समितिहरुमा तेश्रो चरण संचालन भैरहेको छ ।

आयोजनाको तेस्रो चरणको पहिलो वर्ष देखि नै सहभागितात्मक ग्रामिण लेखाजोखाका माध्यम वाट लक्षित तथा अति लक्षित घरधुरी पहिचान गरी उनीहरुको माग तथा आवश्यकताहरुको तीन वर्षीय सामुदायिक लगानी योजना कार्यान्वयन गरी गरिबी न्यूनिकरण गर्ने उद्देश्यले यो आयोजनाको तेस्रो चरण लागु भैईरहेको छ । यसको सन्दर्भमा आ.व. २०७०।०७१ देखि नै आयोजनाको प्रारम्भिक चरणमा जिल्लाका १५ वटा गा.वि.स. हरुमा सहभागितात्मक ग्रामिण लेखाजोखा (पि.आर.ए.) क्रियाकलाप सम्पन्न गरी सामुदायिक आयोजना समन्वय ईकाइ (CPCU) गठन गरिएको छ । सामुदायिक आयोजना समन्वय ईकाइ गठन सँगसँगै हरेक अति लक्षित घरधुरीबाट संकलित मागहरुलाई समेटी तीन बर्षीय सामुदायिक लगानी आयोजना निर्माण गरिएको छ । सोही निर्मित सामुदायिक लगानी आयोजनाको आधारमा माग भई आएका आयआर्जन, साना भौतिक पूर्वाधार व्यवसायिक एवं सिपमूलक तालिमहरु आदि क्रियाकलापहरु संचालन गरी सम्पन्न गरिएका छन् । भौतिक पूर्वाधार अन्तरगत खानेपानी, सुधारीएको घट्ट, लघु जलविधुत र सिचाई आयोजना गरी जम्मा २४ वटा सामुदायिक पूर्वाधारका आयोजना सम्पन्न भएका छन् । यसरी समग्र रुपमा भन्नु पर्दा यस आयोजनाले संचालन गरेका क्रियाकलापहरुको भौतिक प्रगति ९८ प्रतिशत र आर्थिक प्रगति ९६।४१ प्रतिशत रहेको छ ।

**अवधिः** पश्चिम उच्च पहाडी गरिबी निवारण आयोजना उपापको तेस्रो चरणको अवधि आ.व.२०६९।७० देखि २०७२।७३(16 July 2012 to 15 July 2016) सम्म रहेको छ । यो आयोजना तीन चरणको रुपमा कार्यान्वयन भई अहिले तेस्रो चरणको रुपमा संचालन भैईरहेको छ ।

**आयोजनाको लक्ष्य :**

क) समुदायका अति गरिब तथा गरिब घरधुरीहरुको दीर्घकालसम्म असर पार्ने कुपोषणको न्यूनिकरण भएको हुने ।

ख) अति गरिब तथा गरिब समुदायको भौतिक तथा वित्तीय श्रोतहरुमा २० प्रतिशतको वृद्धि भएको हुने

ग) गैरकृषि कामदारहरुको ज्यालामा वृद्धि, कृषि, पशुपालन, NTFP / MAPs को उत्पादनमा वृद्धि तथा समय र रकमको फजुल खर्चमा कमी भई प्रति घरधुरीको आम्दानीमा उल्लेख्य वृद्धि भएको हुने ।

**समष्टिगत प्रगति (सारांश)**

<table>
<tr><th>वित्तीय प्रगति</th><th colspan="3">विवरण</th></tr>
<tr><td>वार्षिक स्विकृत वजेट</td><td colspan="2">रु ४५४५६०००।</td><td></td></tr>
<tr><td>कुल बजेट निकासाः</td><td colspan="2">रु ४५४५६०००।</td><td></td></tr>
<tr><td>शुद्धकुल वित्तीय प्रगतिः</td><td colspan="2">रु. ४,३८,२५०३७१४</td><td>प्रतिशतमा : ९६।४१</td></tr>
<tr><td>मुख्य भौतिक प्रगति :</td><td>लक्ष्य :</td><td>प्रगति :</td><td>प्रतिशतमा : ९८</td></tr>
<tr><td>प्रमुख समस्या/सीमितता :</td><td colspan="3">• जिल्ला स्तरमा प्राविधिक जनशक्तिको अभावका कारण संभाव्यता अध्ययन तथा प्राविधिक तालिम संचालन गर्नको लागि सेवा प्रदायकहरुलाई उपर्युक्त रुपमा परिचालन गर्न नसकिएको ।<br>• पशु बीमाको व्यवस्था नभएकोले पशु व्यवसायीहरु व्यवसायको निरन्तरताप्रति चिन्तित हुनु ।<br>• लक्षित बर्गको चेतनाको स्तर न्यून हुनु ।</td></tr>
</table>

| वित्तीय प्रगति | विवरण |
|---|---|
| | • सामुदायिक संस्थाको संस्थागत विकास तथा नेतृत्वको विकास हुन नसकेका कारण स्थानीय स्तरमा श्रोत पहिचान तथा परिचालन गर्न नसक्नु,<br>• सामुदायिक आयोजना समन्वय इकाइलाई स्थानीय स्तरमा योजना तर्जुमा प्रक्रियामा सहभागी गराउने संयन्त्र नभएका कारण आयोजनाका क्रियकलापमा म्याचिङ कोषको विनियोजन हुन नसक्नु ।<br>• जिल्ला आयोजना समन्वय इकाई मातहतमा लेखा व्यवस्थापन नहुनुले समयमा प्रतिवेदन तयारी गर्न नसकिनु ।<br>• आयोजनाको ज्ञान व्यवस्थापनका लागि ठोस कार्य योजना निर्माण वनाउन नसकिएकाले ज्ञान व्यवस्थापनमा कमजोरी । |

**आयोजनाको प्रतिफल र नतिजा परिणामको प्रगति (प्रत्येक संभाग अनुसार)**

**सामुदायिक सशक्तिकरण संभाग :** सामाजिक सशक्तिकरण

| क्र.स. | गरिएका क्रियाकलापहरु | इकाई | प्रगति | | प्रतिशत |
|---|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति | |
| १ | सामुदायिक लगानी योजना अद्यावधिक तथा प्रकाशन (गाविस) स्तरमा | पटक | १५ | १५ | १०० |
| ३ | नेतृत्व विकास तालिम | पटक | १५ | १५ | १०० |
| ४ | आफ्नो व्यवसाय शुरु तथा विस्तार गरौं तालिम | पटक | १३ | १३ | १०० |
| ५ | लैंगिक समानता तथा समाजिक समावेशिकरण तालिम | पटक | १५ | १५ | १०० |
| ६ | गा.वि.स.स्तरीय वार्षिक समिक्षा गोष्ठि | पटक | १५ | १५ | १०० |
| ७ | अध्ययन अवलोकन भ्रमण | पटक | १ | १ | १०० |

**सामुदायिक लगानी योजना अद्यावधिक :** जिल्लाका आयोजनाद्वारा संचालित १५ वटा गाविसका लक्षित बर्गहरुहरुको प्रत्यक्ष सहभागीतामा तयार पारिएको सामुदायिक लगानी योजना अनुसार माग भई आएका योजना तथा क्रियाकलापहरुको कार्यान्वयन आयोजनाको पहिलो वर्षमा अति गरिबहरुलाई सेवा प्रदान गर्ने कार्य गरिएको तथा समुदाय स्तरमा सदस्यको आवश्यकता तथा व्यवसाय प्रतिको अनुभवका आधारमा उनीहरुका मागहरु त्यहाँको भौगोलिक बनावट, वातावरण, वस्तुस्थितिको आधारमा संभाव्य छन् वा छैनन् भनेर लेखाजोखा गर्नको लागि मागको प्रकृति अनुसार गा.वि.स.मा सामुदायिक आयोजना समन्वय इकाई स्तरमा उपलब्ध सेवा प्रदायकहरुलाई सम्वन्धित गाविसका लक्षित बर्गहरुको सहभागीतामा १ दिने सामुदायिक लगानी योजना अद्यावधिक गर्ने कार्य सम्पन्न गरिएको थियो । १५ वटा गा.वि.स.मा संचालित तालिममा जम्मा ९७६ जना सहभागीहरु तालिमवाट लाभान्वित भएका थिए ।

| क्र.सं. | गा.वि.स.को नाम | तालिमका सहभागीहरुको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | दलित | | अन्य | | जम्मा | | जम्मा |
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| १ | खिन | ११ | ५ | १७ | ३२ | २८ | ३७ | ६५ |
| २ | धौलागोह | ४ | १० | २५ | २६ | २९ | ३६ | ६५ |
| ३ | थिर्पु | २ | १९ | ८ | ३६ | १० | ५५ | ६५ |
| ४ | राम्नाकोट | ५ | १० | १९ | ३१ | २४ | ४१ | ६५ |
| ५ | दाहां | ८ | ५ | १५ | ११ | २३ | १६ | ३९ |
| ६ | पांखा | १५ | ३ | २७ | १९ | ४२ | २२ | ६४ |
| ७ | गेला | ९ | २० | १७ | १९ | २६ | ३९ | ६५ |
| ८ | कालीका | ११ | ७ | १३ | ३४ | २४ | ४१ | ६५ |
| ९ | सिपखाना | ५ | १६ | १० | ३४ | १५ | ५० | ६५ |
| १० | नानीकोट | ११ | १० | १७ | २७ | २८ | ३७ | ६५ |
| ११ | स्यूना | १० | ३४ | ७ | १४ | १७ | ४८ | ६५ |

| क्र.सं. | गा.वि.स.को नाम | तालिमका सहभागीहरुको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | दलित | | अन्य | | जम्मा | | जम्मा |
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| १२ | फुकोट | ६ | ३१ | ११ | २१ | १७ | ५२ | ६९ |
| १३ | छाप्रे | ४ | ११ | १७ | ३६ | २१ | ४७ | ६८ |
| १४ | रांचुली | १२ | ५ | २० | ४९ | ३२ | ५४ | ८६ |
| १५ | जुविथा | ५ | ९ | ३० | २१ | ३५ | ३० | ६५ |
| **जम्मा** | | **११८** | **१९५** | **२५३** | **४१०** | **३७१** | **६०५** | **९७६** |

**नेतृत्व विकास तालिम संचालन :** पश्चिम उच्च पहाडी गरिबी निवारण आयोजना , जिल्ला आयोजना समन्वय इकाई कालिकोट अन्तर्गत आयोजना संचालित १५ वटै गा.वि.स.का सामुदायिक संस्थाका पदाधिकारी, सामुदायिक आयोजना समन्वय इकाइका पदाधिकारीहरुको नेतृत्व विकासका लागी गा.वि.स.स्तरमा ३ दिने नेतृत्व विकास तालिम संचालन गर्ने कार्य सम्पन्न भएको छ । नेतृत्व विकासको परिचय, नेतृत्वका प्रकार तथा शैली र सामुदायिक संस्था तथा सामुदायिक आयोजना समन्वय इकाइको संस्थागत विकास तथा दिगो विकास गर्न उनीहरुको क्षमता विकासका लागी तालिम संचालन गरिएको हो । जिल्ला आयोजना समन्वय इकाइका कर्मचारीहरुले तालिममा सहजिकरण गरेका थिए । गा.वि.स.का विभिन्न तहका २५ जनालाई सहभागी गराइएको थियो भने ३ दिनमा १२ सेसनमा तालिमको विभाजन गरिएको थियो । तालिम अवधीमा सहभागीहरु नेतृत्वको आवश्यकता र महत्व तथा संस्थाको दिगो विकासका लागी जिम्मेवारीको वारेमा चासो देखाउनुका साथै तालिम प्रभावकारी भएको धारणा व्यक्त गरेका थिए । १५ वटा गा.वि.स.मा संचालिततालिममा जम्मा ३८० जना सहभागीहरु तालिमवाट लाभान्वित भएका थिए ।

| क्र.सं. | गा.वि.स.को नाम | तालिमका सहभागीहरुको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | दलीत | | अन्य | | जम्मा | | जम्मा |
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| १ | जुविथा | २ | १ | १३ | ९ | १५ | १० | २५ |
| २ | रांचुली | ३ | २ | ४ | १६ | ७ | १८ | २५ |
| ३ | छाप्रे | ३ | ३ | ६ | १३ | ९ | १६ | २५ |
| ४ | स्यूना | ५ | ७ | ७ | ६ | १२ | १३ | २५ |
| ५ | सिपखाना | २ | ७ | ३ | १३ | ५ | २० | २५ |
| ६ | नानीकोट | ४ | ६ | ५ | १० | ९ | १६ | २५ |
| ७ | फुकोट | २ | ४ | ६ | १३ | ८ | १७ | २५ |
| ८ | कालीका | १० | ८ | ५ | २ | १५ | १० | २५ |
| ९ | गेला | ४ | ३ | ११ | ९ | १५ | १२ | २७ |
| १० | पांखा | ३ | २ | ८ | १२ | ११ | १४ | २५ |
| ११ | दाहां | ४ | ५ | ९ | १० | १३ | १५ | २८ |
| १२ | राम्नाकोट | २ | ३ | ९ | ११ | ११ | १४ | २५ |
| १३ | थिर्पु | १ | २ | ७ | १५ | ८ | १७ | २५ |
| १४ | खिन | २ | ४ | १२ | ७ | १४ | ११ | २५ |
| १५ | धौलागोह | १ | ४ | १३ | ७ | १४ | ११ | २५ |
| **जम्मा** | | ४८ | ६१ | ११८ | १५३ | १६६ | २१४ | ३८० |

**आफ्नो व्यवसाय सुरु तथा विस्तार तालिम:** पश्चिम उच्च पहाडी गरिबी निवारण आयोजना , जिल्ला आयोजना समन्वय इकाई कालिकोट अन्तर्गत आयोजना संचालित १३ वटा गा.वि.स.मा निर्माण गरिएको सामुदायिक लगानी योजना अनुसार छनोट भएका लक्षित वर्गहरुले माग गरेका आयआर्जन क्रियाकलापहरुमा सदस्य हरुलाई उक्त व्यवसायको सम्भावना तथा सदस्यको क्षमता मापन गर्नका लागी गा.वि.स.स्तरमा ३ दिने आफ्नो व्यवसाय सुरु तथा विस्तार तालिम संचालन गर्ने कार्य सम्पन्न भएको छ । व्यवसायको परिचय, यसका प्रकार तथा व्यवसायको सम्भावना र वजारको पहुंचको विश्लेशण तथा व्यवसायको दिगो संचालन र विकास गर्नका लागितालिम संचालन गरिएको हो ।

जिल्ला आयोजना समन्वय इकाइका कर्मचारीहरुले तालिममा सहजिकरण गरेका थिए । गा.वि.स.का सामुदायिक लगानी योजनाको आधारमा छनोटमा परेका लक्षित वर्गका समुदायहरुलाई तालिममा सहभागी गराइएको थियो । तालिम ३ दिनमा १२ सेसनमा तालिमको विभाजन गरी विहान १० वजे देखि ५ वजे सम्म संचालन गरिएको थियो । तालिम अवधिमासहभागीहरु व्यवसायको आवश्यकता र महत्व तथा व्यवसायको दिगो विकासका लागी चासो देखाउनुका साथै तालिम प्रभावकारी भएको धारणा व्यक्त गरेका थिए । १५ वटा गा.वि.स.मा संचालिततालिममा जम्मा ४३१ जना सहभागीहरु तालिमवाट लाभान्वित भएका थिए ।

| क्र.सं. | गा.वि.स.को नाम | तालिमका सहभागीहरुको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | दलीत | | अन्य | | जम्मा | | जम्मा |
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| १ | पांखा | १२ | १ | १७ | ७ | २९ | ८ | ३७ |
| २ | कालीका | १ | ३ | ४ | १३ | ५ | १६ | २१ |
| ३ | गेला | २ | ६ | ३ | ४ | ५ | १० | १५ |
| ४ | नानीकोट | १३ | ९ | २६ | ३४ | ३९ | ४३ | ८२ |
| ५ | फुकोट | २ | २१ | ११ | १२ | १३ | ३३ | ४६ |
| ६ | स्युना र सिपखान | २ | १० | ३ | ५ | ५ | १५ | २० |
| ७ | धौलागोह | ५ | ४ | १३ | १४ | १८ | १८ | ३६ |
| ८ | खिन | १ | २ | २ | ७ | ३ | ९ | १२ |
| ९ | दाहां | ६ | १ | ८ | १ | १४ | २ | १६ |
| १० | छाप्रे | ४ | २ | २ | ६ | ६ | ८ | १४ |
| ११ | जुविथा | ३ | ९ | १९ | १७ | २२ | २६ | ४८ |
| १२ | रांचुली | १३ | ८ | २२ | ४१ | ३५ | ४९ | ८४ |
| | **कुल जम्मा** | ६४ | ७६ | १३० | १६१ | १९४ | २३७ | ४३१ |

**लैंगिक समानता तथा सामाजिक समावेशिकरण तालिम संचालन :** आयोजना लागु भएका १५वटा गा.वि.स.का सामुदायिक आयोजना समन्वय इकाइका पदाधिकारी तथा लक्षित वर्गमा छनोट भएका व्यक्तिहरुलाई ३ दिने लैंगिक समानता तथा सामाजिक समावेशिकरण तालिम संचालन गर्ने कार्य सम्पन्न भएको छ । गा.वि.स.का अति पिछडिएका गरिब समुदायका वासिन्दालाई लैंगिक समानताका वारेमा जानकारी दिने उद्देश्यका साथ तालिम संचालन गरिएको थियो । सामाजिक विकासमा महिलाको भुमिका तथा लैंगीक असमानता तथा महिलाहरुमा गरिने विभेदका कारण हाम्रो समुदायको विकास हुन नसकको कारण महिला पुरुष समान तथा समविकासका वारेमा सहभागीहरुलाई प्रष्ट पार्ने कार्य गरिएको छ । साथै तालिममा महिला तथा छोरी भएकै कारणले गरिने भेदभावका कारण कमजोर हुदै गएको कुरा सहभागी हरुले राखेका थिए । तालिम अवधीमा सम्पूण सहभागीहरुले सामाजिक विकासका लागी महिला पुरुष विच भेदभावको अन्त्य गर्न आवश्यक रहेको वताएका थिए । आयोजना लागु भएका गा.वि.स.हरुमा आयोजनाका गतिविधि संचालन गर्दा वढी भन्दा वढी महिलाहरुलाई सहभागी गराउनु पर्ने कुरामा जोड दिनुका साथै अन्य निकायसंग समन्वय तथा सहकार्य गरी लैंगीक समानताको अभियानलाई अगाडि वढाउने प्रतिवद्धता सहभागीहरुले राखेका थिए । तालिममा १५ वटा गा.वि.स.का जम्मा ३९२ जना सहभागी भएका थिए ।

| क्र.सं. | गा.वि.स.को नाम | तालिमका सहभागीहरुको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | दलीत | | अन्य | | जम्मा | | जम्मा |
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| १ | दाहां | ३ | २ | १३ | ७ | १६ | ९ | २५ |
| २ | गेला | ७ | ० | १७ | १ | २४ | १ | २५ |
| ३ | कालीका | ३ | ० | २० | २ | २३ | २ | २५ |
| ४ | रांचुली | ४ | २ | ८ | १५ | १२ | १७ | २९ |
| ५ | छाप्रे | ८ | २ | ८ | १२ | १६ | १४ | ३० |
| ६ | स्युना | ७ | ० | ११ | ९ | १८ | ९ | २७ |
| ७ | नानीकोट | २ | ६ | ११ | १० | १३ | १६ | २९ |

| क्र.सं. | गा.वि.स.को नाम | तालिमका सहभागीहरुको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | दलीत | | अन्य | | जम्मा | | जम्मा |
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| ८ | खिन | २ | १ | ८ | १४ | १० | १५ | २५ |
| ९ | धौलागोह | ३ | ४ | ६ | १२ | ९ | १६ | २५ |
| १० | राम्नाकोट | २ | ३ | ८ | १२ | १० | १५ | २५ |
| ११ | जुविथा | १ | १ | ७ | १७ | ८ | १८ | २६ |
| १२ | सिपखाना | ३ | ६ | ३ | १४ | ६ | २० | २६ |
| १३ | फुकोट | ४ | ३ | ५ | १३ | ९ | १६ | २५ |
| १४ | पांखा | ४ | ४ | १२ | ५ | १६ | ९ | २५ |
| १५ | थिर्पु | २ | ३ | १२ | ८ | १४ | ११ | २५ |
| **कुल जम्मा** | | **५५** | **३७** | **१४९** | **१५१** | **२०४** | **१८८** | **३९२** |

**वाह्य जिल्लामा अध्ययन अवलोकन भ्रमण :** आयोजना संचालित १५ वटा गा.वि.स.का सामुदायिक आयोजना समन्वय इकाइका पदाधिकारीतथा साना किसान सहकारी संस्थाका पदाधिकारीहरुलाइ वाह्य जिल्लामा भ्रमण गर्ने कार्य सम्पन्न भएको छ । जिल्लाका आयोजना संचालित ५ वटा गा.वि.स.मा संचालित साना किसान कृषि सहकारी संस्था अनुसरण कार्यक्रम अन्तर्गत अनुसरण कार्यक्रमको अवलोकन तथा लक्षित वर्गलाई आयआर्जन तथा व्यवसायसंचालनमा सफल वनाउने उद्देश्यका साथ भ्रमणको आयोजना गरिएको हो । जसमा तपसिल वमोजिमका जिल्लाहरुमा तपसिल वमोजिम अध्ययन अवलोकन भ्रमणका गतिविधिहरु रहेका छन् ।

**बाँके :**साना किसान कृषि सहकारी संस्था महादेवपुरी बाँकेमा कार्यरत कर्मचारीसँग साना किसान कृषि सहकारीको भूत, वर्तमान, र भविष्यका क्रमशः अनुभव, सिकाई र चुनौतिका बारेमा छलफल गरियो ।

**रुपन्देही :** साना किसान कृषि सहकारी संस्था आनन्दवन ३ रुपन्देहीमा कार्यरत व्यवस्थापक श्री चन्द्रमणी न्यौपाने ज्यू सँग साना किसान सहकारी संस्थामा कर्मचारी व्यावस्थपान, आयआर्जन क्रियाकलाप, ऋण लगानी, क्षमता विकास, अन्तर सहकारी संस्थाको समन्वयका बारेमा छलफल गरियो ।

**पाल्पा :** पाल्पा मदनपोखरामा रहेको आाधुनिक तरकारी खेती, फलफूल खेतिको अवलोकन गरियो । जहाँ आकाशे पानी संरक्षण, ब्लिचीङ्ग प्रणाली, प्लाष्टिक हाउस लगाएतका विषयमा खेतीमा संलग्न कृषकसँग छलफल गरियो ।

**कास्की** : कास्की जिल्लामा पर्ने नेपालकै पर्यटकीय स्थल सुन्दरनगरी पोखरामा फेवाताल, फेवातालको बीचमा पर्ने तालवाराही मन्दिरमा दर्शनका साथसाथै पर्यटकीय स्थलहरु विन्दावासिनी मन्दिर, महेन्द्र गुफा, सेती नदी, पताले छाँगा ( डेभिड फलस ) अवलोकन गरी पर्यटकस्थलहरुको जानकारी लिईयो ।

**सुर्खेत :** साना किसान कृषि सहकारी संस्था उत्तरगंगा ९ सुर्खेतका व्यावस्थापक श्री चित्र प्रसाद रेग्मी ज्यू सँग साना किसान सहरकारीको भविष्य, अवसर र चुनौतीका बारेमा छलफल गरियो । यस्तै साना किसान सहरकारी संस्थाबाट संचालित तरकारी खेतीको अवलोकन गरियो । साथै सुर्खेत जिल्लाको गौरव तथा पाण्डवहरुको चिनो पर्यटकीय स्थल काँक्रेविहारको अवलोकन गरी जानकारी लिने कार्य गरियो । सँगै एक जना कृषकले आफ्नै लगानीमा गरेका गाई पालन व्यवसायको अवलोकन गरियो ।

**गा.वि.स. स्तरीय वार्षिक समिक्षा गोष्ठीः** आयोजनाको आ.व. ०७१/०७२ को वार्षीक स्वीकृत कार्यक्रम अन्तर्गत आयोजना संचालित १५ वटै गा.वि.स.मा आयोजनाको वार्षिक समिक्षा गोष्ठी संचालन गर्ने कार्य सम्पन्न भएको छ । जिल्लाका आयोजना संचालित गा.वि.स.मा यस आ.व.मा आयोजना अन्तर्गत संचालन भएका आयआर्जन, भौतिक पूर्वाधार, स्थानीय स्तरमा योजना तर्जुमा प्रक्रिया, डालेघांस व्यवस्थापन, कवूलीयती वन अन्तर्गत गैह्र काष्ठ वन पैदावारका कार्यक्रम हरुको वार्षिक समिक्षा गर्ने कार्य सम्पन्न भएका छन् । वार्षिक समिक्षा गोष्ठिमा आ.व. ०७१/०७२ मा संचालितगतिविधिहरुको समिक्षा तथा आ.व.०७२/०७३ मा गर्नुपर्ने क्रियाकलापहरुको कार्य योजना निर्माण गर्ने कार्य सम्पन्न भएका छन् । गोष्ठीमा १५ वटा गा.वि.स.का जम्मा ७४३ जना सहभागी भएका थिए ।

| क्र.सं. | गा.वि.स.को नाम | वार्षिक समिक्षा गोष्ठीमा सहभागीहरुको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | दलीत | | अन्य | | जम्मा | | जम्मा |
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| १ | रांचुली | २० | ८ | ३५ | ५० | ५५ | ५८ | ११३ |
| २ | कालीका | ६ | १० | ११ | १८ | १७ | २८ | ४५ |
| ३ | धौलागोह | १२ | १४ | १६ | १९ | २८ | ३४ | ६२ |
| ४ | जुविथा | ५ | ६ | २५ | ३२ | ३१ | ३८ | ६९ |
| ५ | दाहां | ८ | १० | २२ | ३० | ३० | ४० | ७० |
| ६ | गेला | ८ | १० | १५ | ७ | २३ | १७ | ४० |
| ७ | सिपखाना | ८ | ७ | १३ | १५ | २१ | २२ | ४३ |
| ८ | पांखा | ११ | ३ | १७ | १० | २८ | १३ | ४१ |
| ९ | नानीकोट | ४ | १७ | ७ | १२ | ११ | २९ | ४० |
| १० | खिन | ५ | ८ | ११ | २४ | १६ | ३२ | ४८ |
| ११ | छाप्रे | ५ | १० | १२ | २० | १७ | ३० | ४७ |
| १२ | राम्नाकोट | ६ | ११ | ३ | १४ | ९ | २५ | ३४ |
| १३ | थिर्पु | | | | | | | ० |
| १४ | स्युना | १० | १५ | १० | १६ | २० | ३१ | ५१ |
| १५ | फुकोट | १० | १० | ५ | १५ | १५ | २५ | ४० |
| जम्मा | | ११८ | १३९ | २०२ | २८२ | ३२१ | ४२२ | ७४३ |

**आर्थिक सशक्तिकरण**

| क्र.स. | क्रियाकलापहरु | भौतिक | | | |
|---|---|---|---|---|---|
| | | इकाई | लक्ष्य | प्रगति | प्रतिशत |
| **उपसंभाग १.२ आर्थिक सशक्तिकरण** | | | | | १०० |
| १ | सामाजिक परिचालकको पारिश्रमिक | महिना | १२ | १२ | १०० |
| २ | सामाजिक परिचालन खर्च | महिना | १२ | १२ | १०० |
| ३ | सामुदायिक लगानी कोष | | | | ९९.९० |
| ३.१ | कृषि पुश तथा बन विकास उपसंभाग | | | | १०० |
| १ | तरकारी खेती | | | | |
| क | उन्नत विउ वितरण | जना | ४० | ४० | १०० |
| ख | व्यवसायिक तरकारी खेती तालिम | जना | ४० | ४० | १०० |
| ग | तरकारी खेती प्रविधि सहयोग | जना | ४० | ४० | १०० |
| २ | फलफूल खेती | | | | |
| क | विरुवा वितरण | जना | १०४ | १०४ | १०० |
| ख | फलफुल खेती तालिम | जना | ० | ० | |
| ग | प्रविधि सहयोग | जना | १०४ | १०४ | १०० |
| ३ | पशु पालन | | | | |
| क | उन्नत जातका पशु वितरण | जना | ४८९ | ४८९ | १०० |
| ख | पशु पालन तालिम | जना | ४८९ | ५०१ | १०२.४५ |
| ग | पशु पालन प्रविधि सहयोग | जना | ४८९ | ४८९ | १०० |
| ४ | गैर काष्ठ बन पैदावर तथा जडिवुटी | | | | |
| क | उन्नत जातको घाँस, विउ तथा विरुवा वितरण | गाविस | १५ | १५ | १०० |
| ख | जडिवुटी खेतीका लागी विरुवा वितरण | गाविस | ८ | ८ | १०० |

| क्र.स. | क्रियाकलापहरु | भौतिक | | | |
|---|---|---|---|---|---|
| | | इकाई | लक्ष्य | प्रगति | प्रतिशत |
| ५ | व्यवसायिक तथा गैर कृषि उपसंभाग | | | | १०० |
| क | उद्यमशिलता तालिम | जना | ४३१ | ४३१ | १०० |
| ख | प्राविधिक तालिम | जना | ० | ० | |
| ग | प्राविधिक औजार तथा सामग्री सहयोग | जना | २७ | २७ | १०० |
| घ | व्यवसायिक योजना | पटक | ४३१ | ४३१ | १०० |
| ङ | शैक्षिक भ्रमण | पटक | १ | १ | १०० |
| च | परामर्श सेवा | जना | ४३१ | ४३१ | १०० |
| ६ | बजार विकास तथा संजाल निर्माण उपसंभाग | | | | ५० |
| क | बजार अध्ययन तथा अवलोकन भ्रमण | पटक | १ | ० | ० |
| ख | सहकारी संस्था स्थापना | वटा | ५ | ५ | १०० |
| ७ | पूर्वाधार विकास | | | | १०० |
| क | खानेपानी | वटा | ११ | ११ | १०० |
| ख | साना सिचाई आयोजना | वटा | ११ | ११ | १०० |
| ग | लघु जलविधुत आयोजना | वटा | १ | १ | १०० |
| घ | सुधारिएको पानी घट्ट | वटा | १ | १ | १०० |
| ८ | क्षमता विकास | | | | १०० |
| क | नेतृत्व विकास तालिम | पटक | १५ | १५ | १०० |
| ख | सामुदायिक लगानी योजना अद्यावधिक | पटक | १५ | १५ | १०० |
| ग | लैंगिक समानता तथा सामाजिक समावेशीकरण तालिम | पटक | १५ | १५ | १०० |
| घ | गा.वि.स. स्तरीय वार्षीक समिक्षा | पटक | १५ | १५ | १०० |
| ङ | कृषक वाली पाठशाला संचालन | वटा | ९ | ९ | १०० |
| च | पोषण सम्वन्धि तालिम | पटक | १५ | १५ | १०० |
| छ | सहकारी सम्वन्धी अभिमुखिकरण | पटक | १५ | १५ | १०० |
| ज | सहकारी सम्वन्धी प्रशिक्षक प्र. तालिम | पटक | १ | १ | १०० |
| ग | सार्वजनिक सुनुवाई | पटक | १५ | १५ | १०० |

## कृषि, पशु तथा वन विकास उपसंभाग

**तरकारी खेती :** माग भई आएका तरकारी खेती व्यवसाय अन्तरगत जम्मा ११६ जनालाई विभिन्न तरकारीहरुको विउ वितरण गरिएको छ । जसमा राचुली, छाप्रे, गेला, खिन र फुकोट गाविसका १०३ जनालाई घरायसी प्रयोजनको लागि करेसाबारी सुधार गर्न उन्नत तरकारीहरुको विउ वितरण गरिएको थियो । १३ जनाको लागि भने व्यवसायिक रुपमै तरकारी खेती संचालन गर्नको लागि उन्नत विउ वितरण, तरकारी खेती तालिम र प्रविधि सहयोग उपलब्ध गराइएको थियो ।

**फलफूल खेती:** फलफूल खेती व्यवसाय अन्तरगत स्याउ खेती सम्वन्धि आएको मागका आधारमा राँचुली, जुविथा र धौलागोह गाविसका जम्मा १०४ जनालाई स्याउका बुट्टा वितरण गरिएको थियो । जसमा फलफूलका विरुवा वितरण र प्रविधि सहयोग उपलब्ध गराइएको थियो ।

**पशु पालन:** यस आयोजनाको पशु, कृषि तथा बन विकास उपसंभाग अन्तरगत सवै भन्दा बढी अर्थात ९२ प्रतिशत लगानी भएको व्यवसाय नै पशु पालन हो । पशु पालन व्यवसायमा यस आ.व.मा लक्षित रकम रु. १,०४,६८,३३५। रहेकोमा सोही अनुसार १,०४,६८,३३५। खर्च भएको छ । यसरी पशुपालनको बार्षिक लक्ष्य तथा प्रगतिलाई हेर्दा १०० प्रतिशत भौतिक प्रगति र १०० प्रतिशत आर्थिक प्रगति भएको पाइएको छ । जस अन्तरगत बाखा पालन, भैसी पालन, कुखुरा पालन, खरायो पालन आदि व्यवसायहरु संचालन भइरहेका छन् । यस आ.व.मा आयोजना संचालित गाविसका जम्मा ४८९ जनालाई पशुहरु वितरण गर्ने लक्ष्य राखिएको मा सोही अनुसार ४८९ जनालाई पशुहरु उपलब्ध गरिएको छ । यसै गरि पशुपालन तालिम ५०१ जनालाई उपलब्ध गराइएको थियो । साथै ४८९ जनालाई पशुपालन सम्वन्धी प्राविधिक सेवा उपलब्ध गराइएको थियो ।

भने उनीहरुलाई पशुपालन तालिम र प्रविधि पनि सहयोग गरिएको छ । यसका साथै सेवा प्रदायकको प्रत्यक्ष रोहवरमा उनीहरुले सिफारिस गरेको आधारमा पशुहरु खरिद तथा वितरण गर्ने कार्य गरिएको थियो । पशु खरिद गर्दा सेवा प्रदायकले स्वास्थ्य परीक्षण गराएर गरिएको थियो र वितरण गर्नु भन्दा पहिले औषधी उपचार, ट्याङ्गि गरिसके पछि मात्र वितरण गरिएको थियो ।

**गैरकाष्ठ बन पैदावर तथा जडिवुटी :** यस शीर्षक अन्तरगत आयोजना संचालित १५ वटै गा.वि.स.हरुमा २१०० वटा डाले घाँसका विरुवा वितरण गरिएको थियो । लक्षित गाविसहरुबाट अधिकांश पशुपालन व्यवसाय संचालन गरिएको हुनाले अनिवार्य रुपमा घर छेउका बारी तथा कान्लाहरुमा डाले घाँसका विरुवाहरु लगाउनु पर्ने नीति लागू गरी प्रत्येक गाविसमा पशु पालन गर्ने व्यवसायीहरुको लागि डाले घाँसका विरुवा वितरण गरिएको थियो । यसैगरी गैर काष्ठ वन पैदावार अन्तर्गत आयोजना संचालित कालीका, पांखा, दाहां, नानीकोट,फुकोट, राम्नाकोट, स्युना र खिन गा.वि.स.का कवुलीयती वन क्षेत्र भित्र वृक्षारोपणका लागी टिमुर, दालचिनी, ओखर र रिठा गरी १०,१०० विरुवा वितरण गरी सम्वन्धित गा.वि.स.का कवुलियती वन क्षेत्रभित्र लगाउने कार्य गरिएको छ ।

**व्यवसायिक तथा गैर कृषि उपसंभाग :** यस उपसंभाग अन्तरगत विभिन्न गाविसहरुबाट भिन्न मागहरु आएका थिए । जसमा सिलाई कटाई, सुधारिएको पानी घट्ट र सुधारिएको आरन प्रविधि सहयोग आदि रहेका थिए । सो माग अनुसार विभिन्न निकायहरुसँग समन्वय तथा साझेदारी गरी कार्यक्रम संचालन गरिएको थियो । जसमा सिलाइकटाइ ६ जना, खुद्रा व्यापार ६ जना, नर्सरी १ जना, जुता सिलाइ २ जना, फर्निचर ५ जना, आरन ४ जना, मौरी पालन ३ जना, डोकाडाला वुनाई १ जना र सुधारिएको पानी घट्ट ९ जना रहेका छन् ।

## बजार विकास तथा संजाल निर्माण उपसंभाग

**सहकारी संस्था गठन तथा व्यवस्थापन :** आयोजनाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार जिल्लाका आयोजना संचालित गा.वि.स.हरुमा सहकारी संस्था स्थापनाका लागी आवश्यक कार्य संचालन गरी सहकारी संस्था स्थापना गर्ने उद्देश्य अनुसार जिल्लाका कालीका, दाहा., गेला, छाप्रे र जुविथा गा.वि.स.हरुमा सहकारी संस्था स्थपना गर्ने कार्य सम्पन्न भएको छ भने अन्य १० वटा गा.वि.स.हरुमा सहकारी सम्वन्धी ज्ञान दिने अभिमुखीकरण तालिम सम्पन्न गरी सहकारी संस्था स्थापनाका लागी आवश्यक कार्य संचालन भइरहेको छ ।

आयोजना संचालित ५ वटा गा.वि.स.मा रहेका सहकारी संस्थाको प्रगति विवरण निम्नानुसार छ ।

| S.N. | Name of Cooperative | Members | | | | | Capital | Loan Mobilization | No of Groups |
|---|---|---|---|---|---|---|---|---|---|
| | | Female | Male | Dalit | Others | Total | | | |
| 1 | Bhawani, Jubitha | 27 | 48 | 0 | 75 | 75 | 232500 | 15000 | 14 |
| 2 | Chulipuga Chhapre | 140 | 45 | 75 | 110 | 185 | 351500 | 60000 | 35 |
| 3 | Mahadev Kalika | 151 | 88 | 31 | 208 | 239 | 550000 | 515000 | 45 |
| 4 | Chulimalika Dahan | 130 | 131 | 66 | 195 | 261 | 530000 | 280000 | 51 |
| 5 | Balle Gela | 140 | 75 | 40 | 175 | 215 | 475000 | 470000 | 41 |
| **Total** | | **588** | **387** | **212** | **763** | **975** | **2139000** | **1340000** | **186** |

**पूर्वाधार विकास उपसंभाग :** साना भौतिक पूर्वाधार अन्तरगत यस आ.व.मा १२ वटा खानेपानी, ६ वटा सिंचाई पोखरी, ४ वटा सिचाइ कुलो, १ वटा सुधारिएको पानी घट्ट र १ वटा लघु जल विद्युत आयोजना गरी जम्मा २४ वटा आयोजना निर्माण तथा मर्मत गर्ने कार्य सम्पन्न भएको छ । यस उपसंभागको प्रगति हेर्दा १०० प्रतिशत भौतिक प्रगति १०० प्रतिशत आर्थिक प्रगति भएको देखिन्छ ।

| योजनाको नाम, किसिम | ल.ई अनुसार रकम | | | | कुल लागत |
|---|---|---|---|---|---|
| | आयोजना(उपाप) | समुदाय | गा.वि.स/अन्य | जि.वि.स | |
| श्री ढाँडखोला लघुजलविद्युत आयोजना मर्मत छाप्रे ७ | ६४९९९९.९ | ३४००१.९ | ० | ० | ६८४००१.८ |
| श्री नाउला खानेपानी निर्माण योजना धौलागोह ४ | २१९६७५.१ | ४१०९४.२ | १३७२५ | ० | २७४४९४ |
| श्री दाम खानेपानी निर्माण योजना धौलागोह ७ | ३८१४०२.२ | ७१३४८.१ | २३८२९ | ० | ४७६५७९.३ |
| श्री रिठा खानेपानी निर्माण योजना धौलागोह २ | २२३९२२.६ | ४१८८९.३ | १३९९० | ० | २७९८०२ |

| योजनाको नाम, किसिम | ल.ई अनुसार रकम | | | | कुल लागत |
|---|---|---|---|---|---|
| | आयोजना(उपाप) | समुदाय | गा.वि.स/अन्य | जि.वि.स | |
| श्री नैलधारा सिचाई पोखरी निर्माण योजना गेला १ र २ | ३५५६२६.३ | ७१३२७.३ | २२४७१ | ० | ४४९४२४.९ |
| श्री मुग्राह सिचाई पोखरी निर्माण योजना गेला २ | ४०९३७३.२ | ७६५८०.२ | २५५७७ | ० | ५११५२९.९ |
| श्री सिम सिचाई पोखरी निर्माण योजना कालिका ७ | ३८७३६०.६ | ७२४६२.४ | २४२०१ | ० | ४८४०२४.२ |
| श्री बाखे खानेपानी निर्माण योजना खिन ५ र ६ | २३१५९४.२ | ५७७९३.७ | ० | ० | २८९३८७.९ |
| श्री देवरकादी सिचाई कुलो मर्मत योजना खीन ३ | ८५७६३४.५ | २१४०१८ | ० | ० | १०७१६५३ |
| श्री तुसारे खानेपानी मर्मत योजना खिन ९ | २४७५२०.४ | ६१७६७.८ | ० | ० | ३०९२८८.२ |
| श्री भडारी सिचाई पोखरी निर्माण योजना पाँखा ८ र ९ | ५५३९९९.६ | ६९७४५.५ | ३९८१४ | ० | ६६३५५८.६ |
| श्री मोजपनेरा खानेपानी योजना फुकोट ७ र ८ | २९९९९९.९ | ३५१७८.८ | १७६४१ | ० | ३५२८१९.७ |
| श्री सिम्लापनेरा रोकायापाटा खानेपानी निर्माण योजना फुकोट ८ | ६००००० .७ | ७०३५८.७ | ३५२८२ | ० | ७०५६४१.५ |
| श्री मुलखोला सिल्की सिचाई कुलो मर्मत योजना राम्नाकोट १ र ४ | ६३२०००.५ | १८३१७७.२ | ० | ० | ८१५१७७.७ |
| श्री बुडिसैन सिचाई कुलो निर्माण योजना सिप्खाना ६ | ३३४४०६.७ | १११२९५.५ | ० | ० | ४४५७०२.२ |
| श्री सुनेमुल खानेपानी निर्माण योजना सिप्खाना ९ | १०६५५९३ | २६५९१३.३ | ० | ० | १३३१५०७ |
| श्री चौकेढुङ्गा धनावडीखोलि देखि कर्णाली टोल सम्म खानेपानी निर्माण योजना स्युना ३ र ६ | १२३७४०६ | ४४१२३२ | ८८३४९ | ० | १७६६९८८ |
| श्री लडेखोला थराला सिचाइ कुलो निर्माण योजना स्युना १ २ र ३ | २६२५८८ | ११३७९५.१ | ६१७८१ | ० | ४३८१६४.३ |
| श्री अङगाउ खानेपानी निर्माण योजना थिंपु ६ नाइवाडा | ३०४०००.६ | ७५८६१.९ | ० | ० | ३७९८६२.५ |
| श्री बरकोट सुधारिएको पानी घट निर्माण योजना थिर्पु ४ | १४९९९९.३ | १२९९१.३ | ० | ० | १६२९९०.६ |
| श्री काग्रेखोला सिचाई पोखरी निर्माण योजना दाहाँ ८ | ३६६३१७.४ | ६८५२६.२ | २२८८७ | ० | ४५७७३०.१ |
| गाविधारा सिंचाई पोखरी निर्माण योजना दाँहा १ | ४६१५३१.२ | ८९७८१.८ | २९०१७ | ० | ५८०३२९.५ |
| राँचुली खानेपानी र सरसफाई योजना राँचुली २,३,४ | २००००० | ० | ० | ० | २००००० |
| श्री हरीचौर चाखुडाडाँ खानेपानी निर्माण योजना जुबिथा ४ ७ र ८ | ६५१९१९.२ | १२४७७८.२ | ० | २९८४२ | ८०६५३९.४ |
| जम्मा | **११०८३८७२** | **२४०४९१८** | **४१८५६३** | **२९८४२** | **१३९३७१९५** |

## क्षमता विकास संभाग

**पूर्वाधार योजनाहरुको अभिमुखीकरण तालिम संचालन :** पश्चिम उच्च पहाडी गरिबी निवारण आयोजना संचालित गाविसहरुमा निर्माण गरिएका सामुदायिक पूर्वाधार योजनाहरुको वारेमा १ दिने अभिमुखीकरण कार्यक्रम संचालन गर्ने कार्य सम्पन्न गरिएको छ । आयोजना संचालित १४ वटा गा.वि.स.का २४ वटा पूर्वाधार योजनाका उपभोक्ता समितिका पदाधिकारीतथा सदस्यहरुलाई पूर्वाधार निर्माण तथा मर्मत सम्भार र योजनाको दिगो संचालनका लागि ध्यान दिनुपर्ने कुराका वारेमा सक्षम वनाउने कार्य गरिएको थियो । तालिम जिल्ला आयोजना समन्वय इकाइका सव इन्जिनीयर र असीष्टेन्ट सव इन्जिनीयरले सहजिकरण गरेका थिए । तालिममा १४ वटा गा.वि.स.का २४ वटा योजनाका ४४३ जना सहभागी भएका थिए ।

| क्र.सं. | गा.वि.स.को नाम | तालिमका सहभागीहरुको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | दलीत | | अन्य | | जम्मा | | जम्मा |
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| १ | दाहां | ० | ० | १७ | २१ | १७ | २१ | ३८ |
| २ | पांखा | ४ | ७ | ५ | ३ | ९ | १० | १९ |
| ३ | छाप्रे | ० | १ | ६ | १२ | ६ | १३ | १९ |
| ४ | जुविथा | १ | ० | ११ | ७ | १२ | ७ | १९ |
| ५ | गेला | ० | ३ | ५ | १८ | ५ | २१ | २६ |
| ६ | कालीका | ० | २ | ७ | १० | ७ | १२ | १९ |
| ७ | सिपखाना | ९ | १० | ८ | ११ | १७ | २१ | ३८ |
| ८ | स्युना | ८ | १३ | ७ | १० | १५ | २३ | ३८ |
| ९ | फुकोट | | | १६ | २२ | १६ | २२ | ३८ |
| १० | राम्नाकोट | ५ | ४ | ५ | ५ | १० | ९ | १९ |
| ११ | खिन | ६ | १२ | १४ | २५ | २० | ३७ | ५७ |
| १२ | धौलागोह | ३ | ४ | ११ | ३८ | १४ | ४२ | ५६ |
| १३ | थिर्पु | ४ | ४ | ११ | १९ | १५ | २३ | ३८ |
| १४ | रांचुली | ० | २ | ९ | ८ | ९ | १० | १९ |
| जम्मा | | ४० | ६२ | १३२ | २०९ | १७२ | २७१ | ४४३ |

**पशुपालन सम्वन्धी ३ दिने तालिम संचालन :** आयोजना संचालित १५ वटा गा.वि.स.मा आ.व. ०७१/०७२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सामुदायिक लगानी योजनाको आयआर्जन क्रियाकलाप अन्तर्गत पशुपालन व्यवसायगर्ने लक्षित वर्गहरुलाई पशुपालन सम्वन्धी आधारभुत ज्ञान दिनका लागी ३ दिने पशुपालन व्यवस्थापन तालिम संचालन गर्ने कार्य सम्पन्न गरिएको छ । ३ दिन सम्म संचालन गरिएको तालिममा पशुपालनको वारेमा जानकारी, पशुपालनका समस्याहरु, व्यवशायिक पशुपालनको आवश्यकता र महत्व, पशुमा लाग्नसक्ने सम्भावित आन्तरिक तथा वाह्य परजिवी र यसको नियन्त्रण तथा पशुपालनले मानव स्वास्थ्यमा पार्न सक्ने असर र यसको समाधानका लागी अपनाउनुपर्ने उपायहरुको वारेमा कृषकहरुलाई जानकारी प्रदान गर्ने कार्य गरिएको थियो । तालिम जिल्ला आयोजना समन्वय इकाइका जे.टी श्री चेतराज अवस्थी, जि.प.से.का.का प्राविधिक श्री हरी प्रसाद देवकोटा, स्वतन्त्र परामर्शदाताहरु श्री नमराज संज्याल, कृष्ण वहादुर शाही, विरेन्द्र धामी र सुरेन्द्र प्र. चौलागाइले सहजीकरण गर्नु भएको थियो । १५ वटा गा.वि.स.मा १६ वटा तालिमहरु संचालन गरिएको थियो भने तालिममा १५ वटा गा.वि.स.का जम्मा ५०१ जना कृषकहरु सहभागी भई व्यवसायिक पशुपालनका बारेमा जानकारी पाइ अवका दिनमा व्यवशायिक तथा व्यवस्थित रुपमा पशुपालन व्यवसायसंचालन गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए ।

| क.सं. | गा.वि.स.को नाम | तालिमका सहभागीहरुको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | दलीत | | अन्य | | जम्मा | | जम्मा |
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| १ | नानीकोट | ३ | १५ | ४ | २१ | ७ | ३६ | ४३ |
| २ | नानीकोट | ० | २ | ६ | २५ | ६ | २७ | ३३ |
| ३ | दाहां | ६ | २ | ६ | २ | १२ | ४ | १६ |
| ४ | पांखा | ९ | ४ | १४ | ५ | २३ | ९ | ३२ |
| ५ | जुविथा | ४ | ५ | १० | १७ | १४ | २२ | ३६ |
| ६ | गेला | २ | २ | ७ | २ | ९ | ४ | १३ |
| ७ | राम्नाकोट | ३ | १३ | ३ | २६ | ६ | ३९ | ४५ |
| ८ | कालीका | ३ | ० | ४ | ३ | ७ | ३ | १० |
| ९ | रांचुली | ८ | ५ | ११ | १० | १९ | १५ | ३४ |
| १० | छाप्रे | २ | ३ | १ | ७ | ३ | १० | १३ |
| ११ | स्युना र सिपखान | १ | ३ | ५ | ३ | ६ | ६ | १२ |
| १२ | धौलागोह | ४ | ७ | ४ | २१ | ८ | २८ | ३६ |
| १३ | नानीकोट | ४ | १७ | ७ | ४८ | ११ | ६५ | ७६ |
| १४ | खिन | १ | २ | ३ | ७ | ४ | ९ | १३ |
| १५ | थिर्पु | ३ | ५ | १८ | २८ | २१ | ३३ | ५४ |
| **जम्मा** | | **५५** | **८७** | **१२०** | **२३९** | **१७५** | **३२६** | **५०१** |

**व्यवसायिक तरकारी खेतीका लागी कृषक वाली पाठशाला तालिम संचालन :** आयोजनको आ.व. ०७१/०७२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत जिल्लाका स्युना, फुकोट, दाहां, गेला, छाप्रे र जुविथा गा.वि.स.हरुमा आयोजना अन्तर्गत निर्माण गरिएको सामुदायिक लगानी योजनाका आधारमा छनोट भएका लक्षित वर्गहरुलाइ व्यवसायिक रुपमा तरकी खेतीमा सक्षम एवं सवल वनाउनका लागी २२ हप्ते कृषक वाली पाठशाला हरु संचालन गर्ने कार्य सम्पन्न गरिएको छ । आयोजना संचालित ६ वटा गा.वि.स.मा ९ वटा कृषक वाली पाठशाला हरु संचालन गरिएका थिए । तालिममा व्यवसायिक रुपमा

तरकारी खेतीका लागी प्राविधिक सिप तथा एकीकृत रोग किरा व्यवस्थापन प्रविधीका वारेमा कृषकहरुलाइ सहभागीतात्मक रुपमा सहभागी गराइ कृषिउत्पादन तथा व्यवस्थापनका क्षेत्रमा दक्ष वनाउने कार्य गरिएको थियो ।तालिम २२ हप्तामा २२ वटा कक्षा संचालन गरिएको थियो तालिममा काउली, टमाटर, आलु, कांक्रा वालीको वारेमा प्रत्यक्ष व्यवसायीक रुपमा खेती तथा व्यवस्थापन गर्ने वारेमा छलफल, अन्तरक्रिया तथा प्रयोगात्मक रुपमा सहभागी गराइएको थियो । ९ वटा कक्षामा जम्मा २२५ जना कृषकहरु सहभागी भएका थिए ।

| क्र.सं. | गा.वि.स.को नाम | तालिमका सहभागीहरुको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | दलीत | | अन्य | | जम्मा | | जम्मा |
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| १ | दाहां, ९ | ० | ० | २३ | २ | २३ | २ | २५ |
| २ | दाहां १ र ४ | ४ | ० | १६ | ५ | २० | ५ | २५ |
| ३ | राम्नाकोट, ५ | १ | ० | १७ | ७ | १८ | ७ | २५ |
| ४ | गेला, ५ | ० | ० | १२ | १३ | १२ | १३ | २५ |
| ५ | स्युना | ३ | १ | १७ | ४ | २० | ५ | २५ |
| ६ | छाप्रे | १ | ० | २३ | १ | २४ | १ | २५ |
| ७ | छाप्रे | ० | ० | २५ | ० | २५ | ० | २५ |
| ८ | जुविथा | ५ | ० | ११ | ९ | १६ | ९ | २५ |
| ९ | फुकोट | ० | ० | १६ | ९ | १६ | ९ | २५ |
| जम्मा | | १४ | १ | १६० | ५० | १७४ | ५१ | २२५ |

**पौष्टिकता सम्वन्धि २ दिने तालिम संचालन :** पश्चिम उच्च पहाडी गरिबी निवारण आयोजना संचालित गाविसका बालबालिकाहरु र गर्भवती महिलाहरुमा विद्यमान कुपोषणलाई न्यूनिकरण गर्ने मूख्य उद्देश्यका साथ आयोजना संचालित १५ वटा गा.वी.स.का लक्षित वर्गका महिला तथा पुरुषहरुलाई २ दिने पोषण सम्वन्धी अभिमुखीकरण तालिम संचालन गर्ने कार्य गरिएको छ  छ । विद्यमान रुपमा हाम्रो समुदायमा रहेको कुपोषण र यसको न्यूनिकरणका लागिलक्षित समुदायको भुमिका लाई महशुस गराउनका लागितालिम संचालन गरिएको हो । तालिममा स्थानीय स्तरमा हाम्रो आहारको व्यवहार र यसले वालवालीकामा पार्ने प्रभावका वारेमा प्रष्ट्याउने कार्य गरिएको थियो । तालिममा समुदायका अति गरिब एवं गरिब समुदाका महिलाले आफ्नै लापरवाहीका कारणले हाम्रा वालवालीकाको स्वास्थ्यमा नकारात्मक असर परेको कुरा महशुस गरेको यथार्थ वताएका थिए । आगामी दिनमा यस्तो नगर्ने र हाम्रा वालवालिकालाई स्वस्थ वनाई भविष्यमा स्वस्थ जनशक्ति उत्पादनको लागि दत्तचित्त भई काम गर्ने बनाउनका लागि तालिमा संचालन गरिएको थियो ।तालिममा १५ वटा गा.वि.स.का जम्मा ३८१ जना सहभागी भएका थिए जसको विवरण तलको तालीकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | गा.वि.स.को नाम | तालिमका सहभागीहरुको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | दलीत | | अन्य | | जम्मा | | जम्मा |
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| १ | दाहां | ० | ० | ८ | १७ | ८ | १७ | २५ |
| २ | छाप्रे | ३ | २ | १४ | ६ | १७ | ८ | २५ |
| ३ | राम्नाकोट | २ | ४ | ७ | १२ | ९ | १६ | २५ |
| ४ | गेला | ११ | ० | १३ | १ | २४ | १ | २५ |
| ५ | पांखा | ४ | ४ | १० | ७ | १४ | ११ | २५ |
| ६ | स्युना | १५ | ० | १० | ० | २५ | ० | २५ |
| ७ | कालीका | ९ | ० | १६ | ० | २५ | ० | २५ |
| ८ | रांचुली | ५ | ० | २० | ० | २५ | ० | २५ |
| ९ | नानीकोट | ४ | ३ | १० | ८ | १४ | ११ | २५ |
| १० | खिन | ३ | ० | २२ | ० | २५ | ० | २५ |
| ११ | धौलागोह | ४ | १ | ६ | १४ | १० | १५ | २५ |
| १२ | जुविथा | ४ | ० | २३ | १ | २७ | १ | २८ |
| १३ | सिपखाना | ३ | ४ | ३ | १६ | ६ | २० | २६ |
| १४ | थिर्पु | ३ | ३ | ११ | ८ | १४ | ११ | २५ |
| १५ | फुकोट | ८ | ३ | ४ | १२ | १२ | १५ | २७ |
| जम्मा | | ७८ | २४ | १७७ | १०२ | २५५ | १२६ | ३८१ |

**पौष्टिकता सम्वन्धी जनचेतना अभियान कार्यक्रम :** लक्षित गाविसका गरिब तथा अति गरिब घरपरिवारका बालबालिका र गर्भवती महिलाहरुमा विद्यमान कुपोषणको न्यूनिकरण गर्ने यस आयोजनाको लक्ष्य रहे अनुरुप लक्षित गाविसहरुमा पोषण

सम्वन्धी जनचेतना जगाउने उद्देश्यले कार्यक्रम संचालन गरिएको थियो । जसमा प्रत्येक गाविसमा सार्वजनिक स्थलहरुमा कुपोषण सम्वन्धी जनचेतना जगाउने खालका नाराहरु लेख्ने कार्य सम्पन्न भएको छ । आयोजना संचालित १५ गाविसका लक्षित बर्गहरुलाई समेटी कुपोषण सम्वन्धी जनचेतना र पोषण सम्वन्धी नाराहरु लेख्ने कार्य संचालन गरिएको थियो ।

**सहकारी संस्था अभिमुखीकरण कार्यक्रम :** आयोजना संचालित १५ वटा गा.वि.स.मा आयोजनाको तेश्रो चरणको वहिर्गमन अवधिमा आयोजनाद्धारा संचालित गतिविधीहरु तथा सामुदायिक संस्था र सामुदायिक आयोजना समन्वय इकाइको निरन्तरता तथा आयोजनाका गतिविधिहरुको दिगो संचालन तथा प्रभावकारीता र निरन्तरता दिने लक्ष्य अनुसार जिल्लाका आयोजना संचालित गा.वि.स.हरुमा सहकारी संस्था स्थापना तथा विकासका लागी सहकारी स्थापना गर्न प्रारम्भिक चरणमा १५ वटै गा.वि.स.मा १ दिने सहकारी शिक्षा सम्वन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ । आयोजना अन्तर्गत गठन गरिएका सामुदायिक संस्थाका पदाधिकारी, सामुदायिक आयोजना समन्वय इकाइका पदाधिकारी र वडा नागरिक मञ्चका पदाहिकारी हरुलाई सहकारीका वारेमा अभिमुखीकरण गर्ने कार्य सम्पन्न भएको छ । अभिमुखिकरण कार्यक्रममा सहकारी संस्थाको परिचय, लक्ष्य उद्देश्य निर्धारण, कार्ययोजना तथा सहकारी का ७ सिद्धान्तका वारेमा जानकारी गराउने कार्य गरिएको छ । आयोजना संचालित कालीका, दाहां, गेला, छाप्रे र जुविथा गा.वि.स.हरुमा साना किसान कृषिसहकारी संस्थाको वारेमा र अन्य १० वटा गा.वि.स.मा कृषिसहकारी संस्थाको वारेमा अभिमुखिकरण गर्ने कार्य गरिएको थियो । अभिमुखकिरण तालिममा १५ वटा गा.वि.स.का जम्मा ६८४ जना सहभागी भएका थिए जसको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

| क्र.सं. | गा.वि.स.को नाम | तालिमका सहभागीहरुको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | दलीत | | अन्य | | जम्मा | | जम्मा |
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| १ | दाहां | ३ | ४ | ८ | ३० | ११ | ३४ | ४५ |
| २ | गेला | ८ | ० | २१ | १५ | २९ | १५ | ४४ |
| ३ | जुविथा | २ | १ | १५ | २८ | १७ | २९ | ४६ |
| ४ | राम्नाकोट | ४ | ९ | १४ | १९ | १८ | २८ | ४६ |
| ५ | छाप्रे | २ | ९ | ५ | ३२ | ७ | ४१ | ४८ |
| ६ | कालीका | ५ | ५ | २० | १५ | २५ | २० | ४५ |
| ७ | रांचुली | ६ | ८ | ८ | २६ | १४ | ३४ | ४८ |
| ८ | स्युना | ३ | ७ | १४ | २१ | १७ | २८ | ४५ |
| ९ | पांखा | ८ | ४ | १२ | २२ | २० | २६ | ४६ |
| १० | धौलागोह | ५ | ७ | १० | २३ | १५ | ३० | ४५ |
| ११ | नानीकोट | ८ | ७ | ८ | २२ | १६ | २९ | ४५ |
| १२ | खिन | ७ | ६ | २ | २९ | ९ | ३५ | ४४ |
| १३ | सिपखाना | १ | ६ | ७ | ३१ | ८ | ३७ | ४५ |
| १४ | फुकोट | ९ | ७ | १० | १९ | १९ | २६ | ४५ |
| १५ | थिर्पु | ४ | ६ | १५ | २२ | १९ | २८ | ४७ |
| **जम्मा** | | **७५** | **८६** | **१६९** | **३५४** | **२४४** | **४४०** | **६८४** |

**सहकारी व्यवस्थापन सम्वन्धी ८ दिने तालिम :** आयोजना संचालित कालीका, दाहां, गेला, छाप्रे र जुविथा गा.वि.स.मा आयोजना को आ.व.०७१/०७२ को वार्षीक स्वीकृत कार्यक्रम अनुसार साना किसान कृषिसहकारी संस्था स्थापनाका लागी आयोजना र साना किसान कृषिसहकारी संस्था लि. वीच भएको सम्झौता अनुसार जिल्ला आयोजना समन्वय इकाइ अन्तर्गत ५ वटा गा.वि.स.का सामाजिक परिचालक तथा सम्वन्धित गा.वि.स.का सहकारी संस्था सल्लाहकार समितीका पदाधीकारीहरुलाई साना किसान कृषिसहकारी संस्था सम्वन्धी सहकारी प्रशिक्षक प्रशिक्षण तालिम संचालन गर्ने कार्य सम्पन्न गरिएको छ । तालिममा जिल्ला आयोजना समन्वय इकाइ र सम्वन्धित गा.वि.स.का गरी जम्मा २० जना सहभागी भएका थिए । ८ दिन सम्म संचालिततालिममा सहकारी संस्थाको ऐतिहासिक पृष्ठभुमी, परिचय, लक्ष उद्देश्य तथा सहकारीका सिद्धान्त र विकासका वारेमा छलफल भएको थियो ।तालिम ८ दिनमा ३२ सेशनमा विभाजन गरिएको थियो । तालिमको सहजीकरण सानाकिसान कृषि सहकारी केन्द्रीय संघका प्रतिनिधी श्री.हरी अधिकारी र श्री डम्वर के.सी.ले गर्नुभएको थियो । तालिमका सहभागी हरुको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

| क.सं. | तालिमसंचालित स्थान | तालिमका सहभागीहरुको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | दलीत | | अन्य | | जम्मा | | जम्मा |
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| १ | मान्मा, ५ कालिकोट | १ | ० | ३ | १६ | ४ | १६ | २० |

**सहकारीको लेखा व्यवस्थापन सम्वन्धी ४ दिने तालिम :** आयोजना संचालित कालीका, दाहां, गेला, छाप्रे र जुविथा गा.वि.स.मा आयोजना को आ.व.०७१/०७२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार साना किसान कृषिसहकारी संस्थाको लेखा व्यवस्थापनका लागी जिल्ला आयोजना समन्वय इकाइ अन्तर्गत ५ वटा गा.वि.स.का सामाजिक परिचालक तथा सम्वन्धीत गा.वि.स.का सहकारी संस्थाका तदर्थ समितीका पदाधिकारिहरुलाई साना किसान कृषिसहकारी संस्थाको लेखा व्यवस्थापन सम्वन्धी ४ दिने तालिम संचालन गर्ने कार्य सम्पन्न गरिएको छ । तालिममा जिल्ला आयोजना समन्वय इकाइ र सम्वन्धित गा.वि.स.का गरी जम्मा २४ जना सहभागी भएका थिए । ४ दिन सम्म संचालिततालिममा सहकारी संस्थामा प्रयोग हुने विभिन्न खातापाता र लेखा व्यवस्थापनका वारेमा छलफल भएको थिया ।तालिम ४ दिनमा १६ सेशनमा विभाजन गरिएको थियो । तालिमको सहजीकरण सानाकिसान कृषिसहकारी केन्द्रीय संघका प्रतिनीधि श्री नवराज नेपाल र श्री नृप खड्काले गर्नुभएको थियो । तालिमका सहभागीहरुको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

| क.सं | तालिमसंचालित स्थान | तालिमका सहभागीहरुको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | दलीत | | अन्य | | जम्मा | | जम्मा |
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| १ | मान्मा, ५ कालिकोट | २ | २ | ७ | १३ | ९ | १५ | २४ |

**सकारात्मक सोधखोज सम्वन्धी तालिम संचालन :** आयोजना समन्वय इकाइ, रांभा वांकेको आ.व. ०७१/०७२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार जिल्ला आयोजना समन्वय इकाइ, कालिकोटका कर्मचारीहरुको क्षमता विकासका लागी ३ दिने सकारात्मक सोध खोज पद्धतितालिम सम्पन्न गरिएको छ । जिल्ला विकास समितीको कार्यालय, कालिकोटका कर्मचारी तथा आयोजनाका जिल्ला आयोजना समन्वय इकाइ, कालिकोटका कर्मचारीलाई विकासमा सकारात्मक सोचको विकास लागी सैद्धान्तिक ज्ञानको विकास गराउनका लागी तालिम संचालन गरिएको हो । तालिम ३ दिनमा जम्मा १२ वटा सेशनमा विभाजन गरिएको थियो । तालिमको सहजिकरण स्थानीय विकास अधिकारी श्री टीकाराम ज्ञवाली र योजना अनुगमन तथा प्रशासकीय अधिकृत श्री भोलाप्रसाद चापागाई ज्यूले गर्नुभएको थियो । तालिममा जिल्ला आयोजना समन्व्य इकाइका कर्मचारी तथा जिल्ला विकास समितीको कार्यालय, कालिकोटका गरी जम्मा .४० जना सहभागी भएका थिए ।

| क.सं. | तालिमसंचालित स्थान | तालिमका सहभागीहरुको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | दलीत | | अन्य | | जम्मा | | जम्मा |
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| १ | मान्मा, ५ कालिकोट | १ | २ | ५ | ३२ | ६ | ३४ | ४० |

**सिकाइको यात्रा सम्वन्धी तालिम संचालन :** जिल्ला आयोजना समन्वय इकाइ, को आ.व. ०७१/०७२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार जिल्ला आयोजना समन्वय इकाइ, कालिकोटका कर्मचारीहरुको क्षमता विकासका लागी २ दिने सिकाइको यात्रा सम्वन्धी तालिम संचालन गर्ने कार्य सम्पन्न गरिएको छ । आयोजनाका कर्मचारीलाई आयोजनाको सफलताका कथा व्यवस्थापन तथा आयआर्जन क्रियाकलापहरु, क्षमता विकास तथा संसथागत विकासमा भएका गतिविधिहरुको कथा तथा सफलताको व्यवस्थापनका लागि सक्षम वनाउनका लागी तालिम संचालन गरिएको हो । तालिम ३ दिनमा जम्मा १२ वटा सेशनमा विभाजन गरिएको थियो । तालिमको सहजिकरण योजना अनुगमन तथा प्रशासकिय अधिकृत श्री भोला प्रसाद चापागाई, सह जिल्ला आयोजना समन्वयकर्ता श्री रेशम वहादुर शाही र वरिष्ठ सामाजिक परिचालक दिनेश संज्यालले गर्नुभएको थियो । तालिममा जिल्ला आयोजना समन्व्य इकाइका कर्मचारीहरु जम्मा ३१ जना सहभागी भएका थिए ।

| क.सं. | तालिमसंचालित स्थान | तालिमका सहभागीहरुको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | दलीत | | अन्य | | जम्मा | | जम्मा |
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| १ | दाहां, कालिकोट | ३ | ० | ७ | २१ | १० | २१ | ३१ |

**अनुगमन तथा मुल्यांकन सम्वन्धी तालिम संचालन :** आयोजना समन्वय इकाइ, रांभा वांकेको आ.व. ०७१/०७२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार जिल्ला आयोजना समन्वय इकाइ, कालिकोटका कर्मचारीहरुको क्षमता विकासका लागी २ दिने अनुगमन तथा मुल्यांकन तालिम सम्पन्न गरिएको छ । जिल्ला आयोजना समन्वय इकाइ, कालिकोटका कर्मचारीलाई विकासमा अनुगमनको सैद्धान्तिक ज्ञानका साथै अनुगमन तथा विष्लेशणका क्षेत्रमा क्षमता विकासका लागितालिम संचालन गरिएको हो । तालिम २ दिनमा जम्मा ८ वटा सेशनमा विभाजन गरिएको थियो । तालिमको सहजिकरण सह जिल्ला आयोजना समन्वयकर्ता श्री रेशम वहादुर शाहीले गर्नुभएको थियो । तालिममा जिल्ला आयोजना समन्व्य इकाइका कर्मचारीहरु सहभागी भएका थिए ।

| क.सं. | तालिमसंचालित स्थान | तालिमका सहभागीहरुको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | दलीत | | अन्य | | जम्मा | | जम्मा |
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| १ | मान्मा, ५ कालिकोट | १ | २ | ३ | १६ | ४ | १८ | २२ |

## जिल्ला सेवा प्रवाहमा सुधार

**सेवा प्रवाह सुधारका लागि समन्वय तथा सहकार्य :** यस उपसंभाग अन्तरगत यस आ.व.मा कुनै ठोस कार्यक्रम नभए पनि जिल्ला स्तरका विभिन्न निकायहरुबाट प्रवाह गरीने सेवाको सुधारका लागि केही आवश्यक पहलहरु गरिएको थियो । जसमा जिल्ला स्तरका विभिन्न निकायहरुसँग समन्वय तथा सहकार्य गरिएको थियो । गाविस स्तरका लक्षित बर्गहरुको लागि विभिन्न निकायहरुले प्रवाह गर्ने सेवा सुधारका लागि जिल्ला स्तरीय सरकारी कार्यालयहरु जिल्ला पशु सेवा कार्यालय, जिल्ला कृषि विकास कार्यालय, जिल्ला बन कार्यालय, जिल्ला घरेलु कार्यालय तथा गैर सरकारी कार्यालयहरुसँग समन्वय र सहकार्य गरिएको थियो । साथै लक्षित वर्गका मागहरुलाई सम्वोधन गर्नको लागि जिल्ला स्तरमा सेवा प्रदायकहरुको सूची तयार पारी उनीहरुबाट नै आवश्यक सेवा तथा सुविधाहरु उपलब्ध गराउने परिपाटीको विकास भएको छ ।

**सेवा प्रवाह सुधारका लागी सेवा प्रदायकहरुलाई ३ दिने तालिम संचालन :** आयोजना अन्तर्गत आ.व. ०७१/०७२ मा संचालन गरिएका कृषितथा पशुपालन अन्तर्गत सूचीकृत भई सेवा प्रदान गरेका सेवा प्रदायकहरुलाई ३ दिने सेवा प्रवाह सुधार सम्वन्धी तालिम संचालन गरिएको छ । गाविस स्तरका लक्षित बर्गहरुको लागि विभिन्न निकायहरुले प्रवाह गर्ने सेवा सुधारका लागि जिल्ला स्तरीय सरकारी कार्यालयहरु जिल्ला पशु सेवा कार्यालय, जिल्ला कृषि विकास कार्यालय, जिल्ला बन कार्यालय, जिल्ला घरेलु कार्यालय तथा गैर सरकारी कार्यालयहरुसँग समन्वय र सहकार्य गरी सेवा प्रवाहमा सुधार ल्याउनका लागि गर्नु पर्ने कार्य र आगामी दिनमा सेवा प्रवाह गर्दा अझ प्रभावकारी वनाउनु पर्ने वारेमा छलफल गरिएको थियो । साथै लक्षित वर्गका मागहरुलाई सम्वोधन गर्नको लागि जिल्ला स्तरमा सेवा प्रदायकहरुको सूची अद्यावधिक पारी उनीहरुबाट नै आवश्यक सेवा तथा सुविधाहरु उपलब्ध गराउने परिपाटीको विकास गराउने कार्यलाई थप प्रभावकारी वनाउने कुरामा छलफल भएको थियो । ३ दिन सम्म संचालिततालिममा जिल्ला आयोजना समन्वय इकाइका कर्मचारी र सेवा प्रदायक गरी जम्मा ३० जना सहभागी भएका थिए जसको विवरण निम्नानुसार रहेको छ ।

| क.सं. | तालिमसंचालित स्थान | तालिमका सहभागीहरुको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | दलीत | | अन्य | | जम्मा | | जम्मा |
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| १ | मान्मा, ५ कालिकोट | १ | २ | ४ | २३ | ५ | २५ | ३० |

**आयोजना यवस्थापन**

| क. स. | गरिएका क्रियाकलापहरु | इकाई | प्रगति | | प्रतिशत |
|---|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति | |
| १ | जिल्ला स्तरीय सेवा समन्वय समिति ( DSCC) गठन | पटक | ८ | ८ | १०० |
| २ | जिल्ला स्तरीय हित प्रवर्धन समिति को वैठक संचालन | पटक | २ | १ | ५० |
| ३ | सामुदायिक आयोजना समन्वय इकाई संचालन | वटा | १५ | १५ | १०० |

| क्र. स. | गरिएका क्रियाकलापहरु | इकाई | प्रगति | | प्रतिशत |
|---|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति | |
| ५ | डकुमेन्ट्री तयारी, ब्रोसर, न्युज लेटर, स्थानीय संचार माध्यामबाट प्रसारण | लमसम | १ | १ | १०० |

**जिल्ला स्तरीय सेवा समन्वय समिति (DSCC) गठन :** उपाप आयोजनालाई समन्वयकारी र प्रभावकारी ढंगबाट संचालन गर्नको लागि स्थानीय विकास अधिकारीको अध्यक्षतामा ८ सदस्यीय जिल्ला सेवा समन्वय समिति (District Service Coordination Committee) गठन भई क्रियाशील रहदै आएको छ । जसमा जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशु सेवा कार्यालय, जिल्ला बन कार्यालय, जिल्ला प्राविधिक कार्यालय, स्थानीय विकास कोषको प्रतिनिधित्व रहदै आएको छ । यस आ.व.मा जिल्ला स्तरीय सेवा समन्वय समिति **(DSCC)** को बैठकको बार्षिक लक्ष्य १२ पटक भए पनि विभिन्न मितिमा गरी जम्मा ४ पटक मात्र सम्पन्न गरिएको छ । अर्थात ३३.३३ प्रतिशत उपलब्ध हाँसिल भएको छ । यसरी विभिन्न मितिमा सम्पन्न बैठकमा गरिएका महत्वपूर्ण निर्णयहरु तलको तालिकाम प्रस्तुत गरिएको छ ।

| क्र.सं. | बैठक मिति | उपस्थिति संख्या | | महत्वपूर्ण निर्णयहरु |
|---|---|---|---|---|
| | | पदाधिकारी | आमन्त्रित | |
| १. | २०७२/४/१८ | ७ | ४ | • आ.व. २०७०/७१ मा संचालित कार्यक्रमको बार्षिक समिक्षा गरियो । <br>• आ.व. २०७१/७२ का लागि प्रस्तावित वजेट तथा कार्यक्रम आयोजना समन्वय इकाई नेपालगंजमा पेश गर्ने निर्णय गरियो |
| २. | २०७२/५/२३ | ७ | ४ | • आ.व. २०७०/७१ को लागि स्विकृत बजेट तथा कार्यक्रमको बारेमा सहभागीहरुलाई जानकारी गराइयो |
| ३ | २०७२/९/०७ | ७ | ५ | • सामुदायिक लगानी योजना कार्यान्वयनको प्रगति समिक्षा <br>• आ.व. ०७१/०७२ को वार्षिक स्वीकृत कार्यक्रमको वारेमा जानकारी <br>• नियमित रुपमा जिल्ला स्तरीय सेवा समन्वय समितीको वैठक संचालन तथा समन्वय गर्ने |
| ४ | २०७२/१/१० | ७ | ४ | • कृष वाली पाठशाला संचालित स्थानमा विषेश कक्षा संचालनका लागी कृषिसेवा केन्द्र संग समन्वय गर्ने वारे छलफल । <br>• आयोजनाका क्रियाकलापहरुको संयुक्त अनुगमन गर्ने वारे छलफल । <br>• जिल्ला स्तरमा सेवा खरिदका लागी सेवा प्रदायकहरुको रोष्टर अद्यावधिक गरी सेवा दिनका लागी सम्झौता गर्ने । |

**जिल्ला स्तरीय हित प्रबर्द्धन समितिको गोष्ठी संचालन :** यो आयोजना संचालन भएका गाविसहरुका लक्षित वर्गहरुको प्रतिनिधित्व हुने गरी जिल्ला स्तरीय सेवाग्राही हित प्रबर्द्धन समिति गठन गरिएको छ । सर्वप्रथम प्रत्येक गाविसबाट सामुदायिक आयोजना समन्वय इकाईको निर्णयबाट २/२ जनाका दरले प्रतिनिधि छनौट गरिएको थियो । यसरी छनौट भएका प्रतिनिधहरुको सहभागितामा मिति २०७१ जेष्ठ ३१ गते सम्पन्न जिल्लास्तरीय भेलामा श्री चक्रबहादुर बमको संयोजकत्वमा र सह जिल्ला आयोजना समन्वयकर्ता सदस्य सचिव रहने गरी ३७ सदस्यीय जिल्ला स्तरीय सेवाग्राही हित प्रबर्द्धन समिति गठन गरिएको थियो । सोही अनुसार आ.व. ०७१/०७२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सेवा ग्राही हित प्रबर्द्धन वोर्डको वार्षीक रुपमा गोष्ठी गरिएको थियो । गोष्ठीमा १५ वटै गा.वि.स.का गरी ४७ जना सहभागी भएका थिए । गोष्ठीमा आ.व.०७१/०७२ मा गरिएका क्रियाकलापहरुको समिक्षा तथा आ.व. ०७२/०७३ गरिने क्रियाकलापहरुको कार्ययोजना निर्माण गर्ने कार्य सम्पन्न गरिएको थियो । साथै आगामी दिनमा उक्त हित प्रबर्द्धन समितिको काम कारवाहीलाई प्रभावकारी

ढंगले काकार्यन्वयन गर्नको लागि लाग्नु पर्ने र अझ प्रभावकारी वनाउनु पर्ने कुरा योजना अनुगमन तथा प्रशासकिय अधीकृत श्री भोला प्रसाद चापागाँइले वताउनु भएको थियो । गोष्ठीका सहभागी हरुको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

<table>
<tr><th rowspan="3">क्र.सं.</th><th rowspan="3">वैठक संचालित स्थान</th><th colspan="7">वैठकका सहभागीहरुको विवरण</th></tr>
<tr><th colspan="2">दलीत</th><th colspan="2">अन्य</th><th colspan="2">जम्मा</th><th rowspan="2">जम्मा</th></tr>
<tr><th>महिला</th><th>पुरुष</th><th>महिला</th><th>पुरुष</th><th>महिला</th><th>पुरुष</th></tr>
<tr><td>१</td><td>मान्मा-५, कालिकोट</td><td>२</td><td>४</td><td>९</td><td>३२</td><td>११</td><td>३६</td><td>४७</td></tr>
</table>

**सामुदायिक आयोजना समन्वय इकाई संचालन :** प्रत्येक गाविसमा लक्षित वर्गलाई समेटी १/१ वटा सामुदायिक आयोजना समन्वय इकाई गठन गरिएको छ । उक्त सामुदायिक आयोजना समन्वय इकाईको नियमित बैठक संचालन गर्ने गरिएको छ । सो इकाईले सामुदायिक लगानी योजना कार्यान्वयनमा सहजिकरण, अनुगमन तथा मूल्यांकन गर्ने कार्य भइरहेको छ । सामुदायिक आयोजना समन्वय इकाइको मासिक रुपमा वैठक वस्छ ।

**डकुमेन्ट्री तयारी, ब्रोसर, न्युज लेटर, स्थानीय संचार माध्यामबाट प्रसारण :** आयोजना अन्तरगत विभिन्न गाविसमा संचालित क्रियाकलापहरुको प्रचार तथा प्रसारणका लागि जिल्लामा अवस्थित २ वटा स्थानीय रेडियोबाट नियमित रुपमा प्रसारण गर्ने गरिएको थियो । साथै स्थानीय पत्र पत्रिकामा पनि नियमित रुपमा प्रकाशन गर्ने गरिएको थियो । आयोजना संचालित १५ वटै गा.वि.स.मा भएका गतिविधिहरुको भिडीयो डकुमेन्ट्री तयारी गर्ने कार्य मालिका चलचित्र प्रा.लि. कोहलपुरसंग सम्झौता भई निर्माण  गरिएको छ ।

**यस आ.ब.मा अपेक्षित लक्ष्य प्राप्त गर्दा वा प्राप्त गर्न असफल भएमा, भोगेका प्रमुख समस्या :**यस आर्थिक बर्षमा अपेक्षित लक्ष्यमा जम्मा ९८ प्रतिशत भौतिक प्रगति र ९६.४१ प्रतिशत आर्थिक प्रगति हाँसिल भएको छ । यस आ.व. मा व्यवसायिक तथा गैर कृषि उपसंभाग, बजार विकास तथा संजाल निर्माण उपसंभागहरुमा लक्षित उपलब्धि सन्तोषमुलक रुपमा गर्न सकिएको छैन । यी उपसंभाग बाहेक अन्य उपसंभागहरुमा लक्ष्य भन्दा बढी उपलब्धी हाँसिल भए पनि माथि उल्लेखित उपसंभागहरुमा अपेक्षित उपलब्धि हाँसिल भएको छैन ।

**आयोजना समन्वय**

| समन्वय संस्था | क्रियाकलाप | उद्देश्य | उपलब्धि |
|---|---|---|---|
| जिल्ला कृषि विकास कार्यालय, कालिकोट | वैठक, भेटघाट | संभाव्यता अध्ययन, सेवा प्रदायकहरुको रोष्टर तयारी तथा प्राविधिक परिचालन | सामुदायिक आयोजना समन्वय इकाई गठन गरिएका १५ वटै गा.वि.समा प्राविधिकहरु परिचालन गरी प्राविधिक सेवा तथा कृषक वाली पाठशाला संचालित स्थानमा विशेष कक्षा संचालन  गर्नको लागि छलफल गरिएको । उक्त कार्यालयमा प्राप्त जनशक्तिहरुलाई परिचालन गरी सहयोग गर्ने प्रतिवद्धता व्यक्त । |
| जिल्ला पशु सेवा कार्यालय, कालिकोट | वैठक, भेटघाट | संभाव्यता अध्ययन, सेवा प्रदायकहरुको रोष्टर तयारी तथा प्राविधिक परिचालन | सामुदायिक लगानी योजना अनुसार आयोजना संचालित १५ वटा गा.वि.स.मा पशुपालन व्यवसायगर्ने कृषकहरुलाई पशुपालन तालिम तथा प्राविधीक सेवा प्रदान गर्नका लागी सेवा केन्द्का कर्मचारीहरु परिचालन गर्ने वारेमा छलफल तथा प्रतिवद्धता । |
| जिल्ला वन कार्यालय, कालिकोट | वैठक, भेटघाट | संभाव्यता अध्ययन, सेवा प्रदायकहरुको रोष्टर तयारी तथा प्राविधिक परिचालन | सामुदायिक आयोजना समन्वय इकाई गठन गरिएका १५ वटै गा.वि.समा प्राविधिकहरु परिचालन गरी प्राविधिक सेवा प्रदान गर्नको लागि छलफल गरिएको । उक्त कार्यालयमा प्राप्त जनशक्तिहरुलाई परिचालन गरि सहयोग गर्ने प्रतिवद्धता व्यक्त । |

| समन्वय संस्था | क्रियाकलाप | उद्देश्य | उपलब्धि |
|---|---|---|---|
| जिल्ला घरेलु कार्यालय, नेपाल जलवायु परिवर्तन | सिलाई कटाई तालिममा | सिलाई कटाई तालिम सम्पन्न गर्ने | नेपाल जलवायु परिवर्तन कार्यक्रम कालिकोट र जिल्ला घरेलु कार्यालयसँगको समन्वय तथा साझेदारीमा जिल्लामा आयोजना संचालित क्षेत्रका लक्षित वर्गहरुलाई सेवा प्रदान गर्दा समन्वय तथा सहकार्य गर्ने निर्णय भएको थियो । |
| सेवा प्रदायकहरु | व्यवसायिक परामर्श तथा अनुगमन | परामर्श उपलब्ध गराउने र अनुगमन गर्ने | जिल्ला आयोजना समन्वय इकाईले सूचिकृत गरेका सरकारी तथा गैर सरकारी र निजि सेवा प्रदायकहरुसँग समन्वय गरी लक्षित वर्गबाट माग भई आएका व्यवसायको बारेमा आवश्यक परामर्श उपलब्ध गराइएको थियो भने सो संचालित व्यवसायहरुको अनुगमन तथा मूल्यांकन गरिएको थियो । |
| मेडेप | भेटघाट तथा छलफल | समन्वय तथा सहकार्य | व्यवसायिक तालिम संचालन तथा सहकारी संस्था स्थापनाका लागी समन्वय तथा सहकार्य भएको थियो । |
| विभिन्न सहकारी संस्थाहरु | समन्वय तथा भेटघाट | समन्वय तथा सहकार्य | सानाकिसान कृषिसहकारी संस्था स्थापना तथा विकासका लागी जिल्ला तथा गा.वि.स. स्तरमा रहेका सहकारी संस्थाहरु संग समन्वय तथा सहकार्य गरी ५ वटा गा.वि.स.मा सहकारी संस्था स्थापना भएका । |
| डिभिजन सहकारी कार्यालय जुम्ला | छलफल, भेटघाट | समन्वय | सानाकिसान कृषि सहकारी संस्था दर्ताका लागि समन्वय तथा सहकार्य गरी ५ वटा गा.वि.स.मा सहकारी संस्था दर्ता भएका । |
| आयोजना संचालित गा.वि.स.का कार्यालयहरु | समन्वय तथा भेटघाट | समन्वय | आयोजना अन्तर्गत निर्माण गरिएका पूर्वाधार योजनाका लागी साझदारी रकम का लागी समन्वय तथा सहकार्य भई रु. ४,१८,५६३। रकम साझेदारी गरिएको । |

## अनुगमन तथा मूल्यांकन  ज्ञान व्यबस्थापन : अनुगमन तथा मूल्यांकन

**जिल्ला आयोजना समन्वय इकाईका कर्मचारीहरुबाट :** यस आर्थिक बर्षमा उपाप आयोजनालाई सफल रुपमा कार्यान्वयन गरी अपेक्षित उपलब्धि हाँसिल गर्नको लागि अनुगमन तथा मुल्यांकनलाई सफल औजारको रुपमा प्रयोग गरिएको थियो । गा.वि.स स्तरीय क्रियाकलापहरुको प्रत्यक्ष अनुगमन गर्नको लागि सामाजिक परिचालकहरुलाई जिम्मेवारी सुम्पीएको थियो । वरिष्ठ सामाजिक परिचालकहरुलाई पनि सामाजिक परिचालक तथा क्रियाकलापहरुको अनुगमन गर्न जिम्मेवारी दिईएको थियो । भौतिक पूर्वाधारहरुको अनुगमन गर्नको लागि प्रत्यक्ष रुपमा प्राविधिकहरुलाई परिचालन गरिएको थियो । समग्रमा जिल्ला भित्रका गतिविधिहरुको अनुगमन गर्नको लागि जिल्ला आयोजना समन्वय इकाइका सदस्यहरुलाई परिचालन गरिएको थियो ।

सामाजिक परिचालक सम्वन्धित गाविसमै रहने भएकोले निरन्तर रुपमा अनुगमन गरिने र जिल्ला आयोजना समन्वय इकाईका कर्मचारीद्वारा सम्पूर्ण गाविसमा कार्यान्वयन भइरहेको सामुदायिक लगानी योजना अन्तरगतका क्रियाकलापहरुको निरन्तर रुपमा अनुगमन तथा मूल्यांकन गरिएको थियो । कृषि, पशु तथा वन सम्वन्धि आएका मागहरुको संभाव्यता अध्ययन गर्न तथा यस्ता क्रियाकलापहरुको अनुगमन गर्न सम्वन्धित निकायहरुको परिचालन गरिएको थियो । CPCU गठन गरिएका हरेक गाविसमा कृषि, पशु, वन तथा प्राविधिक जनशक्तिको अनुगमन १/१ पटक गरिएको थियो । हरेक गाविसमा रहेका सामुदायिक संस्थाहरुको अनुगमन तथा मूल्यांकन गरी उनीहरुको वर्तमान अवस्था, वचत तथा ऋण परिचालनको अवस्थावारे जानकारी लिईएको थियो ।

**जिल्ला आयोजना सेवा समन्वय समिति (DSCC) बाट :** यसै जिल्ला आयोजना सेवा समन्वय समितिद्वारा दाहाँ गाविसमा सामुदायिक लगानी योजना कार्यान्वयन प्रक्रियाको अनुगमन तथा मूल्यांकन गरिएको थियो । उक्त कार्याक्रममा दाहाँ गाविसमा लक्षित बर्गको प्रत्यक्ष सहभागितामा निर्मित सामुदायिक लगानी योजना अन्तर्गत संचालन तथा सम्पन्न गरिएका

क्रियाकलापहरुको प्रत्यक्ष अनुगमन तथा सिकाइको यात्रा सम्वन्धी तालिममा सहजिकरण समेत गरिएको थियो । जसमा स्थानीय विकास अधिकारी श्री टीकाराम ज्ञवाली, जिल्ला स्तरिय सेवा समन्वय समितिका पदाधिकारी, राजनैतिक दलका प्रतिनिधिहरु, पत्रकारहरुको उपस्थिति रहेको थियो ।

**आयोजना समन्वय इकाई नेपालगंजबाट :** यस जिल्लामा संचालित सम्पूर्ण क्रियाकलापहरुको अनुगमन तथा मूल्यांकन आयोजना समन्वय इकाई नेपालगंजबाट पनि समय समयमा गरिएको थियो । आयोजना समन्वय इकाई नेपालगंजबाट दाहाँ गाविसमा संचालित क्रियाकलापहरुको अनुगमन तथा मूल्यांकन गरिएको थियो । सो अनुगमन तथा मूल्यांकन टोलीमा आयोजना समन्वयकर्ता श्री उत्तमप्रसाद नागिला र योजना तथा अनुगमन विज्ञ श्री ध्रुब रेग्मी, लेखापाल श्री कमल पन्थी ज्यूको उपस्थिति रहेको थियो ।

**ज्ञान व्यबस्थापन :** ज्ञान व्यवस्थापन अर्न्तगत जिल्ला आयोजना सेवा समन्वय समितिका सदस्यहरुलाई वैठक वोलाई निरन्तर रुपमा आयोजनाको प्रगति समिक्षा गर्ने तथा उनीहरुवाट रचनात्मक सुझावहरु लिने गरिएको थियो । सामाजिक परिचालक तथा जिल्ला आयोजना समन्वय ईकाइका कर्मचारीहरुलाई आयोजनाको प्रभावकारिताका लागी क्षमता विकास तालिम तथा अभिमुखीकरण गर्ने कार्य संचालन गरिएको थियो ।

जिल्ला स्थित विभिन्न सरोकारवालाहरुलाई आयोजनाले गरिरहेका गतिविधिहरुका वारेमा जानकारी गराइएको थियो । साथै आयोजनाले संचालन गरेका गतिविधिहरुलाई पत्रपत्रिका तथा स्थानीय एफ.एमवाट पनि प्रकाशित गरी जानकारी गराइएको थियो । जस अन्तरगत समुदाय स्तरमा सम्पन्न प्रत्येक क्रियाकलापहरुको जिल्ला स्तरका एफ.एम. रेडियोहरु र पत्रपत्रिकाहरुमा समाचार प्रसारण तथा प्रकाशन गर्ने गरिएको थियो भने संचालित क्रियाकलापहरुको सवैमा जानकारी पुर्‍याउने उद्देश्यले समदरमुकाम स्थित रेडियो नयाँ कर्णाली र रेडियो नेपाली आवाजबाट नियमित रुपमा आयोजनाका गतिविधि प्रसारण गर्ने गरिएको थियो । साथै गोरखापत्र र कान्तिपुर दैनिकले समेत आयोजनाका गतविधिको प्रकाशन गर्ने कार्य गरेका थिए। जिल्ला आयोजना समन्वय इकाईद्वारा सम्पूर्ण गाविसमा कार्यान्वयन भइरहेका क्रियाकलापहरुको नियमित रुपमा प्रकाशन गर्नको लागि जिल्ला स्तरमा प्रकाशित हाम्रो कर्णाली खबर दैनिकसँग पनि सम्झौता भएको थियो । सम्झौता अनुरुप सो पत्रिकामा नियमित रुपमा उपाप अन्तरगतका खबरहरु समाचारको रुपमा प्रकाशन गर्ने गरिएको थियो । यसका साथै उपाप अन्तरगत संचालित क्रियकलापहरु समाचारको रुपमा अनलाइन खवर पत्रिका साझा सवालमा पनि प्रकाशन गर्ने काम भएको थियो ।

**साझेदारी तथा सम्बन्ध :**यस आर्थिक बर्षमा उपाप अन्तरगतका क्रियाकलापहरुमा विभिन्न निकायहरुसँग साझेदारी गरिएको थियो । जसमा जिल्ला कृषिविकास कार्यालय संग समन्वय गरी कृषकवाली पाठशालाका लागि सहजकर्ता छनोट तथा अभिमुखीकरण तालिम संचालन गरी जिल्लाका स्युना, फुकोट, दाहां, गेला, छाप्रे र जुविथा गा.वि.स.हरुमा ९ वटा कृषक वाली पाठशाला संचालन गरीएको थियो । मेडेप नेपाल कालिकोटसँगको साझेदारीमा आयोजना संचालित १५ वटा गाविसका सहकारी संस्था स्थापनाका लागी समन्वय भई ५ वटा गा.वि.स.मा सहकारी संस्था दर्ता तथा १० वटा गा.वि.स.हरुमा सहकारी संस्था स्थापना गर्ने प्रक्रिया सुरु भएको छ ।जिल्लाका विभिन्न गा.वि.सहरुमा पूर्वाधार निर्माण का लागि गाउ विकास समितीको कार्यालय संग समन्वय गरी आयोजना अन्तर्गका पूर्वाधार योजना निर्माणका लागि गाविससँग साझेदारी गरिएको थियो । गाविसहरुबाट रु. ४,१८,५६३। साझेदारी गरिएको थियो । यसै गरी अन्य विभिन्न निकायहरुसँग प्रत्यक्ष रुपमा आर्थिक साझेदारी रहने गरी नभए पनि कार्यगत एकता कायम गर्नको लागि उपापसँग कामको प्रकृति मिल्ने जिल्ला स्तरमा तथा गाविस स्तरमा संचालित कार्यक्रम तथा संघ संस्थाहरुसँग समन्वय तथा साझेदारी गरिएको थियो । जसमा गरिबी निवारण कार्यक्रमसँग सामुदायिक संस्था स्तरमा कार्यक्रमको एक रुपताको लागि सँगै बैठक संचालन गर्ने, बचत पासबुक, लेजर , मिटिङ्ग माइन्युट आदि एउटै गर्ने गरिएको छ ।

**सुपरीवेक्षण र कार्यान्वयनमा सहयोग :** यस आयोजनाको सुपरीवेक्षण र कार्यान्वयनमा सहयोग गर्न उपाप जिल्ला आयोजना समन्वय ईकाई र सामाजिक परिचालकहरु प्रत्यक्ष रुपमा संलग्न रहेका छन् । जिल्ला तथा गाविस स्तरमा स्थानीय राजनीतिक दलहरु, पत्रकार, नागरिक समाज, वडा नागरिक मंच, गाविस प्रतिनिधिहरुले आयोजनाको सुपरीवेक्षण र कार्यान्वयनमा सहयोग पुर्‍याउनु भएको थियो । यस आयोजनालाई मूर्तरुप दिनको लागि जिल्ला आयोजना समन्वय समिति, जिल्ला

आयोजना सेवा समन्वय समिति, आयोजना समन्वय ईकाइ नेपालगंजको पनि पूर्ण सहयोग रहेको थियो । स्थानीय समुदायहरु प्रत्यक्ष सहभागी भएर यस आयोजनालाई सफल रुपमा कार्यान्वयन गर्नको लागि महत्वपूर्ण भुमिका निर्वाह गर्नु भएको थियो ।

**आर्थिक विवरण : आयोजनाको कुल खर्च विवरण**

| हाल सम्मको आर्थिक विवरण | | यस आ.ब. को आर्थिक विवरण |
|---|---|---|
| हाल सम्मको बजेट निकासा : रु. ७,०९,९७,०८०।<br>हाल सम्मको कुल खर्च : रु. ६,८७,५०,७५७।<br>कुल खर्च (प्रतिशतमा): ९६.८३ | | यस आ.ब.को बजेट निकास : रु ४५४५६०००।<br>- कार्यक्रम खर्च: रु. ४,०६,१९११७।<br>- उपभोग खर्च: रु. २७७५८६०।<br>- कार्यालय सञ्चालन खर्च: रु. ४०००००।<br>- जम्मा खर्च : रु.४,३८,२५,०३७ ।<br>कुलखर्च (प्रतिशतमा): ९६.४१ |

**सामग्री खरिद**

| क्र.स. | खरिद गरिएका सामग्रीहरु | गत आ.ब. सम्मको प्रगति | यस आ.ब.को प्रगति | | कैफियत |
|---|---|---|---|---|---|
| | | सख्या | लक्ष्य | सख्या | |
| १ | मिनी ल्याप टप | १ | २ | २ | |
| २. | लेखा सफ्ट वेयर (Tally) | | १ | १ | |
| ३ | फर्निचर खरिद | | १ | १ | |
| ४ | प्रोजेक्टर | | १ | १ | |
| ५ | मुभी क्यामारा | | १ | १ | |

**प्रभाव तथा उपलब्धि : लक्षित घर परिवार**

| Name of VDCs | Inclusive information about Baseline surveyed HH | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | Dalit | | Janjati | | Other | | Total | | |
| | Male | Female | Male | Female | Male | Female | Male | Female | Total |
| Sipkhana | 77 | 7 | 0 | 0 | 115 | 10 | 192 | 17 | 209 |
| Syuna | 90 | 23 | 0 | 0 | 75 | 17 | 165 | 40 | 205 |
| Phukot | 39 | 3 | 0 | 0 | 43 | 1 | 82 | 4 | 86 |
| Nanikot | 34 | 3 | 0 | 0 | 80 | 6 | 114 | 9 | 123 |
| Thirpu | 10 | 1 | 0 | 0 | 111 | 19 | 121 | 20 | 141 |
| Dhaulagoh | 15 | 8 | 0 | 0 | 55 | 12 | 70 | 20 | 90 |
| Khina | 6 | 8 | 0 | 0 | 40 | 9 | 46 | 17 | 63 |
| Ramnakot | 42 | 8 | 0 | 0 | 96 | 22 | 138 | 30 | 168 |
| Dahan | 66 | 5 | 0 | 0 | 119 | 6 | 185 | 11 | 196 |
| Pankha | 19 | 2 | 0 | 0 | 37 | 0 | 56 | 2 | 58 |
| Chhapre | 45 | 5 | 0 | 0 | 103 | 5 | 148 | 10 | 158 |
| Jubitha | 10 | 7 | 0 | 0 | 40 | 24 | 50 | 31 | 81 |
| Ranchuli | 15 | 12 | 0 | 0 | 45 | 25 | 60 | 37 | 97 |
| Kalika | 7 | 8 | 0 | 0 | 11 | 23 | 18 | 31 | 49 |
| Gela | 44 | 4 | 0 | 0 | 86 | 12 | 130 | 16 | 146 |
| **Total** | **519** | **104** | **0** | **0** | **1056** | **191** | **1575** | **295** | **1870** |

**आयोजनाको लक्षित वर्ग**

| क्र.स. | लक्षितवर्ग | हालसम्मको जम्मा | कैफियत |
|---|---|---|---|
| १ | अतिगरिब | | |
| | ३३३ | ६४० | |
| २ | गरिब | | |

| क्र.स. | लक्षितवर्ग | हालसम्मको जम्मा | कैफियत |
|---|---|---|---|
| | ३१२ | १२३० | |
| ३ | मध्यम | | |
| | ६०१० | १०८५३ | |

**आयोजनाको लक्ष्यअनुसार प्रगति**

| क्र. स. | गरिएका क्रियाकलाप | असर/प्रभाव (तर्कपूर्ण ढाँचामा हेर्नुहोस्) |
|---|---|---|
| १ | सामुदाय सशक्तिकरण | यस समुदाय सशक्तिकरण संभाग अनुसार कालिकोट जिल्लामा सामाजिक तथा आर्थिक सशक्तिकरणका विभिन्न क्रियाकलापहरु संचालन गरिएका छन् । समुदायलाई सशक्त वनाउन सामुदायिक लगानी योजना अद्यावधिक, नेतृत्व विकास तालिम, आफ्नो व्यवसाय सुरु तथा विस्तार तालिम, लैंगिक समानता तथा सामाजिक समावेशीकरण तालिम, गा.वि.स. स्तरीय वार्षिक समिक्षा कार्यक्रम र वाह्य जिल्लामा अध्ययन अवलोकन भ्रमण तथा सामुदायिक आयोजना सवन्वय ईकाइ व्यवस्थापन र उनीहरुको वैठक संचालन गरिएको थियो । साथै गाविस स्तरमा गठित सामुदायिक संस्थाहरुको नियमित वैठक र बचत तथा ऋण परिचालन गर्ने कार्य भइरहेको छ । समुदाय सशक्तिकरण अर्न्तगत संचालन गरिएका यिनै क्रियाकलापहरुवाट निम्न वमोजिम प्रभाव तथा असर देखा परेको छ । |
| | १.१. सामाजिक सशक्तिकरण | ❖ हरेक गा.वि.सहरुको श्रोत साधनहरुको पहिचान गरी संभाव्य श्रोत साधानहरुको वारेमा सम्पूर्ण लक्षित समुदायलाई जानकारी गराईएको<br>❖ अति लक्षित तथा लक्षित वर्गहरुको मागहरुको संभाव्यता अध्ययन गरी उनीहरुकै सहभागितामा तीन वर्षीय सामुदायिक लगानी योजना अद्यावधिक गरिएको ।<br>❖ सवै १५ गाविसमा सामुदायिक आयोजना समन्वय ईकाइ पुनर्गठन भई उनीहरुको नेतृत्व तहमा महिला तथा दलित वर्गको उल्लेख्य प्रतिनिधित्व रहेको ।<br>❖ गा.वि.स. स्तरमा लक्षित वर्गहरुका लागि पौष्टिकता सम्वन्धि तालिम सम्पन्नभएको ।<br>❖ प्रत्येक गाविसहरुमा पोषण सम्वन्धी नाराहरु सार्वजनिक ठाउँमा लेखन कार्य सम्पन्न भएको छ । |
| | १.२. आर्थिक सशक्तिकरण | आर्थिक सशक्तिकरण उपसंभाग अन्तरगत यस आ.व. मा आयोजना संचालित १५ गाविसहरुमा निर्माण गरिएका सामुदायिक लगानी योजनाहरुमा आवद्ध घरधुरीका मागहरुलाई सम्वोधन गरी क्रियाकलापहरु संचालन गरिएका छन् । पशुपालन अन्तरगत बाखा पालन, कुखुरा पालन, भैंसी पालन, खरायो पालन, कृषि अन्तरगत तरकारी खेती र फलफूल खेती , बन विकास अन्तरगत डाले घाँसका विरुवा वितरण गरिएको थियो । व्यवसायिक तथा गैर कृषि उपसंभाग अन्तरगत सिलाई बुनाई, जुता सिलाई तथा मर्मत तालिम, सुधारिएको घट्ट र सुधारिएको आरन प्रविधि सहयोग गरिएको थियो । भौतिक पूर्वाधार विकास अन्तरगत ११ वटा खानेपानी र ११ वटा सिचाई योजना, १ वटा लघु जलविधुत र १ वटा सुधारिएको पानी घट्ट निर्माण योजनाहरु सम्पन्न भएका छन् । क्षमता विकास अत्नरगत १५ वटा गाविसमा ३ दिने नेतृत्व विकास तालिम, आयोजनाको बारेमा प्रत्येक गाविसमा अभिमुखिकरण कार्यक्रम संचालन गरिएको थियो । यसका साथै प्रत्येक क्रियाकलापहरुको सम्वन्धित गाविसहरुमा सार्वजनिक सुनवाईका क्रियाकलापहरु सम्पन्न गरिएका छन् । माथि उल्लेखित क्रियाकलापहरु संचालनका क्रममा लक्षित घरपरिवारहरुले आफूले पाउनु पर्ने सेवा तथा सुविधाहरु उपभोग गर्न पाउनु आफ्नो अधिकार रहेछ भन्ने कुराको महसुस गरेका छन् । भने उनीहरुले क्रियाकलापहरु संचालन गर्नको लागि आवश्यक सेवाको लागि विभिन्न सेवा प्रदायहरुबाट सेवा लिन पनि सक्षम भएका छन् । उनीहरुको संस्थागत विकास पनि भएको देखिन्छ भने उनिहरु बैंक सम्म आएर रकम निकासा गर्ने भएकोले उनीहरुको बैंकसँगको पनि सम्वन्ध तथा पहुँचमा बृद्धि भएको पाइन्छ । |
| २ | जिल्ला सेवाप्रवाहमा सुधार | यस संभाग अनुसार यस वर्ष काम नभएकोले कुनै असर तथा प्रभाव देखा नपरेको । |

**नीति नियम तथा अन्य निकायमा प्रभाव :** आयोजनाको यस आ.व. मा कालिकोट जिल्लाका १५ वटा गाविसहरुमा सहभागितात्मक माध्यमवाट सामुदायिक लगानी योजना अद्यावधिक गर्ने र अति गरिब सघरधुरीहरुको जीवन स्तरमा उल्लेख्य परिवर्तन ल्याउने उद्धेश्य अनुसार हरेक गाविसहरुमा लक्षित वर्गको प्रत्यक्ष सहभागितामा तीन वर्षीय सामुदायिक लगानी योजना अद्यावधिक गर्ने काम सम्पन्न भएको छ। यिनै लक्षित घरधुरीहरुको मागमा आधारित सामुदायिक लगानी योजनालाई वडा नागरिक मंच, गाविस वोर्ड, गाविस परिषद, ईलाका परिषद हुदै जिल्ला परिषदवाट पारित गराइएको थियो । यसरी सामुदायिक लगानी योजनालाई स्थानीय निकायका विभिन्न तहहरुमा पारित गर्ने क्रममा सम्पूर्ण सरोकारवालाहरुलाई यस आयोजनाको बारेमा जानकारी हुनुको साथै सकारात्मक प्रभाव परेको देखिन्छ।

**आयोजनाको बहिर्गमन का लागी गरिएका गतिविधि (जस्तैः सहकारीकरण, नेटवकिङ र सङसहयोग आदि) :** यस आर्थिक वर्षमा सातवटा र अघिल्लो आ.व. मा१५ गाविसमा अति लक्षित तथा लक्षित घरधुरी पहिचान गरी उनीहरुको संस्थागत विकासका लागि साझा मञ्चको रुपमा सामुदायिक आयोजना समन्वय इकाइ लाई व्यवस्थापन गर्ने गरिएको थियो । यसका साथै आयोजना संचालित गाविसहरुका सम्पूर्ण अति लक्षित र लक्षित घर परिवारहरुको हितको लागि जिल्ला स्तरमा सेवाग्राही हित प्रबर्द्धन समिति (BOB) को व्यवस्थापन गरिएको छ । आयोजनाको वहिर्गमनका लागि सामुदायिक संस्थाहरुलाई सहकारीमा रुपान्तरण गर्न छलफल तथा अभिमुखीकरण गरिएको थियो । आयोजना संचालित ५ वटा गा.वि.स.मा साना किसान कृषिसहकारी संस्थाको स्थापनका साथै अन्य गा.वि.सहरुमा सहकारी स्थापनाका लागी प्रारम्भिक कार्यहरु सम्पन्न भएको। हरेक सामुदायिक संस्थाहरुलाई लेखा चुस्त दुरुस्त राख्नको लागि सहयोग गर्नुका साथै नियमित वैठक तथा भेला गर्ने गरिएको थियो । आयोजनाको समाप्ति पश्चात पनि लक्षित बर्गहरुले विभिन्न सेवा प्रवाह गर्ने सरकारी तथा गैर सरकारी निकायहरुबाट सेवा लिनको लागि सक्षम बनाउन प्रत्यक्ष रुपमा लक्षित बर्ग र सेवा प्रदायकहरु बीच सम्वन्ध र सहकार्यको वातावरण सृजना गर्ने कार्य गरिएको थियो। यसका साथै लक्षित वर्गहरुलाई समावेश गरी प्रत्येक गाविसमा सहकारी गठन गरी उनीहरुलाई आवद्ध गर्नको लागि सहकारी गठन तथा परिचालन सम्वन्धी सहकारी शिक्षा अभिमुखिकरण गर्ने कार्य गरिएको छ।

**निष्कर्ष (Conclusion) :** यस आ.व. मा आयोजना लागु भएका १५ वटा गाविसहरुमा सहभागितात्मक ग्रामिण लेखाजोखाका माध्यमवाट अति गरिब तथा गरिब घरधुरी पहिचान गरी उनीहरुकै प्रत्यक्ष सहभागितामा सामुदायिक लगानी योजना निर्माण गरी कार्यान्वयन गर्ने तथा सामुदायिक लगानी योजना अद्यावधिक गर्ने कार्य गरिएको छ। उनीहरुको सहभागितामा १५ वटा गाविसमा सामुदायिक आयोजना समन्वय ईकाइ को व्यवस्थापन गरी सामुदायिक लगानी योजना अद्यावधिक तथा कार्यान्वयन गरिएको थियो । गाविस स्तरमा रहेको संभाव्य श्रोतहरुको पहिचान गरी उनीहरुको संभाव्यता अध्ययन गरी सामुदायिक लगानी योजनालाई अन्तिम रुप दिई अनुमोदन गरिएको थियो।

प्रत्येक गाविसहरुमा निर्मित सामुदायिक लगानी आयोजनाको आधारमा माग भई आयका आयआर्जन, साना भौतिक पूर्वाधार व्यवसायिक एवं सिपमूलक तालिमहरु आदि क्रियाकलापहरु संचालन गरी सम्पन्न गरिएका छन्। भौतिक पूर्वाधार अन्तरगत ११ वटा खानेपानी, ११ वटा सिचाई आयोजना, १ वटा लघु जलविधुत र १ वटा सुधारिएको घट्ट गरी जम्मा २४ वटा आयोजना सम्पन्न भएका छन् । यसरी समग्र रुपमा भन्नु पर्दा यस आयोजनाले संचालन गरेका क्रियाकलापहरुको भौतिक प्रगति ९८ प्रतिशत र आर्थिक प्रगति ९६.४१ प्रतिशत रहेको छ। यस आवमा संचालित माथि उल्लेखित क्रियाकलापहरुबाट आयआर्जन तर्फ १७६ महिला र ३९२ पुरुष गरी जम्मा ५६८ जना तथा पूर्वाधार तर्फ १७२५ जना लाभान्वित भएका छन्।

## सिकाई (Lessons Learned)

- प्राविधिक सेवा प्रवाहमा सरकारी कार्यालयमा कार्यरत कर्मचारी भन्दा स्थानीय पशु वा कृषि जे.टि.ए., अगुवा कृषक तथा प्राविधिक परिचालन गर्दा स्थायी रुपमा सेवा प्रवाह भइरहेको।
- विभिन्न संघ संस्थासँग समन्वय सहकार्य गरी कार्यक्रम कार्यान्वयन गर्दा लक्षित बर्गलाई सेवा दिन सहज तथा बढी प्रभावकारी भएको।

- लक्षित बर्गहरुबाट माग संकलन गर्नु भन्दा पहिले अनिवार्य रुपमा व्यवसायिक सचेतना तालिम दिनु पर्ने जसले गर्दा व्यवसायपरिवर्तनमा कमी आउने ।
- जिल्ला बाहिरबाट खरिद गरिएको बाखा भन्दा सम्वन्धित जिल्लाकै छिमेकी गाविसहरुबाट खरिद गरिएका बाखाहरु बढी प्रभावकारी भएको

## मुख्य कार्यान्वयन सवाल

- स्थानीय स्तरमा स्थानीय स्रोत व्यक्तिहरु उत्पादन नहुनुले आयोजना समाप्ती पश्चात संचालित क्रियाकलापहरुको दिगोपना कायम नहुने ।
- पशु बीमाको व्यवस्था नभएकोले पशु व्यवसायीहरु व्यवसायको निरन्तरता प्रति चिन्तित हुनु ।
- लक्षित बर्गको चेतनाको स्तर न्यून हुनु ।
- दक्ष सेवा प्रदायकहरु जिल्ला स्तरमा उपलब्ध नहुनु ।

## दिगोपना

- जिल्ला स्थित विभिन्न सरोकारवाला निकायहरु संग समन्वय गरिएको ।
- हरेक गाविसहरुलाई आयोजनाको वारेमा जानकारी गराई सामुदायिक लगानी योजना कार्यान्वयन गर्नमा सहकार्य गरिएको
- सहकारीकरणको लागि सामुदायिक संस्थाहरु तथा कवुलियती वन उपभोक्ता समूहरु अभिमुखिकरण गरिएको ।
- आयोजनाको दिगोपनाको लागि प्रत्येक गाविसका लक्षित वर्गहरुलाई समेटी संस्थागत विकासका लागि सामुदायिक आयोजना समन्वय इकाइ गठन गरिएको छ ।
- जिल्लाका ५ वटा गा.वि.स.मा साना किसान कृषिसहकारी संस्थाको गठन भएको ,
- जिल्ला स्तरमा सेवाग्राही हित प्रबर्द्धन समिति गठन तथा परिचालन गरिएको ।

## जिल्ला सेवा समन्वय समिति (DSCC) पदाधिकारीहरुको विवरण

| सि.नं | पदाधिकारीहरुको नाम | कार्यालयको नाम | पद | लिंग | |
|---|---|---|---|---|---|
| | | | | पु. | म |
| १ | टीकाराम ज्ञवाली | जिविस कालिकोट | स्थानीय विकास अधिकारी | √ | |
| २ | चक्र वहादुर शाही | जिल्ला प्राविधिक कार्यालय, कालिकोट | जिल्ला ईन्जीनियर | √ | |
| ३ | नरजंग शाही | स्थानीय विकास कोषको सचिवालय | कार्याकारी सचिव | √ | |
| ४ | बासुदेव पोखरेल | जिल्ला कृषि विकास कार्यालय | व.कृषि विकास अधिकृत | √ | |
| ५ | महेशी राय यादव | जिल्ला पशु सेवा कार्यालय | कार्यालय प्रमुख | √ | |
| ६ | माधव कुमार देव | जिल्ला वन कार्यालय | जिल्ला वन अधिकृत | √ | |
| ७ | ऋषिराम अधिकारी | कोष तथा लेखा नियन्त्रकको कार्यालय | कार्यालय प्रमुख | √ | |
| ८ | रेशम बहादुर शाही | उपाप | स.जि. आ.समन्वयकर्ता | √ | |

## समुदाय स्तरीय आयोजना समिति (C-PCU)पदाधिकारीहरुको विवरण

| क्र.सं. | गाविसको नाम | सामुदायिक आयोजना समन्वय इकाईका पदाधिकारीका विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दलित | | जनजाती | | अन्य | | जम्मा | | |
| | | पूरुष | महिला | पूरुष | महिला | पूरुष | महिला | पूरुष | महिला | जम्मा |
| १ | सिपखाना | १ | ० | ० | ० | ७ | १ | ८ | १ | ९ |
| २ | स्यूना | ३ | १ | ० | ० | ४ | १ | ७ | २ | ९ |

| क्र.सं. | गाविसको नाम | सामुदायिक आयोजना समन्वय इकाईका पदाधिकारीका विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दलित | | जनजाती | | अन्य | | जम्मा | | |
| | | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | जम्मा |
| ३ | फुकोट | २ | ३ | ० | ० | २ | २ | ४ | ५ | ९ |
| ४ | नानीकोट | २ | ० | ० | ० | ३ | ४ | ५ | ४ | ९ |
| ५ | थिर्पु | २ | १ | ० | ० | ३ | ३ | ५ | ४ | ९ |
| ६ | धौलागोह | २ | ० | ० | ० | ३ | ४ | ५ | ४ | ९ |
| ७ | खिन | २ | २ | ० | ० | १ | ४ | ३ | ६ | ९ |
| ८ | राम्नाकोट | १ | १ | ० | ० | ५ | २ | ६ | ३ | ९ |
| ९ | दाहाँ | ३ | १ | ० | ० | २ | ३ | ५ | ४ | ९ |
| १० | पाँखा | १ | १ | ० | ० | ३ | ४ | ४ | ५ | ९ |
| ११ | छाप्रे | ४ | ० | ० | ० | २ | ३ | ६ | ३ | ९ |
| १२ | जुबिथा | १ | ० | ० | ० | ४ | ४ | ५ | ४ | ९ |
| १३ | राँचुली | ० | २ | ० | ० | ५ | २ | ५ | ४ | ९ |
| १४ | कालिका | २ | २ | ० | ० | १ | ४ | ३ | ६ | ९ |
| १५ | गेला | २ | ३ | ० | ० | २ | २ | ४ | ५ | ९ |
| | **जम्मा** | २८ | १७ | ० | ० | ४७ | ४३ | ७५ | ६० | १३५ |

**समुदाय स्तरीय आयोजना समिति सदस्यहरुको भेला**

| क्र.सं | गाविस | दलित | | अन्य | | जम्मा | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पुरुष | पुरुष | पुरुष | पुरुष | |
| १ | सिपखाना | २० | ३० | ४० | १८ | ६० | ४८ | |
| २ | स्युना | २५ | २१ | ४५ | २३ | ७० | ४४ | |
| ३ | गेला | ५ | १२ | २१ | १८ | २६ | ३० | |
| ४ | राम्नाकोट | ३ | १ | १५ | ४ | १८ | ५ | |
| ५ | थिर्पु | ९ | ७ | ३१ | ७ | ४० | १४ | |
| ६ | छाप्रे | ८ | ५ | २० | ९ | २८ | १४ | |
| ७ | दाहाँ | ११ | १० | १९ | १९ | ३० | २९ | |
| | **जम्मा** | ८१ | ८६ | १९१ | ९८ | २७२ | १८४ | |

## सफलताका कथाहरु

**गोरुको समस्या कुखुराले समाधान :** कालिकोट सदरमुकाम देखि सवै गाविसहरु मध्ये सवै भन्दा टाढा उत्तर पट्टिको खिन गाविस वडा नं. ३ घरधुरी नं. १४ का विरेन्द्र बमले पश्चिम उच्च पहाडी गरिबी निवारण आयोजना (उपाप) मा कुखुरा पालन व्यवसाय माग गरेका थिए । उनको माग अनुसार उनले आयोजनाबाट आयआर्जन क्रियाकलाप संचालन गर्नको लागि रु. १८०००। मिति २०७० सालको चैत्र महिनामा आर्थिक सहयोग पाएका थिए । सो रकमबाट उनले गाउँमै स्थानीय जातका १४ वटा कुखुरा खरिद गरी व्यवसाय शुरु गरेका थिए । सो व्यवसायबाट उनले अण्डा, चल्ला तथा कुखुरा उत्पादन गरी हालको मितिसम्म उनले करिव १५ हजार रुपैयाँ आर्जन गरी सोही रकमबाट एउटा गोरु खरिद गरेका छन् । यति मात्र नभई उनले उत्पादन गरेका अण्डाहरु साना छोराछोरीलाई पनि खुवाउने गरेका छन् । जसले बालबालिकाको पोषणमा पनि सुधार भइरहेको छ ।

**संकलक : केवल बहादुर बम (सामाजिक परिचालक -खिन)**

**सिप सिके हात जोड्नु पर्दैन :**राँचुली गाविस वडा नं ४ मा वस्ने श्री अजे परियार ठाँटी समुदायिक संस्थाका सदस्य हुन । उनी पश्चिम उच्च पहाडी गरिबी निवारण आयोजना जिल्ला आयोजना समन्वय इकाई कालिकोट र जिल्ला दलित उत्थान समन्वय समिति कालिकोटको संयुक्त आयोजनामा जिल्ला सदरमुकाममा संचालित २ महिने तालिम सहभागी भएका थिए र सिलाई बुनाई मेशिन प्राप्त गरेका थिए ।हाल उनि आफ्नै घरमा गाउँकै मानिसहरुको मागको आधारमा लुगाहरु सिलाउने गरेका छन् । कसैले अन्न त कसैले नगद दिने गरेको उनि बताउँछन् । अन्न र नगद दुवै गरी दिनमा करिव ६ सय रुपैयाँ कमाउने गरेको बताउँछन् ।

**संकलक : छत्रजङ्ग शाही(सामाजिक परिचालक- राँचुली)**

**बालबालिकाको सहारा बन्दैछ उपाप कार्यक्रम :** "कहिले भोकै कहिले नाङ्गै सँधै भरी रुदै बाँच्नु हामी जस्ता गरिबको बाध्यता हो । विद्यालयमा छोरा छोरीलाई पठाउन र पौष्टिक आहारा दिनु त हाम्रो दिवा सपना हो ।" यस्तै आफ्ना मनका भावना अभिव्यक्त गर्दै थिइन शारदा शाही । उनको घर राँचुली गाविस वडा नं. ४ स्थित नाइवाडामा पर्दछ । २०७० साल बैशाख २३ गते पश्चिम उच्च पहाडी गरिबी निवारण आयोजनाद्वारा राँचुली गाविस वडा नं. ४ मा सहभागितात्मक ग्रामिण लेखाजोखा गर्ने क्रममा वडा नागरिक मञ्चका संयोजक श्री विर बहादुर शाहीको अध्यक्षतामा वडा भेलाले उनलाई अति गरिब परिवारको रुपमा छनौट गरेको थियो । उहाँ अगाडि भन्नु हुन्छ - "त्यस भेलामा मलाई सम्पूर्ण वडा बासीले पहिलो प्राथमिकतामा राखेर छनौट गर्नु भयो । वास्तवमा भन्नु पर्दा म एउटा गरिब परिवारमा जन्मेकी बालिका हुँ । मेरा बुबा र आमा पहिले नै वित्नु भयो । हाल म लगायत मेरा भाई बहिनी आफ्ना काकी दारीमा शाहीको सहारामा बच्न बाध्य भएकी छु । म सँग मेरा २ भाई र ३ बहिनी सन्तान छन् । मेरो आफ्नो सम्पत्ति केही पनि छैन । भएको घर पनि भत्किसकेको छ । अहिले आएर उपापले मलाई कार्यक्रममा छनौट गरी मेरो सिलाई बुनाई गरी आय आर्जन गर्ने इच्छा पुरा गर्ने भएकोमा म खुशि छु । म यो सिलाई बुनाई व्यवसाय संचालन गरी भाई बहिनीहरुको लालन पालन र पठन पाठनमा सहयोग गर्ने छु ।" शारदा शाहीको आशा तथा भरोसाको धरोहरलाई भत्किन नदिन यो आयोजनाले उनको माग अनुसार सिलाई बुनाईको लागि प्रविधि तथा सामग्री सहयोग गरेको छ । यसरी स्थानीय समुदायको सहभागितालाई उच्च प्राथमिकतामा राखेर उनीहरुको माग अनुसारका क्रियाकलापहरु संचालन गर्न आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराएको छ । यसरी आयोजनाको सानो सहयोग शारदा शाही जस्ता असहाय बालबालिकाहरुको लागि जीवन जिउने सहारा बन्दैछ ।

**संकलक : (छत्रजङ्ग शाही : सामाजिक परिचालक- राँचुली )**

**<u>जिवीकोपार्जनका लागि मोवाईल मर्मत</u>** : कालिकोट जिल्ला छाप्रे गाविस वडा नं. २ बस्ने श्री मन बहादुर भण्डारा पश्चिम उच्च पहाडी गरीवी निवारण आयोजना उपाप को तेस्रो चरणको कार्यक्रम अन्तर्गत अति लक्षित वर्गमा छनौट हुनु भएको हो। निजको विगत वर्षमा पढ्ने र नयाँ नयाँ कुराहरु सिक्ने इच्छा हुँदा हुँदै घरको आर्थिक अवस्था कमजोर भएकाले चाहना अधुरोनै रहेको थियो । विगतको १० वर्षे युद्धको क्रममा  सरकार पक्षबाट पीडित भई कानको श्रवण शक्ति गुमाउनु परेको थियो । साथै घरमा खेतीयोग्य जमीन ज्यादै कम र बासका लागी घर समेत नभएकाले  पश्चिम उच्च पहाडी गरीवी निवारण आयोजना उपापको तेस्रो  चरणको कार्यक्रममा  नीज भण्डारा आयोजनाको अति लक्षित वर्गमा छनौटमा पर्नु भयो । नीज कानको समस्याका साथै अन्य कार्य संचालन गर्न शारीरिक कमजोरीका कारण अप्ठ्यारो हुने हुँदा मोबाईल मर्मत गरी जिवीकोपार्जन गर्न सहज हुने र कम लगानीमै प्रयाप्त फाईदा हुने एबं गाउं घरमा मोवाईल धेरैले प्रयोग गर्ने र बिग्रींदा बनाउनकालागी बजार जानकालागी खर्च धेरै लाग्ने हुनाले मोवाईल मर्मत गर्ने व्यवसायनै रोजेको बताउनु हुन्छ ।

पश्चिम उच्च पहाडी गरीवी निवारण आयोजना उपापद्धारा छनौट भएका अति लक्षित परीवारलाई मागमा आधारित कार्यक्रमलाई संचालन गर्न व्यावसाय अनुसार सेवा विस्तार गर्ने क्रममा RCDS हेल्भेटास जुम्लाको प्राविधिक सहयोग तथा उपापको आर्थिक सहयोगमा मिति २०७० फाल्गुन २५ देखि २०७१ जेष्ठ २५ गते सम्म गरी जम्मा ३ महिना  निज मन बहादुर भण्डारा मोबाईल मर्मत तालिममा सहभागी हुनु भएको थियो । निजले तालिममा सक्रिय रुपमा सहभागी भई मोवाईल मर्मत गर्ने सीप हाँसील गर्नु भएको छ । हाल निज मन बहादुर भण्डाराले छाप्रे गाविस कै पाएक पर्ने स्थान वडा नं. ५ मा पर्ने दलित भवनमा कोठाको व्यवस्था गरी मोवाईल मर्मत गरिरहनु भएको छ । उक्त मोवाईल मर्मत पसलको नाम धर्मेन्द्र मोवाईल मर्मत केन्द्रले  परीचित भएको छ ।

## कर्णालीरोजगारकार्यक्रम(KEP)

**परिचय :**कर्णाली क्षेत्रको भौगोलिक विकटता र आर्थिक पछौटेपनको कारणले परम्परागत पेशा, व्यापार र रोजगारबाट मात्रधैरै घरधुरीहरूलाई वर्षभरी आफ्नो जीवनयापन गर्न कठिन भैरहेको छ । सो क्षेत्रमा व्याप्त गरिबी र खाद्य असुरक्षाको प्रमुख कारण रोजगारीको अवसर नहुनु नै हो । त्यस्तो स्थितिलाई सुधार्न नेपाल सरकारले आर्थिक वर्ष २०६३/६४ को बजेट भाषण मार्फत कर्णाली रोजगार कार्यक्रमको व्यवस्था गरेको।

**आयोजना कार्यान्वयनका ४ नमूना :** आर्थिक वर्ष २०७१।७२ मा कर्णाली रोजगार कार्यक्रमका आयोजनाहरू ४ फरक तरिकाले कार्यान्वयन गरिएका छन्।

**कर्णाली रोजगार कार्यक्रम नमुना आयोजना :** कालिकोट जिल्लाका ६ गाबिस (दाहा,जुविथा,चिल्खाया,राँचुली, फोइमहादेव,सुकाटिया) मा करोका ईकाईले कर्णाली रोजगार कार्यक्रम प्राविधिक सहायता रनणैतिक सहयोग मा ७ आयोजनाहरू कार्यान्वयन गरेको छ ।

**कर्णाली रोजगार कार्यक्रमनमुना आयोजनासारांश**

| सि.नं. | गाबिस | बजेट (रू लाखमा) | कार्यदिन | कामदार संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | दाहा | ५० | १३२०१ | २०६ | |
| २ | जुविथा | २६.८४ | २९६१ | १२९ | |
| ३ | राँचुली | २१.६२ | ५५९२ | १०४ | |
| ४ | फोईमहादेव | २१.१२ | ५७९७ | १३० | |
| ५ | चिल्खाया | ३४.१९ | ९०६३ | १४१ | |
| ६ | सुकाटिया-१ | १८ | २६२३ | ७५ | |
| ७ | सुकाटिया-२ | १९.७५ | २६७३ | ७५ | |

**करोकाप्रास नमुना आयोजना:** कार्यान्वयनमा देखिएको चुनौती र सीमित प्रभावपछि नेपाल सरकार कार्यक्रमको नयाँ परिलक्ष्य अनुसार क.रो.का.लाई सुधार गर्ने प्रक्रियमा छ । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (सं.मा.स्था.वि.म.) ले क.रो.का.को विकास र सुधार कार्यको लागि अन्तर्राष्ट्रिय विकास विभाग (DFID) मार्फत UK Aid को सहयोग मागेको छ । अन्तर्राष्ट्रिय विकास विभागले अक्स्फर्ड पोलिसी म्यानेजमेन्ट (OPM) ले नेतृत्व लिएको र काईनो आईटी ट्रान्स्पोर्ट र दीगो प्रा. लि. संलग्न रहेको कर्णाली रोजगार कार्यक्रम प्राविधिक सहायता(क.रो.का.प्रा.स.) समूहलाई नेपालमा गरिबी तथा जोखिम न्यूनीकरण गर्नको लागि प्राविधिक सहायता (TA) कोषको व्यवस्थापन गर्न अनुबन्धित गरेको छ ।

अन्तर्राष्ट्रिय विकास विभागको नयाँ चरणको ग्रामीण पहुँच कार्यक्रम (ग्रा.प.का.)को एक अङ्गको रूपमा रहेको प्राविधिक सहायता कोषले सन् २०१४ कोपूर्वार्द्धमा नेपाल सरकारलाई नमुना आयोजनाहरू (CEP) तयार पार्न र कार्यान्वयन गर्नमा सहयोग प्रदान गर्‍यो। यस आ.व. २०७१।०७२ मा जिल्लाको३ गाबिसमा ( कोटबाडा,कुमालगाऊ,रुप्सा) करोकाप्रास र करोकाकोले ३ आयोजनाहरू कार्यान्वयन गरेका छ ।

**मागमा आधारित नमुना आयोजना :** त्यसैगरी प्राविधिक सहायताले यस जिल्लाको मेहेलमुडी गाबिसमा करोकाप्रासले सम्पूर्ण लगानीमा मागमा आधारित २ आयोजनाहरू कार्यान्वयन गरेको छ ।

**करोका प्रास नमुना आयोजना सारांश**

| गाबिस | बजेट( रू लाखमा) | | कार्यदिन | कामदार संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | करोका | प्रास | | | |
| **करोका प्रास नमुना आयोजना** | | | | | |
| कोटबाडा | २२५८. | २२१६. | १२१२२ | १५७ | |
| कुमालगाऊ | २१७८. | २१७५. | ११८४४ | १७९ | |
| रुप्सा | २३ ७. | २३ ३२. | १२८५८ | १५९ | |
| **करोका प्रास मागमा आधारित नमुना आयोजना** | | | | | |
| मेहेलमुडी १ | | ५९ ९३. | १४५१९ | २०६ | |
| मेहेलमुडी २ | | ३६ | ७५६५ | १०३ | |

**नियमित पद्दतिका आयोजना :** यस जिल्लाको १८ गाबिसमा सम्बन्धित गाबिसहरूले आयोजनाहरू कार्यान्वयन गरेका छन् । जसको सारांश तपसिल वमोजिम छन

| सि.नं. | गाबिस | रु हजारमा | कार्यदिन | कामदारसंख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | मान्म | ३७ ८४. | ५० | २१५ | |
| २ | छाप्रे | २८ २३. | १६ | ५०० | |
| ३ | ओदानकु | ३१ ३७. | १४ | ६३८ | |
| ४ | गेला | ३० ९५. | १३ | ७०६ | |
| ५ | फुकोट | ४१ २७. | ५३ | २२५ | |
| ६ | नानीकोट | ३७ ८४. | ४३ | २५० | |
| ७ | खिन | ३१ ७४. | १५ | ६०७ | |
| ८ | बदालकोट | २८ ०६. | ३०<br>१५ | ७० | |
| ९ | मुम्रा | २९ १६. | ४२ | २०० | |
| १० | कालिका | २७ ८२. | १६ | ४९७ | |
| ११ | रकु | २९ ६९. | ३१ | १००<br>१६० | |
| १२ | धौलागाहा | ४४ ६. | १४ | ९०० | |
| १३ | लालु | ३३ ७८९. | २२ | ४५० | |
| १४ | राम्नाकोट | २८ ९. | २१ | ४०० | |
| १५ | थिर्पू | ३४ १६. | ४९ | २०० | |
| १६ | माल्कोट | २४ ९४. | १८ | ४०० | |
| १७ | पाखा | २७ ३५. | ३१ | २५० | |
| १८ | सीपखाना | ४० ७६. | १९ | ६०० | |

**प्रगती :** करोका अन्तर्गत १९ ग्रामिण सडक, ४ क्याम्पस भवन, १ खानेपानी, ३ सिंचाई , २ लघु जलविद्यूत, १ बाख्रापालन र ६ विविध आयोजनाहरू सम्पन्न भएका छन । ती आयोजनाहरुमा यस जिल्ला का २०५३० घरधुरी मध्यबाट ८९७१ घरधुरीले औसतमा ४८ दिनको रोजगारीको अवसर प्राप्त गरेका छन् । ती आयोजनाहरुमा नेपाल सरकारको कूल ८ करोड एकसट्ठी लाख ९ हजार रूपैया खर्च भएको छ ।

**चुनौतीहरु :** आयोजना कार्यन्वयनका क्रममा प्रमुखचुनौतीहरु मूख्यरुपमा निम्न अनुसार रहेकोपाईयो

**कामदारहरूलाई भुक्तानी :** कामदारहरूलाई भुक्तानी गर्ने क्रममा कर्मचारी आफैले रकम बोकेर लानुपर्ने, सुरक्षाको दृष्टिकोणबाट अती जोखिमचुनौतिपुर्ण देखियो ।

**दिगोपना :** आयोजनाहरू कार्यान्वयन भईसकेपछि बनेका सार्वजनिक सम्पतिहरु कसरी जोगाइ राख्ने र कसरी दिगोरुपमा प्रयोग गरी राख्ने भन्ने कुरा पनि चुनौतीपूर्ण देखिन्छ।

**अगाडिको बाटो:**आयोजना कार्यान्वयनका क्रममा देखिएका चुनौतीहरूलाई समाधान गर्न निम्न सुझावहरूलाई आत्मसात गर्नु पर्ने देखिन्छः

- शाखा रहित बैकिंग मार्फत ज्याला भुक्तानीको व्यवस्था
- करोका निर्देशिकाका प्रावधानका बारेमा सचेतना
- गाबिस स्तरमा अघिल्ला वर्षहरूमा सम्पन्न भएका करोका आयोजनाहरूको मर्मत सम्भारका लागि बजेटको व्यवस्था
- श्रम केन्द्रित अवधारणा को प्रवर्द्धन
- गाबिसहरूले गाविसमा रहेका गरिव र विपन्नहरूको नामावली अधावधिक गर्ने

**निष्कर्ष :** कर्णाली रोजगार कार्यक्रम आफ्नो उद्धेश्य अनुरूप विपन्न र जोखिममा रहेका घरधुरीहरूलाई रोजगारी मार्फत सामाजिक संरक्षण प्रदान गर्न तर्फ उन्मुख छ । नयाँ कार्यक्रम सञ्चालन निर्देशिकालाई पालना गर्ने क्रममा गरीव तथा विपन्नहरूको छनौट र नियमित रूपमा जिवनयापन ज्याला खर्च वापतको भुक्तानी दिन सक्षम रहेको देखिन्छ । तथापी कार्यक्रमलाई अझ प्रभावकारी बनाउन कामदार छनौट र आयोजना छनौट प्रक्रिया एवंम् आयोजनालाई गुणस्तरीय र आर्थिक लाभ दिने पक्षहरूलाई सवलीकरण गर्नु पर्ने देखिन्छ जुन आगामी वर्षमा ध्यान दिईने छ ।

**सानो सिचाई :**यस जिल्लाको समग्र सिचाई क्षेत्रमा विकास गर्ने उद्देश्यले आ.व. २०७१/०७२ मा यस कार्यालयलाई ४७ लाख अख्तियारीर वजेट प्राप्त भएको थियो । जसमा देहाय वमोजिमका योजनाहरुमा खर्च भएको थियो ।

| सि.नं. | योजनाको नाम | विनियोजन वजेट | खर्च रकम |
|---|---|---|---|
| १ | घट्टवादी-फोई ज्युला सम्म खा.पा. ६,७,८,९ सि.कु. | १८५.०० | १८५.०० |
| २ | कुर्मुला देखि दुसा सम्म छाप्रे सि.कु. | १८५.०० | १८५.०० |
| ३ | माझकुलो सिचाई कुलो पाखा १, २ | १८५.०० | १८५.०० |
| ४ | ओडा सिचाई कुलो ओदानकु १, २, ३ | १८५.०० | १८५.०० |
| ५ | चौकि लेक सिंचाई कुलो, चौखोला पाँखा ८ र ९ | १८५.०० | १८५.०० |
| ६ | लडेखोला पनेरीखेत सिंचाई कुलो, स्युना २ र ३ | १८५.०० | १८५.०० |
| ७ | सुनारखोला देखि प्रगतिधराया सिंचाई कुलो | ३३५.०० | ३३५.०० |
| ८ | सिंचाई पोखरी शिचौर दलित टोल, चिल्खाया ३ | १८५.०० | १८५.०० |
| ९ | दुधाना पारौटी सिंचाई कुलो, थिर्पु ७ | १८५.०० | १८५.०० |
| १० | हरिचौर सिंचाई पोखरी निर्माण | १८५.०० | १८५.०० |
| ११ | वन्चु सिचाई योजना चिल्खाया | ७००.०० | ७००.०० |
| १२ | चाल्खेअहत सिचाई योजना मान्म ६ | ७००.०० | ७००.०० |
| १३ | तल्लो गुटु सिचाई पोखरी राचुली | ८००.०० | ८००.०० |
| १४ | जिरो पोईन्ट नया गेष्टहाउस तटबन्धन निर्माण (जलउत्पन्न प्रकोप) | २००.०० | २००.०० |
| १५ | छाप्रे गाविसको हासेमुला देखि वाली सम्म तटवन्धन | २००.०० | २००.०० |
| १६ | सुनारखोला तटवन्धन मेहलमुडी ३ | १००.०० | १००.०० |
| | जम्मा | ४७००.०० | ४७००.०० |

**ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम :** यो कार्यक्रम मार्फत जिल्लाको खानेपानी तथा सरसफाई क्षेत्रमा पहुँच नभएका गाविसहरुमा खानेपानी विस्तार गरी जनतालाई खानोपनी सेवा पुर्‍याउने उद्देश्यका साथ यस कार्यक्रम मार्फत आ.व. २०७१/०७२ मा तपसिल वमोजिमका योजनाहरुमा तपसिल वमोजिमका रकमहरु खर्चभएका थिए ।

| सि.नं. | योजनाको नाम | विनियोजन वजेट | खर्च रकम |
|---|---|---|---|
| १ | सुकाटीया खानेपानी सुकाटीया गाविस | १८६७.०० | १८६७.०० |
| २ | भुवनथान खानेपानी सिपखाना गाविस | २७७.०० | २७७.०० |
| ३ | दुवासा खानेपानी दाहा गाविस | १५७.०० | १५७.०० |
| ४ | ओदानकु खानेपानी योजना वडा नं. १, २, ३ | २६७.०० | २६७.०० |
| ५ | पुरानो स्किमको खा.पा रकु १ देखि ९ सम्म मर्मत | १५७.०० | १५७.०० |
| ६ | किडेपानी देखि कुलदेव खा.पा.निर्माण मेहलमुडी | ६५७.०० | ६५७.०० |
| ७ | खिन खानेपानी तथा सरसफाई आयोजना निर्माण | १२२६.०० | १२२६.०० |
| ८ | मटेला खानेपानी योजना मर्मत दाहा | २७२.०० | २७२.०० |
| ९ | नानीकोट ९ तिखाती खापा मर्मत | १६६.०० | १६६.०० |
| १० | स्यूना गाविसको गैरीधारा खापा मर्मत | १७२.०० | १७२.०० |
| ११ | मुम्रा २ गंगखोला-डाडाखर्क सम्म खापा मर्मत | १७२.०० | १७२.०० |
| १२ | मेहलमुडी स्वास्थ्यचौकि खापा मर्मत | १८८.०० | १८८.०० |
| १३ | जुविथा १ काटिया खापा मर्मत | १७२.०० | १७२.०० |
| १४ | मान्म ५ कोट खापा मर्मत | १४८.०० | १४८.०० |
| १५ | राम्नाकोट ८ इम्क्षेडी तल्लाकोग्रा खापा मर्मत | ४८.०० | ४८.०० |

| सि.नं. | योजनाको नाम | विनियोजन वजेट | खर्च रकम |
|---|---|---|---|
| १६ | थिर्पु ३ इप्रका खापा मर्मत | १४८.०० | १४८.०० |
| १७ | जनज्योति उमावि खापा मर्मत भर्ता | ५०.०० | ५०.०० |
| १८ | पत्रिका, रेडियो तथा एफएम मार्फत प्रचार प्रसार | ५०.०० | ५०.०० |
| १९ | सरसफाई सम्वन्धी वुलेटिन तथा पम्पलेट प्रकाशन | ३८.०० | ३८.०० |
| २० | संचालित योजनामा सरसफाईका लागि सामाजिक परिचालन | ४८.०० | ४८.०० |
| २१ | सरसफाई सम्वन्धी स्थानीय श्रोत व्यक्तिका लागि तालिम | ५०.०० | ५०.०० |
| २२ | खानेपानी जाच तथा अन्य सामग्री खरिद | ३००.०० | ३००.०० |
| २३ | खानेपानी योजनाको सुरक्षा योजना तयारी | २४.०० | २४.०० |
| २४ | उपभोक्ता समितिलाई सरसफाई तथा स्वास्थ्य सम्वन्धी अभिमुखिकरण तालिम | २५.०० | २५.०० |
| २५ | महिला तालिम भवनको शौचालय निर्माण | ३००.०० | ३००.०० |
| २६ | सार्वजनिक शौचालय तथा खानेपानी धारा व्यवस्थापन कालिका मावि खल्ला | २९०.०० | २९०.०० |
| २७ | उमावि पंचदेव मान्म खानेपानी टंकी निर्माण तथा शौचालय निर्माण | १००.०० | १००.०० |
| २८ | खानेपानी नजिकको शौचालय मर्मत तथा व्यवस्थापन | १६१.०० | १६१.०० |
| २९ | लालु देउपालत खानेपानी मर्मत | ५०.०० | ५०.०० |
| ३० | प्रतिमाचोक शौचालय मर्मत तथा व्यवस्थापन | १००.०० | ०.०० |
| ३१ | प्रशासनिक खर्च | १४३४.०० | ९९०.०५ |
| | जम्मा | ९११४.०० | ८५७०.०४ |

**झोलुङ्गे पुल कार्यक्रम :** यस जिल्लाको नयाँ तथा पुराना झो.पु.हरुको निर्माण तथा मर्मतको लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट रु. ६४ लाख वजेटको अख्यिारी प्राप्त भएको छ । जुन वजेटवाट तपसिल वमोजिमका योजनाहरुमा खर्च भएको छ ।

| सि.नं. | योजनाको नाम | विनियोजन वजेट | खर्च रकम |
|---|---|---|---|
| १ | दुधेपानी झो.पु. नया | १२०७.०० | ११५८.९७ |
| २ | घट्टेगाड झो.पु. नया | ७५५.०० | ४५३.२० |
| ३ | दाम्रीगाड झो.पु. नया | ५५२.०० | ५२०.४८ |
| ४ | चडाखाना (रुडुवन्चु) झो.पु. नया | १०४०.०० | १०१२.७० |
| ५ | खुलालु झो.पु. नया | १५००.०० | ७५.०० |
| ६ | लुव्र झो.पु. मर्मत | २५०.०० | २५०.०० |
| ७ | पान्तडि झो.पु. मर्मत | २५०.०० | २५०.०० |
| ८ | खोटे झो.पु. मर्मत | ६००.०० | ६००.०० |
| ९ | झो.पु. पारिश्रमिक तथा नियमित मर्मत खर्च | २४६.०० | ९७.५५ |
| | जम्मा | ६४००.०० | ४४१७.९० |

ग्रामीण पहुँच कार्यक्रम तेश्रो (RAP -3) ले झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रमका लागि विनियोजित वजेट रु. ७४ लाख ८८ हजार रुपैया वाट तपसिल वमोजिमका योजनाहरु संचालन भएको थियो ।

| सि.नं. | योजनाको नाम | विनियोजन वजेट | खर्च रकम |
|---|---|---|---|
| १ | लडेखोला झो.पु. | १४०६.०० | ८३०.३९ |
| २ | लाम्रीखोला झो.पु. | १२६२.०० | ८९१.३३ |
| ३ | डोविटा झो.पु. | १३७२.०० | ९२३.३३ |
| ४ | काभ्रिखोला झो.पु. | १६२१.०० | १०३९.८८ |

| सि.नं. | योजनाको नाम | विनियोजन वजेट | खर्च रकम |
|---|---|---|---|
| ५ | सान्नीगाड झो.पु. | १४०४.०० | १०९८.५१ |
| ६ | वडडीमेला झो.पु. | ४२३.०० | ३५२.८८ |
| | जम्मा | ७४८८.०० | ५१३६.३२ |

**<u>सस्कृति प्रबर्द्धन कार्यक्रम</u> :**यस जिल्लाका मठ, मन्दिर, गुम्वा, चर्च आदि जस्ता योजनाहरुको मर्मत, संरक्षण, र जिर्णोद्धार गर्नका लागि संस्कृति पर्यटन तथा नागरिक उड्डन मन्त्रालयवाट आ.व. २०७१/०७२ मा तपसिलका योजनाहरु संचालन गर्न अख्तियारी एवंरु. ३४ लाख वजेट प्राप्त भएको थियो ।

| सि.नं. | योजनाको विवरण | **विनियोजन वजेट** | **खर्च रकम** |
|---|---|---|---|
| १ | पंचदेवल मन्दिर | १०००००.०० | १०००००.०० |
| २ | रुपादेवी मन्दिर | १०००००.०० | १०००००.०० |
| ३ | वडीमालिका मन्दिर जिर्णोद्धार | ३०००००.०० | ३०००००.०० |
| ४ | शिव मन्दिर संरक्षण पारिसडेर ३ | ३०००००.०० | ३०००००.०० |
| ५ | खापरमष्टा काडाँमाई मन्दिर पुन निर्माण | ३०००००.०० | ३०००००.०० |
| ६ | तिखासुले मन्दिर | १०००००.०० | १०००००.०० |
| ७ | वडिमालिका भगवति मन्दिर | २०००००.०० | २०००००.०० |
| ८ | शिव मन्दिर | ३०००००.०० | ३०००००.०० |
| ९ | धौलापुर मन्दिर | १०००००.०० | १०००००.०० |
| १० | पाखा ज्यूला मष्टामाडु मन्दिर | ३०००००.०० | ३०००००.०० |
| ११ | पंचदेवल मन्दिर | ३०००००.०० | ३०००००.०० |
| १२ | कालासिल्ला मन्दिर | ३०००००.०० | ३०००००.०० |
| १३ | कालिका मन्दिर | ३०००००.०० | ०.०० |
| १४ | शिव मन्दिर | २०००००.०० | ०,०० |
| १५ | मष्टा कालासिल्ला देवताको मन्दिर | २०००००.०० | २०००००.०० |
| | कुल जम्मा | ३४०००००.०० | २९०००००.०० |

**<u>स्थानीय यातायात क्षेत्रगत कार्यक्रम</u> :**यस जिल्लाको स्थानीय यातायातका क्षेत्रमा विकास गर्ने उद्देश्यले यो कार्यक्रम मार्फत यस कार्यालयलाई आ.व. २०७१/०७२ मा तपसिलका योजनाहरु संचालन गर्नका लागि पहिले ६० लाख वजेट प्राप्त भएकोमा पछि ७५ लाख वजेट थप प्राप्त भएको थियो । जसमा तपसिल वमोजिम खर्च भएको छ ।

| सि.नं. | योजनाको नाम | विनियोजन वजेट | खर्च रकम |
|---|---|---|---|
| १ | लालीघाट-कोटवाडा-सुन्थराली (विमानस्थल) सडक | ६६४.०० | ६६४.०० |
| २ | नाग्म हुदै जुविथा खल्लागाउ सडकको दहचौर देखि राचुली माथिल्लो गुत्तु हुदै खल्लागाउ सम्म सडक निर्माण | ७४७.०० | ७४७.०० |
| ३ | रेंगिल हुदै रकु–मेहलमुडी–कोटवाडा सडक निर्माण | ४९८.०० | ४९८.०० |
| ४ | गाल्जे हुदै जुविथा–वालीचौर-छाप्रे सम्म सडकको वालीचौर-छाप्रे खण्ड सडक निर्माण | ४९८.०० | ४९८.०० |
| ५ | चौर देखि अस्पताल हुदै रंगिल सम्म सडक निर्माण | ६९८०.०० | ६५१५.११ |
| ६ | मान्म देखि धौलागोह सडक निर्माण | ८३०.०० | ८३०.०० |
| ७ | सान्नीगाड चिल्खोलेस मेहलमुडी सडक | ८३०.०० | ८३०.०० |
| ८ | स्यूना वगाने खोला-नानीकोट लैफु डाडा सम्म सडक | २४९.०० | २३६.५५ |

| सि.नं. | योजनाको नाम | विनियोजन वजेट | खर्च रकम |
|---|---|---|---|
| ९ | जिविस-अदालत-शार्दुल गुल्म हुदै तिला कर्णाली वहुमुखी क्यामपस सम्म सडक निर्माण | २२२.०० | २२२.०० |
| १० | जिविस-अदालत-शार्दुल गुल्म हुदै ताला खोर सम्म सडक | ३००.०० | ३००.०० |
| ११ | तुसारखोला देखि लाटा सम्म सडक निर्माण | १६६.०० | १६६.०० |
| १२ | अयरपातल ग्रामीण सडक | १६६.०० | १६६.०० |
| १३ | सडक ममैत संभार कोष १ प्रतिशत ट्रान्सफर खर्च | १३५०.०० | १३५०.०० |
| | जम्मा | १३५००.०० | १३०२२.६६ |

**पुन निर्माण तथा पुनस्थापना कार्यक्रम (शान्ति तथा पुनर्निमार्ण मन्त्रालय) :** यस जिल्लाका तपसिलका योजनाहरु जिल्ला प्राविधिक कार्यालय मार्फत संचालन गर्नका लागि आ.व. २०७१/०७२ मा कुल अख्तियारी एवंरु. ८४ लाख ९० हजार वजेट प्राप्त भएको थियो । जसमा तपसिल वमोजिम खर्च भएको छ ।

| सि.नं. | योजनाको विवरण | विनियोजन वजेट | खर्च रकम |
|---|---|---|---|
| १ | तिमिलचौर खा.पा. आयोजना लाफा | ३००.०० | ३००.०० |
| २ | लाफागाड लघु जलविधुत आयोजना राम्नाकोट ६ | ५००.०० | ५००.०० |
| ३ | गा.वि.स भवन पाँखा | १०२०.०० | ९९६.०० |
| ४ | गा.वि.स भवन गेला | १७०.०० | १४४.४९ |
| ५ | जन जागृती प्रा वि भवन कालीका ३ | ४००.०० | ३८०.०० |
| ६ | मष्ट प्रा.वि भवन खिन १ | ४००.०० | ४००.०० |
| ७ | सरस्वती मा.वि.भवन बदालकोट ५ | ५००.०० | ५००.०० |
| ८ | जनता उ.मा.वी भवन रुप्सा ४ | ५००.०० | ५००.०० |
| ९ | खारा देखि कागे रुख सम्म खा.पा.आ. राम्नाकोट ९ | ३००.०० | ३००.०० |
| १० | भलाने खा.पा. कुमालगाउं | ५००.०० | ५००.०० |
| ११ | गडिमुल सिचाई आयोजना मुम्रा | ३००.०० | ३००.०० |
| १२ | पाँखा सिचाई आयोजना पाखा ८ र ९ | ४००.०० | ४००.०० |
| १३ | धुलछहरा खादु सिंचई आयोजना राम्नाकोट | ४००.०० | ४००.०० |
| १४ | गुहालभिड देखि पोरीखेत सिचाई कुलो सिपखाना ७ | ४००.०० | ४००.०० |
| १५ | सेरीज्यूला तल्लो र माथिल्लो सिचाई दाँहा ६ | ४००.०० | २३४.६९ |
| १६ | लडेखोला सिचाई स्युना ४ | ४००.०० | ४००.०० |
| १७ | घट्टेगाड तिते खोली सीचाई खिन १ | ४००.०० | ४००.०० |
| १८ | जन प्रभात नि.मा.वि.भवन पाँखा | ३००.०० | ३००.०० |
| १९ | सुन्दर नि.मा.वि. भवन सिपखाना | ३००.०० | ३००.०० |
| २० | पारौटी खा.पा.आ. थिर्पु २ | ३००.०० | ३००.०० |
| २१ | चन्द्रज्योती प्रा वि भवन रकु ३ मुलपानी | ३००.०० | २१५.१७ |
| | जम्मा | ८४९०.०० | ८१७०.३५ |

**शान्तिका लागि विकास कार्यक्रम :**जिल्लाका तपसिलका योजनाहरु जिल्ला प्राविधिक कार्यालय मार्फत संचालन गर्नका लागि आ.व. २०७१/०७२ मा अख्तियारी एवंरु. ५१ लाख ३० हजार वजेट प्राप्त भएको छ ।

| सि.नं. | योजनाको विवरण | विनियोजन वजेट | खर्च रकम |
|---|---|---|---|
| १ | जागृति पुस्तकालय भवन, माम्म ५ | 300 | ०.०० |
| २ | चुलिमालीका मा.वि. भवन दाँहा २ | 280 | २८०.०० |
| ३ | फोमहादेव उ.मा.वि. भवन फोमहादेव | 280 | २८०.०० |
| ४ | जनजिवन प्रा.वि. भवन दाँहा ६ सेरा | 280 | ०.०० |
| ५ | महावै नि.मा.वि.भवन गुनागाउ ५ गेला | 280 | २६२.४३ |
| ६ | डांफे मा.वि मा.वि. भवन मुम्रा कालिकोट | 200 | २००.०० |
| ७ | राम मा.वि. भवन राम्नी ८ कोटवाडा | 280 | २६९.३५ |
| ८ | महादेव नि.मा.वि. रुडु चिल्खाया फिल्ड निर्माण | 280 | २८०.०० |
| ९ | हिमालय प्रा.वि. भवन मुम्रा ३ | 280 | २८०.०० |
| १० | बुडासैन खा.पा.आ. सिपखाना वार्ड नं. ६ | 200 | २००.०० |
| ११ | चुलीमालीका प्रा.वि. भवन राम्नाकोट ६ लाँफा | 280 | २८०.०० |
| १२ | मालीका मा.वि. भवन नाँग्म फोईमहादेव | 300 | ३००.०० |
| १३ | श्री पन्च कालीका भवन मा.वि.बाफ्फकोट | 300 | ३००.०० |
| १४ | शंकर मा.वि. भवन रकु ४ शेरीज्युला | 310 | २७३.४५ |
| १५ | विश्वकुना मावि भवन निर्माण/मर्मत कुमालगाउं ९ | 300 | ३००.०० |
| १६ | कालीका नि मा.वि. भवन खिन | 300 | ३००.०० |
| १७ | कालीका मा.वी. भवन पिली दाँह ९ | 200 | २००.०० |
| १८ | रतडा बुडाकोट खा.पा.आ. राचुली | 200 | २००.०० |
| १९ | शहीद स्मृती स्तम्भ सिपखाना ७ | 280 | २८०.०० |
| | जम्मा | ५१३० | ४४८५.२३ |

**सामाजिक सुरक्षा कार्यक्रम :** नेपालको अन्तरिक संविधान २०६३ को मर्म र भावना अनुरुप समाजका जेष्ठ नागरिक, एकल महिला, दलित वर्ग, लोपोन्मुख आदीवासी/जनजाती एवं अशक्त अपांगता भएका नागरिकहरुको सामाजिक सुरक्षा सम्वन्धी मौलिकहकको संरक्षण गर्नु राज्यको दायित्व, संविधानको सिद्धान्त तथा नीतिहरुले निर्देश गरे अनुरुप समाजिक न्याय प्रदानमा सहयोग गर्न तथा जीवनयापनका लागि आवश्यक सहयोग होस भन्ने उद्देश्यले आ.व. २०५२/०५३ देखि सामाजिक सुरक्षा कार्यक्रम संचालन आएको छ भने नेपाल सरकारले आ.व. ०६६/०६७ को बजेट बक्तव्य मार्फत विपन्न तथा अत्यन्त पिछडिएका परिवारमा शिशु स्याहारको अवस्थामा सुधार ल्याउन आ.व. ०६६/६७ को कार्तिकदेखि प्रत्येक विपन्न दलित परिवार र कर्णाली अञ्चलमा सबै परिवारका ५ वर्ष मुनिका दुई जनासम्म बालबालिकाको पोषणमा खर्च गर्ने गरी आमा वा आमा नभएमा संरक्षकलाई प्रति बालबालिका मासिक रु. २००।- का दरले बाल संरक्षण अनुदान दिने घोषणा भए अनुरुप तपसिल वमोजिम सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको लागि आ.व. २०७१/०७२ मा तपसिल वमोजिमको रकम प्राप्त भएको थियो ।

| सि.न. | विवरण | संख्या | प्राप्त अख्तियारी |
|---|---|---|---|
| १ | जेष्ठ नागरिक भत्ता | ९८९४ | ५९३४० |
| २ | विधवा महिला भत्ता | २०५१ | १२३०६ |
| ३ | पूर्ण अपांग भत्ता | २८३ | ३३९६ |
| ४ | आंशिक अपांग भत्ता | | |
| ५ | वालपोषण भत्ता | ३०१६५ | ६५०५९.०२ |
| ६ | उपचार खर्च ७० वर्ष भन्दा माथि भत्ता | ३६१६ | ७२३२ |
| | जम्मा | | १४७६०३.०२ |

**उपेक्षित उत्पिडित र दलितवर्ग उत्थान कार्यक्रम** : समाजको अभिन्न अंगको रुपमा रहेको यस समुदायको उत्थान एवं विकास गरी समावेशी विकास एवं लोक कल्याणकारी राज्यको स्थापना गर्ने सिलसिलामा यस जिल्लाका विपन्न उपेक्षित, उत्पीडित र दलित समुदायको दैनिक जीवन यापनमा परिवर्तन ल्याउनको लागि आ.व. २०७१/०७२ मा २ लाख ७५ हजार रुपैया प्राप्त भएको थियो जसवाट तोकिएका लक्षित वर्गलाई चेतनामूलक तालिम दिनुका साथै आरन र सिलाई मेशिन खरिद गरी वितरण गरिएको थियो ।

**दुर्गम क्षेत्र विकास समिति** : २०२२ सालमा नेपालको उत्तरी सीमावर्ति जिल्लाहरु र भौगोलिक दृष्टिकोणले विकट एवं आर्थिक तथा सामाजिक दृष्टिले पिछडिएका ४ जिल्लावाट कार्यक्रम संचालन गरी हाल २२ जिल्लाका ४७५ गाविसहरुमा विशेष कार्यक्रमहरु संचालन गरी उक्त क्षेत्रको विकास गर्ने उद्देश्यले नेपाल सरकारले दुर्गम क्षेत्र विकास समितिको गठन गरेको हो । सोही समिति मार्फत कालिकोट पूर्ण दुर्गम जिल्लाकोरुपमा घोषित छ । यस समिति मार्फत यसले अति विपन्न, पिछडिएका क्षेत्रहरुमा वसोवास गर्ने जनताको जीवनस्तरमा सुधार ल्याउनुका साथै भौगोलिक, सामाजिक, तथा आर्थिकरुपले विपन्न समुदायलाई आवद्ध गरी विकास निर्माण कार्यमा संलग्न गराउने । प्राचीन कला, संस्कृति तथा पुरातात्विक महत्वका वस्तुहरुको संरक्षण र सम्वर्द्धन गर्ने । दुर्गम क्षेत्रका जनतालाई पनि सुगम सहरको स्थितिमा ल्याउन ग्रामीण पूर्वाधारका कार्यक्रमहरु वाटोघाटो, झोलुङ्गे पुल, काठेपुल, साना सिचाई, पोखरी, खानेपानी, विद्यालय भवन निर्माण, विद्युत्तिकरण, मठ मन्दिर इत्यादी र सिलाई, कटाई, होटल व्यवयसायी सम्वन्धी आय आर्जनका तालिम जस्ता कार्यक्रम संचालन गर्दै आईरहेकोमा आ.व. २०७१/०७२ मा देहाय अनुसारका कार्यक्रमहरु संचालन गर्नको लागि ४५ लाख बजेट विनियोजन भएको देखिन्छ । यस कार्यक्रममा प्रशासनिक खर्च रु. १२ लाख ६२ हजार गरी कुल वजेट रु. ५७ लाख ६२ हजार २ सय ९० रुपैया वजेट प्राप्त भएको थियो । जसमा तपसिल वमोजिम विनियोजन भई खर्च भएको पाईन्छ ।

| सि.नं. | योजनाको विवरण | विनियोजन वजेट | खर्च रकम | कैफियत |
|---|---|---|---|---|
| १ | उच्छव खोला विद्युत | ४००.०० | ४००.०० | |
| २ | हाउडी खोला विद्युत | ९५०.०० | ९५०.०० | |
| ३ | लाफागाड झो.पु | १६००.०० | १६००.०० | |
| ४ | पंचदेवल छात्रावास | ४००.०० | ४००.०० | |
| ५ | चौथिकोट प्रावि ८ कोठे भवन निर्माण | ३००.०० | ३००.०० | |
| ६ | चुलिमालिका प्रावि भवन निर्माण | १५०.०० | १५०.०० | |
| ७ | शिक्षाज्योति भवन निर्माण | १००.०० | १००.०० | |
| ८ | सित्तु सिंचाई कुलो निर्माण | २००.०० | २००.०० | |
| ९ | सान्नीखेत मालतडा सिचाई | २००.०० | २००.०० | |
| १० | मेगराखोला सिचाई | २००.०० | २००.०० | |
| | प्रशासनिक वजेट रु. | १२६२.२९ | १२५९.६९ | |
| | कुल जम्मा | ५७६२.२९ | ५७५९.६९ | |

**गाविस अनुदान कार्यक्रम**:यस जिल्लाका ३० वटै गाविसका गाविसलाई पुजिगत अनुदान रकम रु. ५ करोड ७७ लाख ६५ हजार चालु वजेट रु. १ करोड ३६ लाख ६ हजार गरी कुल वजेट रु ७ करोड १३ लाख ७१ हजार अख्तियारी प्राप्त भएकोमा ७ करोड ७८ हजार ३ सय ६० खर्च भई वाकी रकम १२ लाख ९२ हजार ६ सय ४० रुपैया फ्रिज भएको थियो ।

**आदिवासी, जनजाति उत्थान कार्यक्रम** :नेपाल एक बहुजातीय, बहुभाषिक एवं सांस्कृतिक विविधताले भरिएको मूलुक हो । कूल जनसंख्याको करिव ३९.४ प्रतिशत ओगट्ने आदिवासी जनजातिहरु विकासको मुलप्रवाहमा आउन नसकेकोले राज्यले राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा मानव अधिकार, समानता र जातीय विभेद उन्मुलनका पक्षमा गरेका प्रतिवद्धताहरुको पालनाका लागि यो समुदायको समग्र विकासको मूलप्रवाहमा ल्याउनका लागि विभिन्न कार्यक्रमहरु मार्फत जीवनस्तरमा सुधार ल्याउनका लागि आ.व. २०७१/०७२ मा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट रु १ लाख रुपैया अख्तियारी प्राप्त भएको देखिन्छ । जुन रकमवाट जिल्ला स्थित आदीवासी, जनजातीहरुको जिल्ला पार्श्वचित्र तयारीको लागि तथ्यांक संकलन गर्ने कार्य भएको थियो ।

**वादी समुदाय उत्थान विकास कार्यक्रम** :नेपालमा रहेका निश्चित वादी समुदायको उत्थान र विकासका लागि विकास समिति ऐन २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले जारी गरेको वादी समुदाय उत्थान विकास समिति गठन भए वमोजिम यस जिल्लामा पनि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट २ लाख वजेट प्राप्त भएकोमा उक्त वजेटवाट वादी समुदायका लक्षित वर्गलाई आय आर्जन कार्यक्रम अन्तर्गत वंगुर र कुखुरा पालनका लागि वंगुर र कुखुरा वितरण गरिएको थियो ।

**नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम**:नेपाल जलबायु परिवर्तन सहयोग कार्यक्रम बेलायत सरकार र यूरोपियन युनियनको आर्थिक सहयोगमा र युनडिपिको प्राविधिक सहयोगमा बिज्ञान प्रविधि तथा बातावरण मन्त्रालय मार्फत मध्य तथा सुदूर पश्चिमको १४ वटा जिल्लाहरुमा संचालन भैरहेको छ । जिल्लामा जिल्ला विकास समितिको कार्यालयले जिल्ला बाताबरण उर्जा तथा जलबायु परिवर्तन समन्वय समिति र गाबिस बाताबरण उर्जा तथा जलबायु परिवर्तन समन्वय समिति मार्फत कार्यक्रम संचालन गरिरहेको छ । यस कार्यक्रमको लक्ष्य नेपालका अति गरिब तथा संकटासन्न समुदायहरु जलवायु परिवर्तनको असरहरुसँग अनुकुलन हुन सक्ने क्षमतामा बृदि गर्नु हो भने यस कार्यक्रमको उद्देश्य सरकारी तथा गैर सरकारी निकायको क्षमता बढाउने,जलवायु परिवर्तन निती र अनुकुलनका कार्य गर्ने, जलवायु परिवर्तनलाई मुख्य विकासका क्षेत्रहरुमा एकिकृत गर्ने, सामुदायिक तथा निजी सहजिकरणवाट जलवायु परिवर्तन अनुकुलन कार्यक्रम कार्यान्वयन गर्ने रहेको छ । यो कार्यक्रम कालिकोट जिल्लामा बिगत दुइ वर्ष देखि संचालन भैरहेको छ र यस जिल्लाको मान्म, रकु, लालु, दाहा र कालिका गाबिसमा संचालन भैरहेको छ । जस अन्तरगत जिल्लाका बिषयगत कार्यालयहरु, सेवाप्रदायक संस्था, उपभोक्ता समितिहरु मार्फत क्रियाकलापहरु संचालन हुदै आएको छ । चालु आ.व. २०७१/०७२ मा तपसिल वमोजिमका क्रियाकलापहरु संचालन गर्न तपसिल वमोजिमको अख्यिारी विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयमा मार्फत प्राप्त भएकोमा सोही वमोजिम खर्च गरिएको थियो भने वाँकी वजेट फ्रिज गरिएको छ ।

| सि.नं. | योजनाको विवरण | विनियोजन वजेट | खर्च रकम | कैफियत |
|---|---|---|---|---|
| १ | पशु स्वास्थ तथा विकास | २९४०.०० | २२४६.३० | |
| २ | वाली विविधिकरण तथा तरकारी खेती | ४४९०.०० | ४४९०.०० | |
| ३ | साना सिचाई | १३२०.०० | ८५०.०० | |
| ४ | वैकल्पिक उर्जा | १४२५.०० | १४२५.०० | |
| ५ | वन व्यवस्थापन तथा जैविक विविधता | १२१०.०० | ८५०.०० | |
| ६ | जलबायुजन्य अन्य कार्यक्रम | १५५०.०० | १५५०.०० | |
| ७ | भौतिक संरचना निर्माण | ८७३०.०० | ८०६०.०० | |
| ८ | मानविय स्रोत, क्षमता विकास तथा जीविकोपार्जन | ७८२.०० | ७८२.०० | |
| ९ | मानव स्वास्थ्य | ३३५५.०० | ३१०५.०० | |
| १० | लापा अनुगमन मूल्यांकन | ७३००.०० | ५०९७.४७ | |
| | जम्मा | ३३१०२ | २८४५५.७७ | |

**स्थानीय निकाय वित्तीय आयोगः** यस कालिकोट जिल्लाका ३० वटै गाविसहरुका गाविसको MCPMलगायत सेवा तथा परामर्श खर्च गर्नका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट २ लाख ६१ हजार वजेट अख्तियारी प्राप्त भएकोमा सोही वमोजिम सवै गाविसको MCPM गर्नका लागि उक्त वजेट खर्च भएको थियो ।

**गरिबसंग विश्वेश्वर कार्यक्रमः** यस जिल्लामा गरिबसंग विश्वेश्वर कार्यक्रम लागु भएका गाविसहरुमा आय आर्जन र वीउपुजी लगानीको लागि २ लाख १२ हजार र एक जना सामाजिक परिचालकको तलव, भत्ता भनी १ लाख ८३ हजार गरी कुल वजेट ३ लाख ९५ हजार अख्तियारी प्राप्त भएकोमा सोही वमोजिम गरिबसंग विश्वेश्वर कार्यक्रमको निर्देशिका वमोजिम खर्च गरिएको थियो

**सहकारी तथा गरिबी निवारण कार्यक्रमः** सहकारी तथा गरिबी निवारण मन्त्रालयवाट यस जिल्ला विकास समितिलाई मेशनरी औजारहरु कम्प्यूटर प्रिन्टर खरिद कार्य गर्नका लागि प्राप्त भएको ५० हजार रुपैया कम्प्यूटर र प्रिन्टर खरिद कार्यक्रमा खर्च भएको थियो

**जिविस अनुदान :** यस कार्यक्रम अन्तर्गत जिल्ला विकास समितिमा तपसिल वमोजिम अख्तियारी प्राप्त भएकोमा सोही अनुसार जिल्ला परिषदवाट विनियोजन गरी विभिन्न ऐन, नियम र निर्देशिका वमोजिम चालु र पूजिगत कार्यक्रम तपसिल वमोजिम खर्च गरी बाँकी खर्च हुन नसकेको रकम फ्रिज गरिएको थियो ।

| सि.नं. | योजनाको विवरण | विनियोजन वजेट | खर्च रकम |
|---|---|---|---|
| १ | दलित वर्ग उत्थान जिल्ला समन्वय समितिको भवन निर्माण | ११२८.०० | ११२८ |
| २ | महिला तालिम भवन निर्माण राचुली | ५००.०० | ५०० |
| ३ | महिला सम्वन्धि क्षमता विकास कार्यक्रम | २५२.०० | २५२ |
| ४ | वालवालिकाको जिल्ला प्रोफाईल तयार तथा प्रकाशन (जिल्ला वाल कल्याण समितिवाट प्रोफाईल तयार) | १२५.०० | १२५ |
| ५ | जिल्ला वालवालिका कोष स्थापना | ५००.०० | ५०० |
| ६ | वालवालिका सम्वन्धी क्षमता विकास कार्यक्रम | १२७.०० | १२७ |
| ७ | WUPAP | ३०.०० | ३० |
| ८ | CFLG | ३०.०० | ३० |
| ९ | RERL | ५०.०० | ५० |
| १० | SSMP Helvetas | ५०.०० | ५० |
| ११ | Dhachhukhola Micro Hydropower Malkot | १००.०० | १०० |
| १२ | मर्मत संभार कोष | ५०.०० | ५० |
| १३ | मानव संसाधन विकास कोष | ५०.०० | ५० |
| १४ | महिला तथा वालबालिका विकास कोष | ५०.०० | ५० |
| १५ | कर्मचारी कल्याण कोष | ७००.०० | ७०० |
| १६ | उर्जा तथा वातावरण संरक्षण विशेष कोष | ५०.०० | ५० |
| १७ | प्रकोप व्यबस्थापन कोष | ५०.०० | ५० |
| १८ | स्थानीय विकास कोष | ५०.०० | ५० |
| १९ | गरिबी निवारण तथा सामाजिक परिचालन कोष | ५०.०० | ५० |
| २० | सूचना तथा अभिलेख कोष | ५०.०० | ५० |
| २१ | DPMAS/WBRS | १५०.०० | १५० |
| २२ | अनुगमन र मुल्यांकन कार्यक्रम | १६७.०० | १६७ |
| २३ | जिल्ला गरिबी नक्सांकन/DTMP संसोधन | ५०.०० | ५० |
| २४ | श्रोत नक्सा निर्माण | ५०.०० | ५० |
| २५ | जिल्ला पार्श्वचित्र अध्यावधिक तथा छपाई | ३००.०० | ३०० |
| २६ | वार्षिक जिल्ला विकास योजना निर्माण | ५०.०० | ५० |
| २७ | संस्थागत विकास | ५०.०० | ५० |

| सि.नं. | योजनाको विवरण | विनियोजन वजेट | खर्च रकम |
|---|---|---|---|
| २८ | नागरिक वडा पत्र पुनरावलोकन | ३०.०० | ३० |
| २९ | विशेष कोष निर्देशिका निर्माण | १००.०० | १०० |
| ३० | डाक्टर तथा ईन्जिनियर पढने जेहेन्दार विद्यार्थीलाई उपलब्ध गराउने गरी छात्रवृत्ति कोष स्थापना | ३५०.०० | ३५० |
| ३१ | चुलिमालिका मावि वदालकोट २ | १५०.०० | १५० |
| ३२ | जनज्योति उमावि पाखा | १००.०० | १०० |
| ३३ | वडिमालिका उमावि रास्कोट (कृषि विद्यालय) | १००.०० | १०० |
| ३४ | नन्दादेवी उमावि कोटवाडा | १००.०० | १०० |
| ३५ | पंचदेवल उमावि (क्याम्पस) मेहलमुडी | ५०.०० | ५० |
| ३६ | नेपाल पत्रकार महासंघ जिल्ला कार्य समिति भवन निर्माण | २२०.०० | २२० |
| ३७ | कुमालगाउ प्राथमिक स्वास्थ्य केन्द्र (PHC) लाई आवश्यक सामग्री ढुवानी तथा व्यवस्थापन खर्च | ५००.०० | ५०० |
| ३८ | आखा शिविर संचालन | ३०.०० | ३० |
| ३९ | सास्कृतिक महोत्वस | २००.०० | १५० |
| ४० | जिविस महासंघ सदस्यता शुल्क | ३५.०० | ३५ |
| ४१ | पर्यटन क्षेत्रको वृत्तचित्र (भिडियो) निर्माण | ३००.०० | २०० |
| ४२ | वदालकोट काठेपुल मर्मत | १००.०० | १०० |
| ४३ | मान्म रेगिल सडक | १५०.०० | १५० |
| ४४ | आम्तडा वाटो निर्माण | ५०.०० | ५० |
| ४५ | खुलालु तुईन निर्माण | १५०.०० | १५० |
| ४६ | कन्टिन्जेन्सी खातामा ट्रान्सफर (५ प्रतिशत ) | ५०१.०० | ५०१ |
| ४७ | कोष खातामा ट्रान्सफर (२० प्रतिशत) | २००७.०० | २००७ |
| ४८ | ताडी मिनीवसपार्क तिला कर्णाली वहुमुखी क्याम्पस सम्म सडक | १९७८.८५ | १९७८.८५ |
| ४९ | लालीघाट-कोटवाडा-सुन्थराली (विमानस्थल) सडक | १९७८.८५ | ०.०० |
| ५० | प्रशासनिक खर्च (कन्टिन्जेन्सी) | २०८.३० | २०८.३० |
| ५१ | प्रशासनिक खर्च | २८५२४.०० | २८३३४.६० |
|  | जम्मा | ४२७२२ | ४०४०३.७५ |

**<u>ग्रामीण पहुँच कार्यक्रम तेश्रो :</u>**यस जिल्लामा जिविस कालिकोटलाई नेपाल सरकारवाट ग्रामीण पहुँच कार्यक्रमका लागि कुल वजेट रु. ३४ लाख अख्तियारी प्राप्त भएकोमा मान्म चौर अस्पताल देखि रेंगिल सडक सम्मका लागि अपुग वजेटमा थप गरीएकोमा ठेक्का घटी घटाउ हुँदा उक्त वजेट खर्च नभएकाले तपसिलका योजनाहरुमा खर्न गर्ने गरी विनियोजन भएको थियो ।

| सि.नं. | योजनाको विवरण | विनियोजन वजेट | खर्च रकम |
|---|---|---|---|
| १ | दैलेख-वभाङ्गनेटा-वेहुली-सुकाटीया दहचौर -पान्तडी | १००० | १०००.०० |
| २ | नाग्म हुद्रै जुविथा खल्लागाउ सडकको दहचौर देखि राचुली माथिल्लो गुत्तु हुदै खल्लागाउ सम्म सडक निर्माण | १००० | ८५५.४३ |
| ३ | सुनारखोला पंचदेवल मान्म सडक | १००० | ५००.०० |
| ४ | जिविस-अदालत-शार्दुल गुल्म हुदै ताला खोर सम्म सडक | ४०० | ०.०० |
|  | जम्मा | ३४०० | २३५५.४३ |

**गरिबी निवारण आयोजना:**यस जिल्लामा विभिन्न गाविसका लागु भएका गरिबी निवारण आयोजनाहरुको लागि गरिबी निवारण कोषवाट प्राप्त भएको वजेट रकम तपसिल वमोजिम विनियोजन गरी खर्च भएको थियो ।

| सि.नं. | योजनाको विवरण | विनियोजन वजेट | खर्च रकम |
|---|---|---|---|
| १ | मानव संसाधन | ९६२.५ | ९६२.५० |
| २ | समुदाय परिचालन | ५ | ५.०० |
| ३ | प्राविधिक सहयोग कोष | १६९ | ०.०० |
| ४ | क्षमता विकास | ९३.६ | ९३.६० |
| ५ | अनुगमन तथा मुल्यांकन | ९८ | ९८.०० |
| ६ | शिर्षभार | १८५.९३ | १८५.९३ |
| | जम्मा | १५१४.०३ | १३४५.०३ |

**दुई जिल्ला तथा आर्थिक केन्द्र जोड्ने सडक कार्यक्रम:**यस जिल्लामा यस कार्यक्रम संचालन गर्नका लागि तपसिल वमोजिमको रकम अख्तियारी प्राप्त भएकोमा जिविस वोर्ड वैठकको निर्णय अनुसार तपसिलमा योजनाहरुमा रकम विनियोजन गरी सोही अनुसार खर्च गरिएको थियो

| सि.नं. | योजनाको विवरण | विनियोजन वजेट | खर्च रकम |
|---|---|---|---|
| १ | नानीकोट-ठाटी-गोत्री वाजुरा सडक | १५००.०० | १५००.०० |
| २ | कोटवाडा-सुन्थराली विमानस्थल-कुमालगाउ-रुप्सा-रामारोशन अछाम | १५००.०० | १५००.०० |
| ३ | दैलेख-वभ्राङ्गेनेटा-वेहुली-सुकाटीया दहचौर -पान्तडी | १५००.०० | १५००.०० |
| ४ | दैलेख-महाबु-डिल्लीकोट-पादमघाट-चिल्खाया ठिन्के-गाल्जे जुविथा | १५००.०० | १५००.०० |
| ५ | मान्म जिरो पोईन्टको सडक मोड निर्माण | ३६२.०० | ३६२.०० |
| | जम्मा | ६३६२.०० | ६३६२.०० |

**जिल्ला वातावरण उर्जा तथा जलवायु परितर्वन कार्यक्रम** : यस कार्यक्रम अन्तर्गत तपसिल वमोजिमका कार्यक्रम तथा योजनाहरु संचालन गर्न वजेट प्राप्त भएकोमा सोही अनुसार विनियोजन गरी खर्च गरिएको थियो

| सि.नं. | योजनाको विवरण | विनियोजन वजेट | खर्च रकम |
|---|---|---|---|
| १ | भ्याकुन्नेगाड लघु जलविद्युत आयोजना गेला | २९००.०० | २९००.०० |
| २ | लाफागाड लघु जलविद्युत आयोजना राम्नाकोट | १२५०.०० | ०.०० |
| ३ | ओखरगाड घट्टखोला जलविद्युत आयोजना राचुली | १३८७.१२ | १३८७.१२ |
| ४ | प्रशासनिक खर्च | ५४०.०० | ५३९.८० |
| | जम्मा | ६०७७.१२ | ४८२६.९२ |

**निर्वाचन क्षेत्र विकास कार्यक्रम :**यस जिल्लाका एक जना प्रत्यक्ष र एक जना समानुपातिक गरी दुई जना सभासद तर्फ निर्वाचन क्षेत्रविकास कार्यक्रम कुल वजेट रु. १ करोड ३० लाख अख्तियारी प्राप्त भएकोमा तपसिलका योजनाहरुमा तपसिल वमोजिम विनियोजन भई खर्च गरिएको थियो ।

| सि.नं. | योजनाको विवरण | विनियोजन वजेट | खर्च रकम |
|---|---|---|---|
| १ | औलाखोला लघु जलविद्युत आयोजना खिन | २४०० | २४०० |
| २ | वन्चुगाड लघु जलविद्युत आयोजना चिल्खाया | १९०० | १९०० |
| ३ | भलेटागाड लघु जलविद्युत आयोजना कालिका | १५०० | १५०० |
| ४ | भर्तागाड लघु जलविद्युत आयोजना भर्ता | १००० | १००० |
| ५ | राचुली लघु जलविद्युत आयोजना राचुली | ८०० | ८०० |

| सि.नं. | योजनाको विवरण | विनियोजन वजेट | खर्च रकम |
|---|---|---|---|
| ६ | लालघीटा -कोटवाडा - सुन्थराली विमानस्थल सडक | २१०० | २१०० |
| ८ | वालशिक्षा भवन निर्माण पाखा ९ | १५० | १५० |
| ९ | सिमलडाडा वालविकास केन्द्र भवन निर्माण वदालकोट | १५० | १५० |
| १० | कालासिल्ला मावि फिल्ड निर्माण स्यूना | १५० | १५० |
| ११ | जाखुरा काठेपुल निर्माण मुम्रा | १५० | १५० |
| १२ | साहुखोला वाल शिक्षा भवन निर्माण लालु | १५० | १५० |
| १३ | सेरीकुलो मर्मत गेला ५ | १५० | १५० |
| १४ | हेर्नेमाडु प्रावि फिल्ड मर्मत ओखरभिट्टा छाप्रे | १५० | १५० |
| १५ | हलाढुंगा मन्दिर निर्माण फोईमहादेव | १५० | १५० |
| १६ | ठूलाडिभर खानेपानी मर्मत खिन ४ | १५० | १५० |
| १७ | मन्दिर मर्मत कोटिला नानीकोट | ५५ | ५५ |
| १८ | जनज्योती माविको फिल्ड निर्माण पाखा | २०० | २०० |
| १९ | भिमहरि प्रावि दाहा ६ भवन निर्माण | २०० | २०० |
| २० | भवानी प्रावि ठाना फिल्ड निर्माण सुकाटिया | १०० | १०० |
| २१ | जमरा प्रावि भमन निर्माण रुप्सा ९ | २५० | २५० |
| २२ | सरस्वती उमावि भिटादेखि गाविस भवनसम्म घोबा निर्माण नानीकोट ५ ६ | २०० | २०० |
| २३ | दाहाल प्रावि फिल्ड निर्माण सुकाटिया | १५० | १५० |
| २४ | कालासिल्ला मन्दिर निर्माण छाप्रे १ बाली | २०० | २०० |
| २५ | नवदिपक प्रावि फिल्ड निर्माण लालु ५ | ५० | ५० |
| २६ | पंन्च नि.मा.वि फिल्ड निर्माण फुकोट ५ | ५५ | ५५ |
| २७ | कन्टिन्जेन्सी | ३९० | ३९० |
| २८ | प्रशासनिक खर्च | १०० | १०० |
| | जम्मा | १३००० | १३००० |

**विद्युत रोयल्टी** :यस जिल्लाका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट १९४२०००।०० विद्युत रोयल्टी रकम प्राप्त भएकोमा जिविस वोर्ड वैठकको निर्णय अनुसार तपसिलमा कार्यक्रम तथा योजनाहरुमा उक्त रकम विनियोजन भई सोही अनुसार खर्च गरिएको थियो

| सि.नं. | योजनाको विवरण | विनियोजन वजेट | खर्च रकम |
|---|---|---|---|
| १ | नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा कालिकोटको एम्वुलेन्स मर्मतका लागि | २५०.०० | २५०.०० |
| २ | जिल्ला प्रशासन कार्यालय कालिकोटको लागि कम्प्यूटर खरिद तथा श्रेस्ता व्यवस्थापन वापत | १५०.०० | ० |
| ३ | जिल्ला प्रहरी कार्यालयको भवन एवं संरचनाको निर्माण कार्य | २००.०० | २००.०० |
| ४ | जिल्ला प्राविधिक कार्यालय कालिकोटका लागि ल्यापटप १ थान खरिद | १००.०० | १००.०० |
| ५ | द्वन्दपिडित महिला तथा वालवालिकाको चेतनामूलक कार्यक्रम संचालनको लागि ( महिला तथा वालवालिका सशक्तिकरण) | १५०.०० | १५०.०० |
| ६ | जिल्ला महिला समन्वय समितिको पार्श्वचित्र छपाई रकम | १००.०० | १००.०० |
| ७ | विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयको यन्त्रलाई डिजिटल यन्त्र वनाउने कार्यका लागि मान्म वडा नं. ४ का श्री वसन्तकुमार शाहीलाई वैज्ञानिक शोधखोज गर्न आर्थिक सहयोग वापत | १५०.०० | १५०.०० |
| ८ | कालिकोट जिल्लावाट चिकित्सा शास्त्र तर्फ मेडिकल अधिकृत (डाक्टर) अध्ययनरत २ जना (मान्म गाविस किरण शाही, फोईमहादेव अप्सरा हमाल) लाई ५०/५० हजारका दरले | १००.०० | १००.०० |
| ९ | खेलकूद कवर्ड हल निर्माण | ४००.०० | ४००.०० |

| सि.नं. | योजनाको विवरण | विनियोजन वजेट | खर्च रकम |
|---|---|---|---|
| १० | कालिकोट जिल्ला कारागार शाखा कालिकोटको जेल वन्दीहरुको लागि सिप विकास सम्वन्धी तालिम | २००.०० | २००.०० |
| ११ | खानेपानी योजना लालु | १४२.०० | १४२.०० |
| | जम्मा | १९४२.०० | १७९२ |

**स्थानीय शान्ति समिति:** कालिकोट जिल्लाका ३० वटै गाविसहरुमा स्थानीय स्तरमा शान्ति सुव्यवस्था र अमनचयन कायम राख्ने उद्देश्यका साथ गठन भएका गाविस स्तरीय स्थानीय शान्ति समितिको प्रशासनिक कामकाज गर्नका लागि भनि प्राप्त भएको वजेट रु. ६ लाख ६० हजार रकम प्रति गाविस रु. २२०००।- का दरले गाविसको खातामा निकासा दिई सोही अनुसार गाविसवाट खर्च भएको थियो ।

**राष्ट्रिय युवा परिचालन कार्यक्रम:** यस जिल्लाका लागि युवाहरु सम्वन्धी चेतनामूलक कार्यक्रम संचालन गर्ने भनी ६ लाख ८० हजार वजेट प्राप्त भएकोमा विभिन्न चेतनामूलक कार्यक्रमहरु संचालन गरी उक्त वजेट खर्च गरिएको थियो

**सकारात्मक शोध खोज तथा नेतृत्व विकास तालिम(Appreciative Inquiry for Leadership and Organization Development Training) :**

**भूमीकाः** कालिकोट जिल्लास्थित राजनैतिक दलका प्रतिनिधिहरु, नेपाल सरकार अन्तर्गतका कार्यालयका प्रमुखहरु, गैर सरकारी संघ/संस्थाका प्रतिनिधिहरु, गा.वि.स.सचिवहरु, जिविसका कर्मचारी तथा पत्रकारहरुको सोंच, प्रबृत्ति र व्यवहारमा परिवर्तन गरी संस्थागत विकास तथा बैयक्तिक जीवनमा सकारात्मक नेतृत्व अभिबृध्दि गरी सकारात्मक नेतृत्वको विकासमा सहजीकरण गर्ने र संगठनात्मक उत्पादकत्वलाई बढावा दिँदै व्यक्तिगत र संगठनात्मक कृयाकलापहरुमा प्रभावकारीता ल्याउने उद्देश्यले जिल्ला विकास समिति, कालिकोटको आयोजना तथा ग्रामिण पहुँच कार्यक्रम (RAP-3)को प्राविधिक सहयोगमा सकारात्मक सोधखोज तालिमको आयोजना पहिलो चरणको तालिममिति २०७२ साल जेष्ठ २५ गते शुरु भई २७ गते सम्पन्न भएको थियो । माननीय सभासद संविधानसभा श्री तुलाराज विष्टज्यूको प्रमुख आतिथ्यतामा शुरुभएको तालिमको अध्यक्षता स्थानीय विकास अधिकारी श्री टीकाराम ज्ञवालीज्यूले गर्नु भएको थियो । तालिममा माननीय सभासद संविधानसभा श्री महेन्द्रबहादुर शाही, प्रमुख जिल्ला अधिकारी श्री प्रदिप श्रेष्ठ, प्रनाउ श्री लक्ष्मण गुरुङ्ग, सेनानी श्री दिपक भण्डारी, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, कालिकोट जिल्ला स्थित सरकारी तथा गैर सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु, पाच जना गा.वि.स.सचिवहरु, पत्रकार एवँ संचारकर्मिहरु, RAP -3का कर्मचारीहरु र जिविसका शाखा तथा फाँट प्रमुखहरुको उपस्थितिमा ह्वाईट गेष्टहाउस कालिकोटमा सम्पन्न भएको थियो । जुन तालिमका प्रशिक्षकहरु डा.चिन्तामणी योगी र डा.चण्डीप्रसाद चापागाईं हुनुहुन्थ्यौं । दोश्रो चरणको तालिम सोही ह्वाईट गेष्टहाउसमा मिति २०७२ असार २० देखि २२ गते सम्म पश्चिम उच्च पहाडि गरीवी निवारण आयोजनाको आर्थिक सहयोगमा जिविसका बाँकी सम्पूर्ण कर्मचारीहरु, पश्चिम उच्च पहाडि गरिबी निवावरणका सामाजिक परिचालकहरुले लिनु भएको थियो । उक्त तालिमका प्रशिक्षकद्वय स्थानीय विकास अधिकारी श्री टीकाराम ज्ञवाली र योजना अनुगमन तथा प्रशासकिय अधिकृत श्री भोलाप्रसाद चापागाँई हुनुहुन्थ्यो ।

उदासीनता, नैराश्यता तथा बैमनस्यता जस्ता विकृतिहरुले आजको मानव जीवनलाई अस्तब्यस्त बनाउन थालेको छ । बैज्ञानिक तथा प्राविधिक क्षेत्रको विकासले मानव जीवनलाई सहज तथा सरल त बनाएकै छ साथ साथै यसले विभिन्न प्रकारका समस्याहरु पनि थपेको छ । आध्यात्मीक चिन्तनको माध्यमबाट मानव जीवनलाई सकारात्मक कार्यतर्फ अग्रसर गराउँदै विकास निर्माणका कार्यहरुमा पनि नेतृत्वदायी भूमिका निर्वाहगर्ने जनशक्तिको विकास गर्नको लागि यो तालिम सहयोगी हुनेछ भन्ने विश्वास लिईएको छ ।

**तालिमको उद्देश्यः** तालिम पश्चात सहभागिहरुमा तपसिल बमोजिमका ज्ञान, सिप तथा धारणाको विकास गर्ने उद्देश्य राखिएको छ ।

१) सहभागिहरुमा सकारात्मक सोंच, प्रबृत्ती र ब्यवहारको विकास गर्ने ।
२) सकारात्मक नेतृत्व, संस्था विकास तथा योजना निर्माणका लागि सकारात्मक सोधखोज (Appreciative Inquiry)विधिको क्षेत्र तथा संभाब्यताहरुबारे ज्ञान हासिल गर्न सहयोग गर्ने ।
३) संगठनात्मक उत्पादकत्वलाई बढावा दिन। ब्यक्तिगत र संगठनात्मक क्रियाकलापलाई अझ मजवुत बनाई दुबै तहमा नेतृत्व र सफल व्यवस्थापनको ज्ञान अभिबृध्दि गर्ने ।
४) सकारात्मक सोधखोज, अध्यात्म विवेक तथा उच्च विचारशिलता जस्ता विकास सम्वन्धी विषयमा सहभागिहरुलाई स्पष्ट पार्ने ।
५) सम्वन्धीत संस्थाहरुमा तथा ब्यक्तिहरुको प्रतिवद्धता सहितको प्रारम्भिक कार्ययोजना निर्माण गर्ने कार्यमा सहयोग पुर्‍याउने ।

**अन्तर जिल्ला अवलोकन भ्रमण :**

विभिन्न स्थानको भ्रमणबाट अन्य जिल्लाको के कसरी काम गरेका छन्, कामको बारेमा नयाँ सिकाई सिक्ने एक आपसमा अनुभव आदान प्रदान गर्ने गरेमा भविष्यमा प्रभावकारी तरिकाले काम गर्न सकिन्छ भन्ने मान्यतालाई आत्मसात गरी अवलोकन भ्रमण कार्यक्रमको आयोजना गरिएको थियो । यसमा जिल्ला स्थित क्रियाशील प्रमुख राजनीतिक दलका प्रमुख,जि.वि.स.का कर्मचारी र सडक निर्माण समिति (BG-group) का पदाधिकारीहरु सहभागी गराइएको थियो । भ्रमणको लागि स्थानीय पूर्वाधार तथा कृषि सडक विभाग, (डोलिडार) अन्तर्गतको विकेन्द्रित ग्रामीण पूर्वाधार तथा जिविकोपार्जन सुधार कार्यक्रम (DRILP-AF) बाट आर्थिक सहयोग प्राप्त भएको थियो । मिति २०७१।११।२३ देखि २०७१।१२।०३ सम्म भएको उक्त अवलोकन भ्रमणमा २५ जना सहभागी थिए ।

**अवलोकन भ्रमण गरिएका महत्वपूर्ण स्थानहरु**

१. रुपन्देही जिल्ला स्थित गौतम बुद्धको जन्मस्थल लुम्बिनी ।
२. पाल्पा जिल्लाको तानसेन दरबार, श्रीनगर पर्यटकीय स्थल र जि.वि.स. पाल्पा तानसेन नगरपालिकासँग अन्तरक्रिया ।
३. स्याङ्जा जिल्लाको वालिङ्ग, पुतलीबजार र जि.वि.स स्याङ्जामा अन्तरक्रिया ।
४. कास्की जिल्लाको पोखरा,फेवाताल, लेकसाइड,वेगनासताल र जि.वि.स. कास्कीमा अन्तरक्रिया एवं संविधान निर्माण सम्बन्धी कार्यशाला गोष्ठीमा सहभागी ।
५. चितवन जिल्लाको सौराहा, चितवन राष्ट्रिय निकुञ्ज र आसपासका स्थलहरु ।
६. तनहूँ जिल्लाको मर्स्याङदी जलविद्युत आयोजना ।
७. इलाम जिल्लाको कन्याम, फिक्कल,पशुपतिनगर र जि.वि.स. इलामसँग छलफल एवं अन्तरक्रिया ।
८. झापा जिल्लाको काकँडभिट्टा र बाँकेको नेपालगंज ।

**अवलोकन भ्रमणका सिकाईहरु**

१. राजनैतिक दल, नागरिक समाज र जि.वि.स.कर्मचारीहरु एउटै भ्रमण टोलीमा समावेश भएकोले आपसी सद्भाव, समझदारी र मित्रताको विकासमा सहयोग पुगेको ।
२. पाल्पा जिल्लामा District Transport Master Plan (DTMP) र Periodic District Development Plan (PDDP)
३. जि.वि.स स्याङ्जाबाट जिल्लाको बजेट इलाका स्तरमा सिलिङ् दिएर इलाकाबाट उक्त सिलिङ्गको आधारमा योजना तर्जुमा गर्ने गरेको र इलाकास्तरबाट आएका योजनाहरुमा जिल्लामा एकीकृत योजना तर्जुमा समितिमा व्यापक छलफल गरी जिल्ला परिषद् उद्घाटन पश्चात जिल्लाको योजना सार्वजनिकीकरण गरी एकै दिनमा जिल्ला परिषद् सम्पन्न गर्ने गरेको पाइयो ।
४. विषयगत समितिका बैठकहरुमा संयोजकको रुपमा रहेका कार्यालयहरुबाटै अध्यक्षता गरी विषयगत योजनामा छलफल गरी एकीकृत योजना तर्जुमामा पेश गर्ने गरेको पाइयो । विषयगत समितिको संयोजक को हुने भन्ने विषयमा निर्वाचित जनप्रतिनिधि नआउँदासम्म यो प्रक्रिया उपयुक्त र व्यवहारिक रहेको पाइयो ।
५. एक लाख सम्मका योजना गा.वि.स.बाटै संचालन गर्ने जि.वि.स. ले सो भन्दा माथिका योजना हेर्ने गरेको पाइयो ।
६. उपभोक्ताबाट संचालन गर्ने योजनाहरुमा व्यापक जनसहभागिता जुटाई प्रतिस्पर्धात्मक रुपमा काम गर्ने गरेको र इलाम जिल्लामा व्यवसायिक कृषि प्रणाली र पर्यटन क्षेत्रको विकासमा निकै नै फड्को मारेको पाइयो । यसबाट स्थानीयस्तरमा इमान्दारीता र आपसी सद्भावको विकास भएमा समाज रुपान्तरमा सफल हुन सकिदो रहेछ भन्ने महसुस गरियो ।

## ग्रामीण पहुँच कार्यक्रम तेश्रोको सान्निघाट-सिपखाना जिल्ला सडक आयोजनाको आ.ब. २०७१।७२स्थलगत अनुगमन प्रतिवेदन

**उदेश्य:**जिल्ला विकास समिति, गामीण पहुँच कार्यक्रम मान्म कालिकोट द्धारा निर्माणाधीन सान्निघाट-सिपखाना जिल्ला सडक आयोजनाको हाल सम्म भएको कामको स्थलगत अनुगमन गरि प्रगती समिक्षा गर्ने र काममा देखा परेका समस्याहरुलाई समाधान गर्ने उदेश्यले मिति २०७२ साल अषाढ २ देखि ४ गते सम्म यस कालिकोट जिल्लाका माननीय सभासद श्री तुलाराज विष्टको संयोजकत्वमा उक्त आयोजनाको स्थलगत अनुगमन सम्पन्न गरिएको थियो ।

**सहभागीहरु:**

१. माननीय सभासद श्री तुलाराज विष्ट
२. माननीय सभासद श्री महेन्द्र वहादुर शाही
३. स्थानीय विकास अधिकारी श्री टिकाराम ज्ञवाली
४. प्रमुख जिल्ला अधिकारी श्री प्रदिप श्रेष्ठ
५. प्रमख जिल्ला कृषि विकास कार्यालय श्री वासुदेव पोखेल
६. जिल्ला मुल अनुगमन समिति सदश्यहरु ३ जना
७. प्रमुख राजनैतिक दलका प्रमुख/प्रतिनिधिहरु ८ जना
८. स्थानीय पत्रकारहरु ४ जना
९. स्थानीय वुद्धिजिवि श्री धनन्जय सन्ज्याल

**कृयाकलापहरु :** पहिलो दिन अनुगमन टोली मान्म, कालिकोट वाट प्रस्थान भई सान्निघाट-सिपखाना जिल्ला सडकको चेनेज २+३०० देखि चेनेज १२+५०० सम्म स्थलगत अनुगमन गर्दै आरसिपि वजारमा वास वसेको थियो । स्थलगत अनुगमनको सिलसिलामा सडक निर्माण कार्यमा आवद्ध सडक निर्माण समुह (सनिस) सदश्यहरु सँग ग्रापकाको ज्याला भुक्तानी पकृया, कामको गणस्तर आदीको वारेमा अन्तरकृया र छलफल गरिएको थियो । साथै अनुगमन टोलिलाई ग्रापकाको तर्फवाट उक्त सडक आयोजनामा हुने वायो ईन्जिनियरिङ्ग कार्य, स्ट्रक्चरमा प्रयोग हुने नाली तथा जियो टेक्स्टाईल, सडकको मापन आदीको विषयमा समेत जानकारी गराईएको थियो ।

अनुगमनको दोश्रो दिन आरसिपि वजारमा स्थानीय सरोकारवाला, स्थानीय राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, आम उपभोक्ता लगायत सवै सरोकारवाला हरुको उपस्थितिमा अन्तरकृया कार्यक्रम संचालन गएिको थियो । त्यस पश्चात आरसिपि वजारवाट सिपखाना सम्मको जिल्ला सडकको अनुगमन गरि जिल्ला सडक आसपासमा भए गरेका गामीण पहुँच कार्यक्रम अन्तरगतको सामाजिक तथा आर्थिक विकास कृयाकलापहरुको समेत अनुगमन गरिएको थियो । सोही दिन उक्त सडक खण्डको अन्तिम स्थान (सिपखानाको सेराचौर) मा उक्त क्षेत्रका संवन्धित स्थानीय सडक समन्वय समिति, स्थानीय सडक उपभोक्ता समिति, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, स्थानीय वुद्धिजिवि तथा नागरिक समाजका अगुवा सहितको वृहत भेलामा अन्तरकृया कार्यक्रम गरिएका थियो ।

**स्थलगत अनुगमनमा देखिएका समस्याहरु र गुनासाहरु :** अनुगमनको क्रममा केहि व्यक्तिहरुवाट जग्गाधनीहरुले आफ्नो जग्गामा आफैलेमात्र काम पाउनु पर्ने, केहि ठाँऊहरुमा १ जनाको मात्र धेरै जग्गा पर्ने भएकोले सडक रेखाङ्कन (Roadalignment) परिवर्तन गर्नुपर्ने, ग्याविनको नम्स संझौतामा भन्दा फरक भुक्तानी भएको, सामान ढुवानी गर्दा प्रति केजि ७० रुँपयाको दरले भुक्तानी गर्नुपर्ने मा २५.३४ मात्र भुक्तानी पाएको भनि गुनासो गरेको थियो । सो विषयमा गापकाको तफवाट स्पष्ट पार्ने काम भएको थियो ।

अनुगमनको क्रममा स्थानीय सडक निर्माण समुह सदश्यहरु तथा स्थानीय समन्वय समितिका सदश्यहरुले गामीण पहुँच कार्यक्रमको काम गर्ने तरिका र सनिसहरुले प्राप्त गर्ने ज्याला र सनिसहरुलाई ज्याला भुक्तानी गर्ने पकृयाको वारेमा प्रशंसा

गरेको पाईयो । साथै सडक निर्माण समुहका सदश्यहरुले अनुगमन टोली सँग गापका ले महिला पुरुष समान ज्याला भुक्तानी गरि महिलाहरुको जिविकोपार्जनमा सहयोग पु¥याएको, पैसाको अभावमा भारतको विभिन्न स्थानमा कामको खोजीमा घर छोडेर जानु पर्ने अवस्था नरहेको र स्थानीय स्तरमा नै रोजगारि श्रृजना भएको प्रति खुशी व्यक्त गरेका थिए भने स्थानीय राजनैतिक दलहरुले गापकाको काम को प्रसंसा गर्दै जिल्ला स्थीत पमुख राजनैतिक दलका पमुख एवं माननीय सभासद मार्फत ग्रापकाको को कामलाई निरन्तरता गर्न र कार्य क्षेत्र विस्तार गर्न समेत पहल गर्न गरिदन अुनरोध गरेका थिए ।

अनुगमन टोली वाट समेत गापका को कामको प्रसंसा गर्दै कामको सिलसिलामा जग्गा, घर जस्ता विवादित  विषयलाई समाधान गर्न तर्फ संवन्धित सवैलाई पहल गर्न समेत आगह भएको थियो भने स्थानीय राजनैतिक दलहरुवाट पनि समस्या समाधान गर्न पहल गर्ने प्रतिवद्धता व्यक्त भएको थियो ।

# जिविसको कार्यालयवाट आ.ब. २०७१/७२ मा संचालित योजनाहरुको जिल्ला स्तरीय अनुगमन समितिको स्थलगत प्रतिवेदन

| कार्यक्रम/क्रियाकलाप नाम | गाविस | कार्यक्रम संचालित स्थान | संचालित मुख्य क्रियाकलापहरु | लाभान्वित घरधुरी संख्या | जम्मा लागत | मुख्य उपलब्धीहरु | सुझावहरु |
|---|---|---|---|---|---|---|---|
| जनजागृति भवन निर्माण | कालिका | जनजागृति प्राथमकि विद्यालय सेरा कालिकोट | दुईकोठे भवन निर्माण | २३ | ४००००० | दुईका कोठा कच्ची र टिनको छानो | समयमै सम्झौता नभएको |
| भलेटागाड लघुजलविद्युत अयोजना | कालिका | कालिका गाविस | कुलो निर्माण | ९२० | १५००००० | कुलो निर्माण पूर्ण | बिच बिचमा पोलको आवश्यक |
| पहिरो नियन्त्रण | कालिका | कालिका गाविस | ग्याविन जाली | २५ | ३००००० | ४० ग्याविनमा २४ मात्र राखिएको र बाँकी बुनेर थन्काइएको | बाटोको लागि मात्र प्रयोग नगरी दिनु हुन सही प्रयाग हुनुपर्ने |
| महादेव निमावि चिल्खाया | चिल्खाया | रुडु | फिल्ड निर्माण | २०० | २८०००० | विद्यार्थीलाई सजिलो भएको | अझै फराकिलो |
| ठिन्के देखि पादमघाट ग्रामिण सडक | चिल्खाया | ठिन्के देखि ढिम्नीया | रोड निर्माण | १०००० | ३४१९००० | काम भइरहेको | |
| बन्चु सिंचाई योजना | चिल्खाया | रुडु | नहर निर्माण १५०० मि | २००० | ७००००० | काम भइरहेको | |
| भर्तागाड लघु जलविद्युत आयोजना | भर्ता | खहरेखोला | मर्मत र जडान भइरहेको | १००० | १००००० | विद्युत बलेको कुला मर्मत भईरहेको | |
| महावै निमावी गुनागाउँ | गेला | गुनागाउँ | दुईकोठे भवन निर्माण | १५० | ३५६८९३।५० | दुईकोठे भवन निर्माण | पूर्णरुपमा सम्पन्न भएको |
| हाउडी जलविद्युत आयोजना सुकाटिया | सुकाटिया | हाउडी | काम भइरहेको | ९५० | ९५०००० | नहर तथा सामान ढुवानी भइरहेको | निर्माणाधिन |
| दैलेख बजंगेनेटा वेहुली दहचौर सुकाटिया सडक | | | काम भइरहेको | | १०००००० | काम संचालन भईरहेको | निर्माणाधिन |
| महाबु पादमघाट सडक निर्माण | ओदानकु | गाविस भवन देखि सिम्खेत सम्म | सडक निर्माण र बाल निर्माण | ९०० | ३१३७००० | भाविस भवनसम्म जान सहज | हार्ड कटिङ्गको लागि मेसिन आवश्यक |
| दैलेख महाबु डिल्लीकोट पात्मघाट ठिन्के गाल्जे जुविथा सडक | ओदानकु | कपुरखोला | सडक निर्माण र वाल निर्माण | ९०० | १५००००० | काम सम्पन्न भईसकेको | सम्झौता ढिला भएको समयमै हुनुपर्ने |
| प्याकेज नं. १ चेनज चेनेज ०+००० देखि २+००० कि.मि. | भर्ता | हुल्म सेरी साँख छेलाहान्ना सडक | सडक निर्माण भईरहेको | ७९० | २०७५७९९४।६ | काम संचालन भईरहेको | |
| सिंचाई कुलो नहर निर्माण तथा मर्मत | कालिका | कालिका गाविस | नहर प्लाष्टर तथा खन्ने काम भइरहेको | १३०० | ६१००५१।३० | काम संचालन भइरहेको नहर पूर्णरुपमा नसकिएको | बिच बाटोमा चुहिएको पानी राम्रो सँग ल्याउनु पर्ने |
| हेल्थपोष्ट र शौचालय निर्माण कालिका ४ | कालिका | कालिका ४ | शौचालय र घेरबार | कालिका गाविस पुरै | २५०००० | चर्पी अधुरो सेफ्टी ट्यांकी मा काठ प्रयोग घेरबार अधुरो | घरबार पुरै गरिनु पर्ने |
| सुकाठिया खानेपानी | सुकाटिया | ८ र ९ | ३१ धारा मध्ये १८ धारा | ४०० | १८०००० | पानी पिउन सजिलो | समयमै सम्झौता |

| कार्यक्रम/क्रियाकलाप नाम | गाविस | कार्यक्रम संचालित स्थान | संचालित मुख्य क्रियाकलापहरु | लाभान्वित घरधुरी संख्या | जम्मा लागत | मुख्य उपलब्धीहरु | सुझावहरु |
|---|---|---|---|---|---|---|---|
| | | | निर्माण भएको अरु काम संचालन नभएको | | | | नभएको |

श्री स्थानीय विकास अधिकारी ज्यू,
जिल्ला विकास समितिको कार्यालय, कालिकोट ।

मिति २०७२।३।२७

विषय : प्रतिवेदन ।

कालिकोट जिल्लाको आ.व २०७१।०७२ को विकास अनुदान तर्फको कार्यक्रमको अनगमन राजनितिक दलहरुबाट गर्ने निर्माण बमोजिम जिल्लालाई ४ भागमा विभाजन गरी एकिकृत नेकपा माओवादीको नेतृत्वमा राजमो, तराई मधेस सद्भावनापार्टी, राष्ट्रिय जनमुक्ति पार्टी, हाम्रो कर्णाली खबर दैनिक र जिल्ला विकास समितिको प्राविधिक लगायत ६ जनाको टोली फिल्ड अनुगमन गर्न २०७२।३।२२ देखि २६ गतेसम्म कालिकोट जिल्लाको दक्षिण र पुर्वतिर पर्ने भर्ता, सुकाटिया, कालिका, गेला, ओदानकु र चिल्खाया ६ वटा गाविको प्रत्यक्ष फिल्ड अनुगमन गर्दा संचालित भएका योजना खोनपानी पोखरी ग्रामीण सडक विद्यालय छात्रबास विद्युत सिंचाई लगायतका ३५ वटा योजना रहेका छन् । उक्त गाविसहरुमा अनुगमन गर्दा संचालन गरिउका कतिपय योजनाहरु जिल्ला विकास समितिको इष्टिमेट र लाभ नपुग्ने खालका छन् । जिविसबाट खटिएका प्राविधिकहरुको टोलीले मात्र अनुगमन गरेर उपभोक्ताको खातामा रकम निकासा दिएका छन् । गाउँमा ति योजनाहरुको विरोध भइरहेको र योजनाका समितिहरु मान्ममै बस्ने भएका कारण कागजातहरु मिलाई पेश गर्ने गरिएको पनि भेटिएका छन् । जिल्ला जिविसबाट ड्रिल्प मार्फत विनियोजित रकम प्याकेज नं. १ चेनेज ०+००० देखि २+००० कि.मि., प्याकेज नं. २ चेनेज २+००० देखि ५+६०० मि. र VWRCC को चेनेज ५+६०० देखि १०+१५० कि.मि. सम्मको मुआब्जा तथा क्षूतिपुर्तिको जम्मा जबेट १००५३१३४० रकम छुट्याइएको थियो ।अन्य योजनामा बेजट २७०११७०० विनियोजन भएको र जम्मा ती गाविसको रकम १२७५४३०४०। रहेको छ । योजनाको स्थलगत अनुगमन गर्दा धेरै योजना सम्पन्न भएका छन् भने केही योजना ८० प्रतिशत र केही ४० प्रतिशत काम भईरहेका कामहरुको भुक्तानी दिइएको भने केही काम संचालन भइरहेको छ । स्थलगत मै उपभोक्ता अभिभावक र अनुगमन टोलीबाट आएका सुझावहरु :

- योजनाको सम्झौता समयमै नभएको साथै फिल्ड अनुगमन प्राविधिक योजनामा नरहेको तथा कतिपय योजनाहरु प्राविधिकहरु आफैले मिलाएर रकम निकासा गरेको जसका कारण योजनाबाट प्रभावित घरधुरी लाभान्वित समुदायहरु असन्तुष्ट रहेको ।
- योजनाको लागत इस्टीमेट डिजाइन उपभोक्ता समितिहरुलाई प्रष्ट रुपमा नदेखाई काम संचालन भएको र राजनीतिक दलहरुको अनुगमन औपचारीकतामा रुपमा मात्र निभाईएको र यसलाई कार्यान्वयनको अन्तिम निश्कर्षमा लिनु पर्ने र काम सम्पन्न भए पछि कामको स्पष्ट विवरण भिडियो र फोटो ल्याई जिविसमा छलफल गराई योजना पास भएछि मात्र भुक्तानी दिनु पर्ने ।
- योजना सम्पन्न भए नभएका के कति कारणले रोखिएका छन् ति योजनाहरुको पूर्ण अनुगमन गरिनु पर्ने र फिल्ड अनुगमन गर्दा एउटा गाविसबाट अर्को गाविस जान समय अपुग भएको साथै गाउँमा कतिपय काम अधुरो अवस्थामा छोडेर कतिपय उपभोक्ता समितिहरु रकम फ्रिज हुन सक्ने भन्दै सदरमुकाममा केन्द्रित भएको ।

**अनुगमन गर्ने व्यक्तिहरु**

| | | |
|---|---|---|
| १. सर्पराज सिंह एनेकपा माओवादी | २.कमल विक्रम शाही राजमो | ३.कलम बहादुर शाही हाम्रोकर्णाली खबर दैनिक |
| ४. नरेन्द्र शाहीतमसपा | ४.लक्ष्मी मल्ल राजपा | ६ .विरमंजन शाही जिविस प्राविधिक |

## जिविसको कार्यालयवाट आ.ब. २०७१।७२ मा संचालित योजनाहरुको जिल्ला स्तरीय अनुगमन समितिको स्थलगत प्रतिवेदन

| कार्यक्रम/क्रियाकलापको नाम | गाविस | कार्यक्रम संचालित स्थान | संचालित मुख्य क्रियाकलापहरु | लाभान्वित घरधुरी संख्या | जम्मा लागत | मुख्य उपलब्धीहरु | सुझावहरु |
|---|---|---|---|---|---|---|---|
| लाफागाड पुल निर्माण | राम्नाकोट | बडिमेला | पुल निर्माण गर्ने र आवतजावत सुविधा | ३००० घरधुरी | २०००००० | सेवा प्राप्तीका लागि | राम्रो र गुणस्तर बनाउनु होला |
| लाफागाड जलविद्युत ८५ कि.वा. | राम्नाकोट ६ | आरुवगर | विद्युत निर्माण अधिनमा रही काम सूचारु नरहेको | १००० घरधुरी | ५०००००० | सेवा प्राप्तीका लागि | छिटो छरितो भरपर्दो गुणस्तर बनाउनु भयो भने तपाईलाई नै राम्रो हुन्छ |
| औलाखोला जलविद्युत | खिन ५, ६ र ९ | औलाखोला विद्युत नहर निर्माण | जलविद्युत निर्माण गरी स्थानीय स्तरसम्म लाभान्वित बनाउने | ९९२ घरधुरी | २४०००००० | सेवा प्राप्तीका लागि | छिटो निर्माण गरी जनतालाई सेवा दिनु होला |
| चुलिमालिका राम्नाकोट ६ लाफामा एक कोठे भवन निर्माण | राम्नाकोट | लाफागाउँमा | एक कोठे भवन निर्माण गरी बालबालिकालाई सेवा प्रदान गर्ने | ३५ घरधुरी | २८०००० | सेवा प्राप्तीका लागि | छिटो बनाउने र शिक्षा प्रदान गर्नु होला |
| धुलछहरा खाई सिंचाई आयोजना | राम्नाकोट | खादुदु | ५० मि. RCC गविन ४२ थान लागाई जनस्तरमा लाभान्वित पुर्‍याउने | २२५ घरधुरी | ४००००० | कुलो निर्माण गरी खेती प्राप्तीका लागि | राम्रो र भरपर्दो गरी बनाउनु होला |
| घट्टेगाड तितेखोली सिंचाई | खिन १ | सुवासा | ९० मि. RCC कुलो निर्माण | १२० घरधुरी | ४००००० | कुलो निर्माण गरी खेती वा समुदायलाई | मज्बुत र बलियो बनाउनु होला |
| पारौटी खानेपानी आयोजना | थिर्पु २ | पारौटी | ४४४० मि. पाइप खरिद तथा ढुवानी | २१० घरधुरी | ३००००० | खानेपानीलाई मर्मत गरी सुधार गरिने | राम्रो बनाउनु होला |
| फुकोट रिङ्गरोड सडक क्रमागत | फुकोट | वामनथान | ४ कि.मि. | ३२० घरधुरी | ४१२७०० | नयाँ रोड खन्ने र बनाउने | राम्रो गर्नु होला |
| राम्नाकोटको जारकोटमा ५.५ कि.मि. जिल्ला सडक आयोजना | राम्नाकोट | जारकोट | ५०५ कि.मि. सडक RAP-3ले संचालन | १७५० घरधुरी | १७८१२५०० | सडक निर्माण गरी स्थानीय स्तरसम्म पुर्‍याउने | राम्रो गर्न होला र तपाईकै लागि हो |
| लाफागाड लघु जलविद्युत आयोजना | राम्नाकोट | मल्स्या पानी | विद्युत निर्माण गरी जन्तालाई सेवा सुविधा पुर्‍याउने | १२५ घरधुरी | १२४३००० | सेवा प्राप्तीका लागि | राम्रो गर्नु होला |
| बाँजकोट खादुदु ग्रामीण सडक निर्माण | राम्नाकोट | बाँजकोट | सडक निर्माण गरी गुणस्तरयुक्त जनतालाई सेवा | ६२५ घरधुरी | २३१०००० | सेवा प्राप्तीका लागि | राम्रो भरपर्दो गर्नु होला |
| खौला माछापानी पाथीहाल्ना ग्रामीण सडक | थिर्पु | पाथीहाल्ना | सडक निर्माण गरी जनतलाई सेवा दिने | ३२३ घरधुरी | २४०९००० | सेवा प्राप्तीका लागि | राम्रो गर्नु होला |
| बुडु छलाहा खिन हुँदै | खिन | जाँफे | सडक निर्माण | १७१० | २५५८००० | सेवा प्राप्तीका | राम्रो गर्नु होला |

| कार्यक्रम/क्रियाकलापको नाम | गाविस | कार्यक्रम संचालित स्थान | संचालित मुख्य क्रियाकलापहरु | लाभान्वित घरधुरी संख्या | जम्मा लागत | मुख्य उपलब्धीहरु | सुझावहरु |
|---|---|---|---|---|---|---|---|
| जाँफे ग्रामीण सडक | | | गरी जनतालाई सेवा दिने | घरधुरी | | लागि | |
| मोहर पुलाहा धौलागोह ग्रामीण सडक | धौलागोह | पुलाँहा | सडक निर्माण गरी जनतालाई सेवा पुर्‍याउने | ११२५ घरधुरी | ३५६३००० | सेवा प्राप्तीका लागि | राम्रो गर्नु होला |

**अनुगमन गर्ने व्यक्तिहरु**

१. विपिन बोगटी
२. कल ब. रोकाया
३. रविन्द्र ब. शाही
४. घमान शाही
५. विष्णु न्यौपाने
६. पदम ब. शाही

# जिविसको कार्यालयवाट आ.ब. २०७१/७२ मा संचालित योजनाहरुको जिल्ला स्तरीय अनुगमन समितिको स्थलगत प्रतिवेदन

| कार्यक्रम/क्रियाकलाप को नाम | गाविस | कार्यक्रम संचालित स्थान | संचालित मुख्य क्रियाकलापहरु | लाभान्वित घरधुरी संख्या | जम्मा लागत | मुख्य उपलब्धीहरु | सुझावहरु |
|---|---|---|---|---|---|---|---|
| रकु स्वास्थ्य चौकी | रकु | स्वास्थ्य चौकी घेरबार | स्वास्थ्य चौकी सुरक्षित गर्नका लागि घेरवार | | २५०००० | स्वास्थ्य चौकी पर्खाल घेरवार ८० % भत्केको देखिन्छ | सम्बन्धीत निकायबाट अर्को वर्ष कार्यक्रममा समावेश गर्नुपर्ने |
| शंकर मावि सेरीज्यूला ५ कोठे भवन निर्माण | रकु | रकु ४ | ५ कोठे भवन निर्माण गरी पठनपाठन गर्नुपर्ने | | ३१०००० | २०७१।९।२१ मा ५०% काम नभएको | कार्यक्रम स्थलमा प्राविधिक पठाउनु पर्ने |
| कर्णाली रोजगार कार्यक्रम | रकु | १२३४५ रकम बाड सडक निर्माण | १ घर १ रोजगारबाट सडक निर्माण भएको | | | सेरीज्यूलादेखि सुनथराली एयरपोर्ट जान सजिलो | ६ ७ ८ ९ मा अर्को वर्ष काम गर्नुपर्ने |
| नहर कुलो रकु | रकु | रकु ६ | खेतबीमा पानी लिन सहज | १५० | ७५०००० | कार्य सम्पन्न | आगमी वर्ष बाँकी रहेको काम सम्बन्धित निकायबाट पहल हुनुपर्ने |
| हिमालय प्रा.वि. मुम्रा | मुम्रा | मुम्रा ३ | विद्यार्थी पठन पाठन गर्न | २ वडा | २८०००० | कार्य सम्पन्न | |
| डाफे मावि मुम्रा | मुम्रा | मुम्रा | २ कोठे भवन निर्माणमा रकम विनियोजन भएता पनि सामुदायिको सरहल्लाबाट उक्त रकम पर्खाल निर्माणमा लगाएको | | २००००० | | भवन निर्माण गर्नुपर्ने देखिन्छ। |
| सुनथराली विमान स्थल सडक निर्माण | कोटबाडा | सुनथराली | अर्को जिल्ला जोड्ने उद्देश्य | | १३७६००० | अछाम रामारोसन बडिमालिका जाने सडक निर्माण कार्य सम्पन्न | अर्को वर्ष बजेट राख्नु पर्ने |
| कुमालगाउँ कर्णाली रोजगार | कुमालगाउँ | कुमालगाउँ | एकबाट अर्को गाविस जान सहज | | | जिरो पैन्ट चट्टान भएको विच विच चट्टान बाकी | अर्को वर्ष चट्टान फोर्नु पर्ने |
| बडीमुल घेरबार रकु | रकु | रकु | बडीमुल घेरबार | | २००००० | कार्य सम्पन्न | |
| लालिघाट सुनथराली विमान स्थल सडक | कोटबाडा | लालीघाट | सडक निर्माण | ५ गाविस लाभान्वित | ९७६००० | लालिघाटबाट सुनथराली विमान स्थल जान र अन्य छिमेकी गाविस जान सजिलो | स्टेमेटमा माटो भएको तर स्थलगत जाँदा चट्टान भएकोले ब्रेकरले काम गर्न नसकेको उपभोक्ता मारमा परेको देखिन्छ। |
| तटबन्धन ततपरे २ | रकू | रकु | | | ३००००० | काम सम्पन्न | |

**अनुगमन गर्ने व्यक्तिहरु**

१. जिवन ब. शाही　　२. इन्द्रराज ढकाल　　३. परमेश्वर पाण्डे

४. भक्त ब. नेपाली　　५. कर्ण ब. शाही